"Engage Microfinance Change Lives"

पब्लिक कम्पनी दर्ता नं.: १८७५३२/०७४/०७५ नेपाल राष्ट्र बैंक इजाजत नं., ने.रो.बैंक/इ.प्रा./"घ"/८७/०७५/०७६

नेष्डो समृद्ध लघुवित्त वित्तीय संस्था लि.

NESDO SAMBRIDHA LAGHUBITTA BITTIYA SANSTHA LTD.

Born To Serve

# तेस्रो

# वार्षिक साधारण सभा

## वार्षिक प्रतिवेदन

## २०७८

"No Big & Rough-Small & Beauty Microfinance"

# नेप्डो समृद्ध लघुवित्त वित्तीय संस्था लि.

केन्द्रीय कार्यालय, कुश्मा पर्वत

## प्रतिवेदन अवधीमा वहालवाला सञ्चालक समिति



विश्व प्रकाश प्रसाई ठकुरी
कार्यकारी अध्यक्ष



सावित्री खत्री क्षेत्री लामिछाने
सञ्चालक



रत्न प्रसाद अधिकारी
सञ्चालक



रेशम बहादुर खत्री
सञ्चालक



प्रेम शर्मा पौडेल
स्वतन्त्र सञ्चालक

## तेस्रो साधारण सभाको मितिमा वहालवाला सञ्चालक समिति



सावित्री खत्री क्षेत्री लामिछाने
अध्यक्ष



विश्व प्रकाश प्रसाई ठकुरी
प्रबन्ध सञ्चालक



रत्न प्रसाद अधिकारी
सञ्चालक



रेशम बहादुर खत्री
सञ्चालक



दुर्गा बहादुर शाह
स्वतन्त्र सञ्चालक-विज्ञ

कम्पनी रजिष्ट्रार कार्यालय, दर्ता नं.:१८७५३२/०७४/७५
इजाजत नं.: ने.रा.बैंक/ई.प्रा./"घ"/०८७/०७५/७६

# नेष्डो समृद्ध लघुवित्त वित्तीय संस्था लि.
# NESDO Sambridha Laghubitta Bittiya Sanstha Ltd.

केन्द्रिय कार्यालयः
कुश्मा नगरपालिका-६,
न्यूरोड पर्वत,
फोन:६७-४२०४०६
फ्याक्सः ४६०५१५

## तेस्रो वार्षिक साधारण सभा आह्वान सम्वन्धि सुचना

**(प्रथम पटक प्रकाशित मितिः २०७९ असार १० गते शुक्रवारको दिन)**

**श्री आदरणीय शेयरधनी महानुभावहरु,**

यस वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०७९/०३/०९ गते सम्पन्न ६९औं वैठकको निर्णय अनुसार वित्तीय संस्थाको **तेश्रो वार्षिक साधारण सभा** देहाएका प्रस्तावहरुमा छलफल गरी निर्णय गर्न निम्न मिति, समय र स्थानमा आह्वान गरिएकोले कम्पनी ऐन (पहिलो संशोधन), २०६३ को दफा ६७ (२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितीका लागि अनुरोध गरिन्छ ।

**सभा हुने मिति, सयम र स्थानः**

**मितिः** २०७९ असार ३१ गते शुक्रवार (तदनुरुप १५ जुलाई, २०२२)
**समयः** दिउसो ०१:०० वजे,
**स्थानः** वित्तीय संस्थाको केन्द्रिय कार्यालय, कुश्मा पर्वत ।

**छलफलका विषयहरुः**

**क) सामान्य प्रस्तावहरुः**

१) सञ्चालक समितिको तर्फवाट अध्यक्षज्यूवाट प्रस्तुत गर्नुहुने आर्थिक वर्ष २०७७/७८ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्वन्धमा ।
२) लेखापरिक्षकको प्रतिवेदन सहितको २०७८ असार मसान्तको वासलात, नाफा नोक्सान हिसाव र सोही अवधीको नगद प्रवाह विवरण तथा सो संग सम्वन्धित अनुसुचीहरु उपर छलफल गरी पारित गर्ने सम्वन्धमा ।
३) आर्थिक वर्ष २०७८/७९ को संस्थाको लेखापरिक्षण गर्नका लागि लेखापरीक्षकको नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्वन्धमा ।
४) स्वतन्त्र सञ्चालकको नियुक्तीको अनुमोदन गर्ने सम्वन्धमा ।
५) सञ्चालक समितिमा सर्वसाधारण समूहबाट प्रतिनिधित्व गर्ने २ (दुई) जना सञ्चालकको निर्वाचन गर्ने ।

**ख) विशेष प्रस्तावः**

१) नेपाल राष्ट्र बैंकको स्वीकृती लिई डिजिटल बैकिङ्ग सम्वन्धि कार्यहरु गर्ने प्रवन्धपत्रको दफा ५ (त) थप गर्ने ।
२) अध्यक्ष तथा सञ्चालकहरुको वैठक भत्ता तथा अन्य सुविधाहरु एवम् दैनिक कार्य सञ्चालनमा कार्यकारी प्रमुखको हैसियतले प्रत्यक्ष रुपमा संलग्न सञ्चालकको मासिक पारिश्रमिक तथा अन्य सुविधा वृद्धि/थप गर्ने र सोही बमोजिम वित्तीय संस्थाको नियमावलीमा संशोधन गर्ने ।
३) वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावलीहरुमा आवश्यक संशोधन गर्नुपर्ने भएमा छलफल गरी शंसोधन गर्ने सम्वन्धमा ।
४) यस वित्तीय संस्थाले अन्य इजाजतपत्र प्राप्त कुनै एक वा एक भन्दा वढि उपयुक्त लघुवित्त वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने/गाभिने (Merger) वा प्राप्ती (Acquisition) गर्ने, समझदारी पत्र (MOU) मा हस्ताक्षर गर्ने, सम्पत्ति तथा दायित्वको मुल्यांकन प्रतिवेदन (Due Diligence Audit Report) तयार गर्न मुल्यांकनकर्ताको नियुक्ती तथा नीजको पारिश्रमिक निर्धारण गर्ने तथा गाभ्ने/गाभिने एवम् प्राप्तीसंग सम्वन्धित प्रचलित कानून तथा निर्देशनहरु अनुरुप अपानाउनुपर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक सम्पूर्ण कार्यहरु गर्न गराउनको लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्वन्धमा ।
५) वित्तीय संस्थाको प्रवन्धपत्र र नियमावलीमा गरिएको शंसोधनका सम्वन्धमा नियमनकारी निकायवाट कुनै संशोधन वा फेरवदल वा परिमार्जन वा थपघट गर्न निर्देशन वा सुझाव प्राप्त भएमा सोही वमोजिम गर्न/ गराउन तथा अभिलेखन गर्दा गराउँदा केही सामान्य हेरफेर गर्न, संशोधन सम्वन्धि कागजात प्रमाणित गर्न, दाखिला गर्न र अभिलेख गराई लिन समेत वित्तीय संस्थाको सञ्चालक समिति वा समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रदान गर्ने सम्वन्धमा ।

**ग) विविध ।**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**Email:** nesdomfi@gmail.com, bishwa.nesdo@gmail.com, **website:** www.nesdonepal.org

## साधारणसभा सम्वन्धी सामान्य जानाकारी:

१. सेयरधनी दर्ता किताव बन्द रहने: वित्तीय संस्थाको तेस्रो वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०७९/०३/२३ गते देखि मिति २०७९/०३/३१ गते सम्म सेयर दाखिल खारेजी दर्ता कार्य बन्द (बुक क्लोज) रहने स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०७९/०३/२२ गते सम्म कारोवार भई प्रचलित कानुन अनुसार तोकिएको समयावधि भित्रमा यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार ग्लोवल आईएमइ क्यापिटल लिमिटेड, नक्शाल, काठमाण्डौमा प्राप्त सेयर नामसारी लिखतको आधारमा सेयरधनी कितावमा कायम सेयरधनीहरु मात्र सो साधारण सभामा भाग लिन योग्य हुने व्योहोरा सम्वन्धित सबैमा जानाकारी गराईन्छ ।

२. सेयरधनी महानुभावहरुले साधारण सभामा भाग लिन आउँदा आफ्नो हितग्राही परिचय पत्र नं वा आफ्नो परिचय खुल्ने कुनै आधिकारीक परिचयपत्र साथमा लिइ आउनु पर्नेछ । संगठित संस्थावाट प्रतिनिधित्व गर्ने भएमा संगठित संस्थावाट प्रतिनिधि नियुक्त गरिएको आधिकारीक पत्र लिई आउनु पर्नेछ । यसरी प्रतिनिधि पठाउँदा सभा हुनु भन्दा कम्तिमा २४ घण्टा अगावै यस वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा जानाकारी गराउनु पर्नेछ ।

३. साधारण सभाको सूचना तथा वार्षिक प्रतिवेदन २०७७/०७८ सम्वन्धि विवरण संस्थाको केन्द्रिय कार्यालय कुश्मा, पर्वत तथा सेयर रजिष्ट्रार ग्लोवल आईएमइ क्यापिटल लिमिटेड, नक्शाल, काठमाण्डौवाट प्राप्त गर्न सकिनेछ । कुनै कारण वस उक्त प्रतिवेदन प्राप्त नगर्नु हुने सेयरधनी महानुभावहरुले सभा हुने दिन सभा स्थलवाट नै प्राप्त गर्न सक्नु हुनेछ ।

४. साधारण सभामा भाग लिने इच्छुक सेयरधनी महानुभावहरुले सभा हुने स्थानमा उपस्थित भई सभामा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ । हाजिर पुस्तिका सभा हुने दिन बिहान ११:०० बजेदेखि सभा चालु रहेसम्म खुल्ला रहनेछ ।

५ साधारण सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहेमा सेयरधनीहरुले तोकिएको ढाँचमा यस वित्तीय संस्थाको सेयरधनीलाई मात्र प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सक्नेछन् । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको निवेदन सभा शुरु हुनु भन्दा ४८ घण्टा अगावै वित्तीय संस्थाको केन्द्रिय कार्यालय कुश्मा ६, पर्वतमा दर्ता गराई सक्नु पर्नेछ । सभामा भाग लिन र मतदान गर्नको लागि प्रतिनिधि नियुक्त गरी सके पछि उक्त प्रतिनिधि बदर गरी अर्को मुकरर गर्ने भएमा सो को लिखित सूचना सोही अवधिभित्र वित्तीय संस्थाको केन्द्रिय कार्यालयमा दर्ता गराउनु पर्नेछ ।

६. प्रोक्सी नियुक्त गरिसक्नु भएको सेयरधनी आफै साधारण सभामा उपस्थित भई हाजिर पुस्तिकामा दस्तखत गर्नु भएमा प्रोक्सी दिईसकेको भए पनि त्यस्तो प्रोक्सी बदर हुनेछ ।

७. नाबालक सेयरधनीहरुको तर्फवाट संरक्षक (सेयरधनीको दर्ता कितावमा उल्लेखित) ले सभामा भाग लिन, प्रतिनिधि तोक्न तथा मत दिन समेत सक्नेछ ।

८. छलफलको विषय सूची मध्ये विविध शिर्षक अन्तर्गत छलफल गर्न इच्छुक सेयरधनीहरुले सभा हुनु भन्दा सात दिन अगाबै छलफलको विषय कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनु पर्नेछ ।

९. सञ्चालक निर्वाचन सम्बन्धी सूचना निर्वाचन अधिकृतवाट साधारण सभा हुने दिन भन्दा ७ दिन अगाडी वित्तीय संस्थाको सूचना पाटीमा प्रकाशित हुनेछ । निर्वाचन सम्वन्धि प्रकृया तथा कार्यक्रम वित्तीय संस्थाको "सञ्चालक निर्वाचन निर्देशिका, २०७९" बमोजिम हुनेछ ।

१०. सर्वसाधारण सेयरधनीको प्रतिनिधित्व गर्ने सञ्चालक पदको निर्वाचनमा उम्मेद्वार हुन चाहने, मतदाता नामावलीमा नाम दर्ता भएको सेयरधनीले वित्तीय संस्थाको नियमावलीमा भएको व्यवस्था वमोजिम कम्तीमा १०० (एक सय) कित्ता साधारण सेयर आफ्नो नाममा लिएको हुनु पर्नेछ । प्रचलित नेपाल कानुन, कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३, नेपाल राष्ट्र बैंकद्धारा समय समयमा जारी गरिएको निर्देशनहरु तथा वित्तीय संस्थाको निर्वाचन निर्देशिका बमोजिम अयोग्यता नठहरिएको सेयरधनी उक्त सञ्चालकको उम्मेद्वार हुन योग्य हुनेछन् ।

११. "सञ्चालक निर्वाचन निर्देशिका, २०७९" प्राप्त गर्न चाहेमा यस वित्तीय संस्थाको नाममा रहेको मेगा बैंक नेपाल लिमिटेड, कुश्मा शाखा स्थित खाता नं. १२४००१००३८९० मा रु. ३००/- (अक्षरेपी तीन सय रुपैयाँ मात्र) जम्मा गरी सो को भौचर वा क्रेडिट एडभाईस यस वित्तीय संस्थाको इमेल nesdosmfi@gmail.com मा पठाउनु भएमा इमेल मार्फत सो निर्देशिका उपलब्ध गराईनेछ ।

१२. साधारण सभा सम्वन्धी काम कार्यवाही कम्पनी ऐन-२०६३, संस्थाको नियमावली-२०७५ तथा प्रचलित कानुन वमोजिम हुनेछ ।

१३. थप जानाकारीको लागि वित्तीय संस्थाको केन्द्रीय कार्यालयको फोन नं. ०६७-४२०४०६ वा कम्पनी सचिवको मोवाईल नं. ९८४६०४८१८० वा वित्तीय संस्थाको बेवसाईट www.nesdonepal.org वाट लिन सकिनेछ ।

# प्रतिनिधि नियुक्त गर्ने निवेदन (प्रोक्सी) फारम

(कम्पनी ऐन, २०६३ को दफा ७१ को उपदफा (३) सँग सम्बन्धित)

श्री सञ्चालक समिती,
नेष्डो समृद्ध लघुवित्त वित्तीय संस्था लिमिटेड,
कुश्मा नगरपालिका, वडा नं.-६, पर्वत ।

विषयः प्रतिनिधि नियुक्त गरेको बारे ।

महोदय,

............................ प्रदेश, ............... जिल्ला, ......................... न.पा./गा.पा.वडा नं. ....... बस्ने म/हामी श्री........................................ ले त्यस कम्पनीको शेयरधनीको हैसियतले संवत् २०७९ साल असार महिना ३१ गते शुक्रबारका दिन हुने साधारण सभामा स्वयम् उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त समय मेरो/हाम्रो तर्फबाट भाग लिन तथा मतदान गर्नका लागि ................. प्रदेश, ............................ जिल्ला ........................ न.पा./गा.पा., वडा नं. ..... बस्ने त्यस कम्पनीको शेयरधनी श्री ........................................... लाई प्रतिनिधि मनोनित गरी पठाएको छु/छौं।

**निवेदकः**

दस्तखतः.................................................
नामः ......................................................
ठेगानाः ...................................................
हितग्राही खाता नंः.

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | | |

शेयर कित्ता संख्याः.....................................
मितिः........................................................
संस्थाको छाप (शेयरधनी संस्था भएमा):

**प्रोक्सी पाउनेकोः**

दस्तखतः.................................................
नामः ......................................................
ठेगानाः ...................................................
हितग्राही खाता नं.

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | | |

शेयर कित्ता संख्याः .....................................
मितिः........................................................

**नोटः** यो निवेदन वार्षिक साधारण सभा हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै वित्तीय संस्थाको केन्द्रीय कार्यालय कुश्मा, पर्वतमा पेश गरी सक्नु पर्नेछ । एक भन्दा बढी (प्रोक्सी) को नाम उल्लेख गरेमा प्रतिनिधि (प्रोक्सी) फारम रद्द गरिनेछ ।

.......................................................................................................................

# नेष्डो समृद्ध लघुवित्त वित्तीय संस्था लिमिटेड

केन्द्रिय कार्यालय, कुश्मा पर्वत

२०७९ साल असार महिना ३१ गते शुक्रबारका दिन हुने नेष्डो समृद्ध लघुवित्त वित्तीय संस्था लिमिटेडको तेस्रो वार्षिक साधारण सभामा उपस्थित हुन जारी गरीएको

## प्रवेश-पत्र

प्रतिनिधि नियुक्त भएको व्यक्तीको शेयरधनी नं. ............. हितग्राही खाता नं. नं.:................................
शेयरधनीको नामः ............................................... शेयर कित्ता संख्याः .......................................

| ..................................... | ........................ | ............................ |
|---|---|---|
| प्रतिनिधि नियुक्त हुने शेयरधनीको दस्तखत | कम्पनी सचिवको दस्तखत | कम्पनीको छाप |

द्रष्टव्यः शेयरधनी आफैले सम्पूर्ण खाली ठाँउहरु भर्नुहोला । सभा कक्षमा प्रवेश गर्न यो प्रवेश-पत्र अनिवार्य हुनेछ ।

# संस्थागत संक्षिप्त परिचय

**क) वैधानिक जानकारी:**

| | |
|---|---|
| १. संस्थाको नाम | : नेप्डो समृद्ध लघुवित्त वित्तीय संस्था लि. |
| २. संस्थाको ठेगाना | : कुश्मा नगरपालिका, वडा नं. ६, न्यूरोड, पर्वत |
| ३. संस्था दर्ता मिति | : वि.सं. २०७४ चैत्र २८ गते, |
| ४. कम्पनी दर्ता नं. | : १८३२७५/०७४/७५ |
| ५. ने.रा.वैंक इजाजत मिति | : वि.सं. २०७५ माघ २९ गते, |
| ६. इजाजत नं. | : ने.रा.वैंक/ई.प्रा./"घ"/०८७/०७५/७६ |
| ७. कम्पनीवाट काम गर्न स्वीकृत मिति | : वि.सं. २०७५ फाल्गुण ५ गते, |
| ८. कारोवार शुरुवात मिति | : वि.सं. २०७५ फाल्गुण २१ गते, |
| ९. स्वीकृत कार्यक्षेत्र | : राष्ट्रिय स्तर |

**ख) संस्थापक शेयरधनी सम्वन्धि जानकारी:**

| | |
|---|---|
| १. कुल संस्थापक शेयरधनी संख्या | : ८३ जना |
| २. संस्थागत संस्थापक शेयरधनी | : ०२ गोटा |
| ३. व्यक्तिगत संस्थापक शेयरधनी | : ८१ जना |

**ग) शेयर संरचना सम्वन्धि जानकारी (हालको):**

| | |
|---|---|
| १. सस्थाको अधिकृत पुँजी | : ५० करोड |
| २. संस्थाको जारी पुँजी | : २५ करोड ५० लाख |
| ३. संस्थाको चुक्ता पुँजी | : २५ करोड ५० लाख |

## नेप्डो संस्थागत प्रतिज्ञा

सत्य वोल्छौं अनुशासित परिश्रमी हुन्छौं ।
रिस,आवेग, स्वार्थ त्यागी, समाज सेवा गर्छौं ।।
कु-संस्कार र कुलत त्यागी सत्मार्गमा लाग्छौं ।
अन्याय र अत्याचारको विरुद्धमा जाग्छौं ।।
अवसरबाट वञ्चित वर्ग हाम्रो शिर माथी ।
चेतनाको दियो वाल्छौं उन्नतीको ज्योती ।।
जाती,धर्म, लिङ्ग वर्ण कुनै विभेद छैन ।
राजनीतिक आस्थाप्रति भेदभाव गरिदैन ।।
वञ्चित र विपन्नलाई संगठित गराई ।
घरदैलोमा सेवा दिन्छौं स्वावलम्वी बनाई ।।
नेप्डो मार्फत सेवा गर्छौं सार्थक जीवन पाउन ।
गरिवीको विरुद्धमा समुन्नती ल्याउन ।।
मानव अधिकार, शान्ति, न्याय शुशासन राम्रो ।
सार्वभौम समृद्ध नेपाल, अन्तिम लक्ष्य हाम्रो ।।
नैतिकवान, प्रतिवद्ध सेवा भावका धनि ।
जे जे बोल्छौ, गरी छाड्छौं हामी स्वाभिमानी ।।
जे जे बोल्छौ, गरी छाड्छौं हामी स्वाभिमानी ।।३

## नेप्डो सदस्य प्रतिज्ञा

सत्य बोल्छौं, अनुशासित - परिश्रमी हुन्छौं ।
हिंसा, आवेग, स्वार्थ त्यागी - समूहमा बस्छौं ।।
चुरोट, रक्सी, कुलत छाडी - बचत हामी गर्छौं ।
व्यवसायिक, आत्मनिर्भर - हुदैं अघि बढ्छौं ।।
सफा राख्छौं घर, आँगन - सानो परिवार ।
शिक्षा, स्वास्थ्य, स्वरोजगारी - खुशी हामी सारा ।।
जाति, धर्म, लिङ्ग वर्ण - कुनै विभेद छैन ।
राजनीतिक आस्थाप्रति - भेदभाव गरिदैन ।।
नेप्डोबाट सिक्यौं हामी - स्वाभिमानको पाठ ।
जीवनभर छाड्ने छैनौं - सहयोग र साथ ।।

## कर्मचारी प्रतिज्ञा

हामी निस्वार्थ भावनाले विपन्न वर्गको आय बृद्धिका लागि सदा सहयोगी बन्ने छौं । सेवा गर्दा विपन्न वर्गलाई पहिलो प्राथमिकता दिनेछौं । सेवा गर्दा सदस्य बीच जात जाती, धर्म, वर्ण, लिङ्ग एवं राजनीतिक आस्थाको आधारमा कसैलाई भेदभाव गर्ने छैनौं । हामी हाम्रो कर्तब्य निर्वाह गर्दा विना मुल्य केहि लिने छैनौं, दिने छैनौं। ईश्वर साक्षी छन् जे बोल्छौं सोही गर्छौं ।३

# नेष्डो समृद्ध लघुवित्त वित्तीय संस्था लि.को

## तेस्रो बार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फवाट प्रस्तुत

## वार्षिक प्रतिवेदन

**सम्पूर्ण संस्थापक तथा सर्वसाधारण शेयरधनी महानुभावज्यूहरु,**

धैरै लामो पहल र धैर्यतालाई संगाल्दै आज हामी नेष्डो समृद्ध लघुवित्त वित्तीय संस्था लिमिटेड, कुश्मा पर्वतको तेश्रो वार्षिक साधारण सभाको संघारमा आई पुगेका छौं । झण्डै एक दशक लामो संस्थापकज्यूहरुको धैर्यता र सदभावपुर्ण सहयोगको लागि सम्पूर्ण संस्थापक शेयरधनी महानुभावहरुमा सञ्चालक समितिको तर्फवाट हार्दिक आभार एवम्‌म्‌ धन्यवाद व्यक्त गर्दछु । संस्थाले सर्व साधारण शेयरधनीज्यूहरुमा तोकिएको शेयर बाँडफाँड गरेसंगै शेयर संरचनाले पुर्णता पाएको छ । विगतका दुई साधारण सभामा हामी संस्थापक शेयरधनी मात्र रहेकोमा यस साधारण सभामा सवैसाधारण शेयरधनी महानुभावहरुलाई समेत पाँउदा हामी अत्यन्त खुशी छौं । उहाँहरुलाई हामी हार्दिक स्वागत गर्दछौं ।

आज यस गरिमामय  तेश्रो वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फवाट वार्षिक प्रतिवेदन प्रस्तुत गर्न पाँउदा मलाई उच्च गौरवान्वित महशुस भएको छ । यस महत्वपुर्ण साधारण सभामा यहाँहरुको अति महत्वपुर्ण व्यस्त समयलाई व्यवस्थापन गरी सहभागी भई दिनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरुको साथै अतिथिको रुपमा सहभागी सम्पूर्ण विशिष्ट व्यक्तित्वज्यूहरुलाई सञ्चालक समितिको तर्फवाट **हार्दिक स्वागत, सम्मान एवम्‌ संस्थागत अभिवादन** टक्राउदछु ।

**शेयरधनी महानुभावज्यूहरु,**

यस प्रतिवेदनमा आर्थिक वर्ष २०७७/७८ का आर्थिक गतिविधीहरुलाई समेटनु भन्दा पहिले यस वित्तीय संस्थाको संस्थापना प्रक्रियाको ऐतिहासिक पृष्ठभुमिलाई संक्षिप्त रुपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

हामीले यस वित्तीय संस्थाको ऐतिहासिक पृष्ठभुमिलाई समेट्दा हाम्रो संस्थापक शेयरधनी राष्ट्रिय शैक्षिक तथा सामाजिक विकास संस्था, नेष्डो नेपाललाई स्मरण नगरी रहन सक्दैनौ । वि.सं. २०५१ सालमा "नेपालमा गरिवी रहेसम्म गरिवी विरुद्धको हाम्रो लडाई निरन्तर जारी रहने छ ।" भन्ने उदघोषका साथ **"स्वावलम्वी,  समावेशी र समृद्ध नेपाल"** को स्थापना गर्ने परिकल्पना राखि सामाजिक अभियान्त, संस्थापक अध्यक्ष विश्व प्रकाश प्रसाईको विशेष पहलमा स्थापित नेष्डो नेपाल वि.सं. २०५२ असार ७ गते जिल्ला प्रशासन कार्यालय, पर्वतमा दर्ता भई सो वर्षको भदौ २७ गते समाज कल्याण परिषदमा आवद्ध नेष्डो नेपालद्वारा एशियाली विकास वैंकको आर्थिक सहयोगमा नेपाल सरकार, स्थानीय मन्त्रालयद्वारा सञ्चालित महिला लघु ऋण परियोजनासंगको साझेदारीमा सञ्चालित वचत तथा ऋण कारोवार नै आजको नेष्डो समृद्धको आधार स्तम्भ थियो । संस्थाले विभिन्न दातृ संस्थाको सहयोगमा दर्जनौ परियोजनाहरु सञ्चालन गर्ने क्रममा **"एकातिर अनुदान मागेर सदा नपाईने, अर्कोतिर समुदायलाई नियमित अनुदान सहयोग दिन पनि नसकिने, एक पटकको सहयोगले गरिवको स्थितीमा सुधार आउन नसक्ने, अनुदान सहयोग सदा दिई रहने पनि नसकिने**" आदि तथ्यलाई आत्मासाथ गर्‍यो भने अर्को तिर देशमा वढदो राजनीतिक द्वन्दको कारण ग्रामीण वजारमा केन्द्रित वैंकहरु क्रमश: सदरमुकाम केन्द्रित हुन पुगे । ग्रामीण क्षेत्रमा वस्ने विपन्न परिवारहरु वैङ्किक सेवावाट वन्चित हुँदै गए । यस विकराल परिवेशमा ग्रामीण विपन्न परिवारलाई वित्तीय सेवामा पँहुच स्थापित गर्नका लागि गैर सरकारी संस्थाहरुलाई वित्तीय मध्यस्थताको काम गर्न दिने राज्यको नीति अनुरुप संसदवाट "वित्तीय मध्यस्थताको काम गर्ने संस्था सम्वन्धि ऐन, २०५५" पारित गरियो र विगतका दिनमा समुदायमा वचत तथा ऋण परिचालन गरी अनुभव प्राप्त गरेका संस्थाहरुलाई निश्चित प्रक्रिया पुरा गरी लघुवित्तीय कारोवार गर्नका लागि नेपाल राष्ट्र बैंकले इजाजत दिन शुरुवात गर्‍यो । यहि क्रममा हाम्रो संस्थापक शेयर धनि संस्था नेष्डो नेपालले पनि केन्द्रीय वैंकवाट वित्तीय मध्यस्थताको काम गर्ने इजाजत लिई पर्वत जिल्ला लगायत नेपालका १७

वटा जिल्लामा ५६ वटा शाखा कार्यालयहरु स्थापना गरी झण्डै ३ सय ५० दक्ष कर्मचारीहरु मार्फत ७९ हजार विपन्न परिवारलाई वित्तीय रुपमा साक्षर वनाउदै विभिन्न स्वावलम्वी केन्द्र (संस्था) मा आवद्ध गरी घरदैलोमा आर्कषक वचत सेवा, सुलभ कर्जा सुविधा, एक दर्जन कल्याणकारी सुविधाहरु प्रदान गर्दै आईरहेको हामी सवैलाई विधितै छ ।

झण्डै दश वर्ष लामो प्रक्रियागत गर्भधारण पुरा गरी हामीले नेप्डो समृद्ध लघुवित्त वित्तीय संस्था लि. लाई २०७४ चैत्र २८ गतेका दिन कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाण्डौवाट १८७५३२/०७४/७५ मा राष्ट्रिय कार्यक्षेत्र भएको पव्लिक लिमिटेड कम्पनीको रुपमा दर्ता गर्न सफल भयौं । तत् पश्चात हामी वित्तीय संस्थाालाई आवश्यक आर्थिक प्रशासन विनियमावली, कर्मचारी सेवा विनियमावली, कर्जा अपलेखन विनियमावली लगायतका नीति नियमको तर्जुमाको साथै भौतिक पुर्वधार तयारीमा जुट्यौं । हामीले छिटो गर्न प्रयास गर्दा गर्दै पनि हाम्रो कार्य कौशलताको अपूर्णता भनौ कि अन्य विविध प्राविधिक कारण हामीले नेपाल राष्ट्र बैंकवाट वित्तीय कारोवारको इजाजत प्राप्त गर्न अनपेक्षित ढिला हुन पुग्यो । अनवरत प्रयासको वावजुद मिति २०७५ माघ २९ गतेका दिन नेपाल राष्ट्र बैंकवाट इजाजत नं. ने.रा.वैंक/ई.प्रा./"घ"/०८७/०७५/७६ वाट राष्ट्रिय कार्यक्षेत्र भएको "घ" वर्गको वित्तीय कारोवार गर्नका लागि नेप्डो समृद्ध लघुवित्त वित्तीय संस्था लिमिटेडले ईजाजत प्राप्त गर्न सफल भएका थियौं । तत्पश्चात पनि वित्तीय कारोवारको लागि कानूनी प्रक्रिया वाँकी नै थियो । अतः हामीले मिति २०७५ माघ ५ गतेका दिन कम्पनी रजिष्ट्रारको कार्यालयवाट उद्देश्य अनुरुपको वित्तीय कारोवार गर्ने अनुमति प्राप्त गरे पश्चात हामीलाई हाम्रो उद्देश्य अनुरुपका कार्यहरु अगाडी वढाउन मार्ग प्रशस्त भयो । वित्तीय संस्थामा परिणत भएको यस संस्थाको मुख्य उद्देश्य लघुवित्त कार्यक्रम मार्फत समाजमा रहेका विपन्न तथा गरीब वर्गको जीवनस्तर माथि उठाउनु रहेको छ ।

यस वित्तीय संस्थाको ब्यवसायिक योजना अनसुार संस्थाको सक्षमता र दिगोपनलाई अझ बलियो बनाउँदै गरीबीको रेखामुनि रहेका अधिकतम् घरपरिवारलाई दिगो रुपमा लघुवित्त सेवा पुऱ्याउने दीर्घकालीन लक्ष्य लिईएको छ । सञ्चालक समितिको तर्फबाट यहाँहरु समक्ष यस वित्तीय संस्थाको वार्षिक प्रतिवेदनको साथै वि.सं. २०७८ आषाढ मसान्तसम्मको वासलात, नाफा-नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा संस्थाको विभिन्न क्रियाकलापहरु अनुमोदनका लागि प्रस्तुत गरिएको छ ।

**शेयरधनी महानुभावहरु,**

यस सम्मानित सभामा सञ्चालक समितिको तर्फबाट संस्थाको पुंजी संरचना, आर्थिक वर्ष २०७७/०७८ मा संस्थाले प्रदान गर्दै आएका मुख्य मुख्य सेवाहरु, हासिल गरेका उपलब्धि, सामना गर्नु परेका चुनौती र चालु आर्थिक वर्ष २०७८/०७९ मा तय गरिएका लक्ष्य र रणनीतिहरु यस प्रतिवेदनमा समेटिएको छ । जसलाई क्रमशः तल प्रस्तुत गरिएको छः-

### १) वित्तीय संस्थाको पुंजी संरचनाः

यस वित्तीय संस्थाले वित्तीय संस्थाको रुपमा कारोवार गर्ने इजाजत प्राप्त गर्दा अधिकृत पुंजी ५० करोड रुपैयाँ, जारी पुंजी १० करोड रुपैयाँ र संस्थापकहरुद्वारा चुक्ता पुंजी ७ करोड रहेकोमा संस्थाले आ.व. २०७७/७८ मा १ अनुपात १.५ हकप्रद शेयर थप गरी आ.व २०७७/०७८ मा कायम गरेको पुंजी संरचना निम्नानुसार रहेको छः-

| पुंजी संरचना | | | लगानीकर्ताको प्रकृति | | |
|---|---|---|---|---|---|
| **अधिकृत पुंजी** | **जारी पुंजी** | **चुक्ता पुंजी** | **नेप्डो नेपाल** | **प्रभु वैंक लि.** | **अन्य व्यक्ति** |
| ५० करोड | २५ करोड ५० लाख | १७ करोड २१ लाख. | १२ करोड | १ करोड २५ लाख | १ करोड ७० लाख |

संस्थाले आर्थिक वर्ष २०७७/७८ मा सर्वसाधारणको लागि शेयर जारी प्रक्रिया अगाडी वढाएता पनि नेपाल धितोपत्र वोर्डमा पदाधिकारी नियुक्ती लगायत विभिन्न प्राविधिक समस्याको कारण सो कार्य पुरा हुन सकेन ।

**२) यस वित्तीय संस्थाले प्रदान गर्ने मुख्य मुख्य सेवाहरुः**

यस वित्तीय संस्था संस्थापनासंगै शुन्यवाट कारोवार गरेको नभै विगत २२ वर्ष देखि साविकको वित्तीय मध्यस्तकर्ता संस्था राष्ट्रिय शैक्षिक तथा सामाजिक विकास संस्था, नेप्डो नेपालले गर्दै आएको लघुवित्तीय कारोवार हस्तान्तरण भई आएको हो । अतः यस वित्तीय संस्थाका मुख्य सेवाहरु विगत लामो समय देखि अभ्यासमा रहेका छन् । संस्थाको वैधानिक रुपान्तरण, नेपाल राष्ट्र बैंकको नीतिगत निर्देशन आदिको कारण विगतका कतिपय सेवा जस्तैः पेन्सन वचत, जीवन तथा आवास सुरक्षा योजना लगायतका कल्याणकारी सुविधाहरु बन्द भएका छन् । संस्थाले प्रदान गर्ने मुख्य मुख्य सेवाहरु निम्न अनुसार रहेका छन्ः-

**क) चेतना, संगठन र शसक्तिकरणः**

लघु वित्तीय सेवा शुद्ध व्यवसायिक वित्तीय सेवा नभै यो सामाजिक व्यवसायको रुपमा विश्वव्यापी मान्यता पाएको छ । मुख्य गरी संस्था र सेवाग्राही विच पैसाको लेनादेना हुनु भन्दा पहिले धेरै सामाजिक प्रक्रिया पुरा गर्नुपर्ने हुन्छ । संस्थाले दुर्गम भौगोलिकता, ग्रामीण समुदाय, विपन्नको वसोवास, वित्तीय पँहुचवाट टाढा रहेको जस्ता आधारहरुको विश्लेषण गरी कार्यक्षेत्र छनौट गर्ने, कार्यक्षेत्रमा परिचयात्मक कार्यक्रम सञ्चालन गर्ने, इच्छुक महिलाहरुलाई ७ दिने वित्तीय साक्षरता तालिम सञ्चालन गरी नियमानुसार समूह तथा केन्द्र गठन गर्ने काम गर्दै आईरहेको छ ।

**ख) आर्कषक वचत सेवाः**

संस्थामा आवद्ध सदस्यहरुको केन्द्र वैठक मार्फत घरदैलोमा पुगी स-सानो रकम वचतको रुपमा जम्मा गर्ने र सो रकमलाई भविस्यसम्म सुरक्षित राखी दिनको लागि संस्थाले उच्च लागत खर्चिदै आएको छ । संस्थाले नचाहँदा नचाहँदै पनि लघुवित्तीय कारोवारमा वढदो समस्या, लगानीका लागि स्रोत अभाव, कर्जाको व्याजदरमा एकचौटी ५ प्रतिशतले भारी कटौती गरी अधितम् सिमा तोकिनु, सेवा शुल्कमा समेत कटौती हुनु, कोभिड लगायतको कारणले सृजित समस्याले कर्जा असुलीमा लागत थप वढनु आदिले गर्दा संस्था आत्मानिर्भर रहन नै चुनौती सृजना भएको कारण एक वैकल्पिक उपायको रुपमा वचतमा दिईने व्याजदरमा ४ प्रतिशत न्यून भएको छ । तै पनि घरदैलोमा गई संकलित ससानो रकममा प्रदान गरिने यो व्याजदर, वाणिज्य वैंकहरुले प्रदान गर्ने व्याजदर भन्दा अधिक नै रहेको छ । संस्थाले आ.व २०७७/०७८ मा प्रदान गर्दै आई रहेको वचत तथा निक्षेप सम्वन्धि सेवा निम्न अनुसार रहेका छन्ः-

| क्र. सं. | वचतको प्रकार | समयावधी | वचत दर (रु) | वार्षिक व्याजदर (रु) | वचत फिर्ता सम्वन्धि शर्त र व्यवस्था |
|---|---|---|---|---|---|
| १. | अनिवार्य वचत | मासिक | रु ५०/- | ४ प्रतिशत | समूहवाट हटेको अवस्थामा मात्र |
| २. | नियमित ऐच्छिक वचत | मासिक | न्यूनतम रु १००/- | ४ प्रतिशत | इच्छानुसार रकम जम्मा गर्न सक्ने तथा जम्मा भएको रकमवाट किस्ता मिलान वा फिर्ता गर्न सक्ने |
| ३. | व्यवसायिक वचत | कर्जा लिए पश्चात | कर्जाको १ प्रतिशत | ४ प्रतिशत | कर्जा चुक्ता भएपछि फिर्ता पाईने । पुनः कर्जा लिने भएमा ५०५ मौज्जात राख्नुपर्ने । |
| ४. | व्यक्तिगत वचत | स्वइच्छिक | २० हजार वा माथि | ४ प्रतिशत | सदस्यले रकम हुँदा स्वईच्छिक राख्न झिक्न सक्ने, सामुहिक जमानी प्रभावित नहुने वचत सुविधा |
| ५. | केन्द्रकोष वचत | कर्जा लिंदा | कर्जाको ४ प्रतिशत | ४ प्रतिशत, | सदस्यवाट हट्दा वा कर्जा लिएको ५ वर्ष पश्चात फिर्ता लिन सकिनेछ । |
| ६. | पेन्सन वचत | मासिक | रु ५०-५ सयसम्म | १३ प्रतिशत | परिपक्व नभै हटेमा ५ प्रतिशत व्याज सहित फिर्ता हुने र परिपक्व भएमा नियमानुसार सुविधा |

**नोटः** पेन्सन वचतको सम्वन्धमा नेपाल राष्ट्र बैंकको निर्देशन वमोजिम नयाँ सदस्यको लागि पेन्सन वचत योजना वन्द गर्ने तथा विगतका पेन्सन वचत खाताको वारेमा संस्थामा उपर्युक्त विकल्पको वारेमा छलफल अगाडी वढाईएको छ ।

**ग) सुलभ कर्जा सेवाः**

संस्थाले समूहमा आवद्ध रही नियमित वचत गर्दै भएका, धेरै वित्तीय संस्थामा आवद्ध नभएका, व्यसायिक अनुभव, सीप, दक्षता भएका तर पुँजी अभावमा परियोजना अगाडी वढाउन नसकेका सदस्यहरुलाई विभिन्न किसिमका सुलभ कर्जाहरु उपलब्ध गराउदै आई रहेको छ। संस्थाले आ.व २०७७/७८ मा उपलब्ध गराएको कर्जा सुविधाहरु मुख्य गरी निम्न अनुसार रहेका छन्:-

| क्र. सं. | कर्जाको किसिम | कर्जा आकार र सिमा | | भुक्तानी समय र प्रक्रिया | | सेवा शुल्क प्रतिशत | व्याजदर प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | न्यूनतम (रु.) | अधिकतम (रु.) | अधिकतम अवधी | किस्ता | | |
| **क) उत्पादनमुलक कर्जाः** | | | | | | | |
| १. | साधारण कर्जा | स्वईच्छिक | एक लाख | १ वर्ष | मासिक/त्रैमासिक | १.५ | १५ |
| २. | व्यवसायिक कृषि/पशु कर्जा | असी हजार | सात लाख | ७ वर्ष | मासिक/त्रैमासिक | १.५ | १५ |
| ३. | व्यापार/व्यावसाय कर्जा | एक लाख | सात लाख | ७ वर्ष | मासिक/त्रैमासिक | १.५ | १५ |
| ४. | लघु उद्यम कर्जा | एक लाख | सात लाख | ७ वर्ष | मासिक/त्रैमासिक | १.५ | १५ |
| **ख) सामाजिक सुरक्षा कर्जाः** | | | | | | | |
| १. | उपभोग्य कर्जा | स्वईच्छिक | पचास हजार | १ वर्ष | मासिक/त्रैमासिक | १.५ | १५ |
| २. | पर्व कर्जा | स्वईच्छिक | वीस हजार | १ वर्ष | मासिक/त्रैमासिक | १.५ | १५ |
| ३. | आपतकालिन कर्जा | स्वईच्छिक | वीस हजार | १ वर्ष | मासिक/त्रैमासिक | १.५ | १५ |
| ४. | जेष्ठ/एकल म. कर्जा | स्वईच्छिक | वीस हजार | १ वर्ष | मासिक/त्रैमासिक | १.५ | १५ |
| ५. | शैक्षिक कर्जा | स्वईच्छिक | तीन लाख | ३ वर्ष | मासिक/त्रैमासिक | १.५ | १५ |
| **ग) विशेष कर्जाः** | | | | | | | |
| १. | मौसमी कर्जा | स्वईच्छिक | तीस हजार | १ वर्ष | मासिक/त्रैमासिक | १.५ | १५ |
| २. | विशिष्ट सदस्य कर्जा | स्वईच्छिक | पचास हजार | १ वर्ष | मासिक/त्रैमासिक | १.५ | १५ |
| ३. | प्रतिवद्ध सदस्य कर्जा | स्वईच्छिक | तीस हजार | १ वर्ष | मासिक/त्रैमासिक | १.५ | १५ |
| ४. | आवास कर्जा | स्वईच्छिक | सात लाख | ७ वर्ष | मासिक/त्रैमासिक | १.५ | १५ |
| ५. | वैदेशिक रोजगार कर्जा | स्वईच्छिक | तीन लाख | २ वर्ष | मासिक/त्रैमासिक | १.५ | १५ |
| ६. | प्राकृतिक विपत्ती कर्जा | स्वईच्छिक | एक लाख | ३ वर्ष | मासिक/त्रैमासिक | १.५ | १५ |
| ७. | वातवरण संरक्षण कर्जा | स्वईच्छिक | एक लाख | २ वर्ष | मासिक/त्रैमासिक | १.५ | १५ |

**धितो कर्जा तर्फ :**

स्वीकार योग्य धितो लिई, सदस्यको आवद्धता र अवधि, सदस्यको वित्तीय अनुशासन, पारिवारिक आम्दानी श्रोतको विश्वलेषणको आधारमा संस्थामा आवद्ध सदस्यहरुलाई तपशिल वमोजिम धितो कर्जाको सुविधा उपलब्ध गराउँदै आएको छ ।

| क्र. सं. | कर्जाको किसिम | धितो कर्जाको अधिकतम सीमा | भुक्तानी समय | | सेवा शुल्क प्रतिशत | व्याजदर प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | | अधिकतम अवधी | किस्ता | | |
| १. | व्यवसायिक कृषि तथा लघु उद्यम कर्जा | सात लाख | ७ वर्ष | मासिक | १.५ | १५ |
| २. | लघुउद्यम तथा लघु व्यापार व्यवसाय कर्जा | पन्ध्र लाख | १० वर्ष | मासिक | १.५ | १५ |
| ३. | आवास कर्जा | सात लाख | ७ वर्ष | मासिक | १.५ | १५ |
| ४. | वैदेशिक रोजगार कर्जा | तीन लाख | ३ वर्ष | मासिक | १.५ | १५ |

**घ) सामाजिक सुरक्षा (कल्याणकारी) सुविधाः**

संस्थाले समूहमा आवद्ध सदस्यहरुको सामाजिक सुरक्षाको लागि विगत १९ वर्ष देखि जीवन तथा आवास सुरक्षा योजना निम्नानुसार सुविधाहरु प्रदान गरिएको थियो:-

| क्र.सं. | सुविधाको प्रकार | रकम |
|---|---|---|
| १. | सुत्केरी स्याहार सुविधा | जीवनभरमा प्रत्येक पटक रु १०००/- को दरले दुई पटक मात्र |
| २. | जोड दूईमा विशिष्ट श्रेणी | छोरीलाई भए १ हजार ८ सय, छोरा भए १ हजार ५ सय रुपैयाँ मात्र |
| ३. | स्नातक/सो भन्दा माथि प्रथम श्रेणी | छोरीलाई १ हजार ४४० रुपैयाँ र छोरा भए १ हजार दुई सय रुपैयाँ मात्र |
| ४. | सदस्यको मृत्यूमा | कम्तिमा २ हजार ५ सय देखि हरेक वर्षको १ सय ५० रुपैयाँ थप हुने |
| ५. | श्रीमानको मृत्यूमा श्रीमतिलाई | कम्तिमा ५ हजार रुपैयाँ देखि हरेक वर्ष ३ सय रुपैयाँको दरले थप हुने |
| ६. | दैविक प्रकोप आवास क्षेती राहात | सदस्य वस्ने घर दैविक प्रकोपवाट क्षति भएमा २ हजार मर्मत राहात |
| ७. | सवारी दुर्घटना उपचार सहयोग | सदस्य यातयात दुर्घटनामा परी अस्पताल वस्नु परेमा प्रति हप्ता १ हजार |
| ८. | परिवार नियोजना प्रोत्साहन सहयोग | दुई सन्तानमा परिवार नियोजन गरेमा ५ सय सहित सम्मानपत्र |
| ९. | चट्याङवाट परिवार सदस्यको मृत्यु | प्रत्येक पटक रु १ हजार रुपैयाँ भेटी स्वरुप सहयोग प्रदान |

तर नेपाल राष्ट्र बैंकको निरीक्षण पश्चात त्यस किसिमका योजनाहरु वन्द गरी लिखित जानकारी दिनुपर्ने निर्देशन अनुरुप गत वर्ष देखि यि सुविधाहरु वन्द भएका छन भने अति आवश्यकीय अवस्थामा परिस्थितीलाई मुल्यांकन गरी ग्राहक संरक्षण कोषवाट आपतकालिन कल्याणकारी सुविधाहरु प्रदान गर्ने व्यवस्था मिलाईएको छ । ।

यसै गरी संस्थाले कर्जा लगानी गर्दा १ प्रतिशत शुल्क लिई कर्जा लिने सदस्यको मृत्यू भएमा सुरक्षण योजना अर्न्तगत सम्पूर्ण साँवा, व्याज मिनाह गरी जम्मा गरेको प्रिमियम फिर्ता गर्दै आई रहेकोमा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम सो योजना पनि हाललाई वन्द गरी इन्सुरेन्स कम्पनीसंग यो सेवालाई जोडिएको छ ।

ग्राहक संरक्षण कोषबाट आर्थिक वर्ष २०७७/७८ मा देहाय बमोजिम सहयोग/सुविधा प्रदान गरिएको थियो ।

| क्र.स. | विवरण | रकम |
|---|---|---|
| १. | सदस्य सुत्केरी सुविधा | १८०,००० |
| २. | सदस्य दैवी प्रकोप राहत | २३,००० |
| ३. | सदस्य औषधी उपचार सुविधा | ४८,५०० |
| ४. | सदस्यको मृत्युमा कर्जा मिनाहा सुविधा | २,५३७,९२५ |
| ५. | सदस्य मृत्युमा काजक्रिया राहत | ६२४,०५० |
| ६. | शैक्षिक सुविधा | ३६,३९० |
| | **जम्मा** | ३,४४९,८६५ |

**ङ) अन्य सेवाः**

संस्थाले समूहमा आवद्ध सदस्यहरुलाई सहज र सुलभ सेवा सुविधा प्रदान गर्ने क्रममा विगत देखि विभिन्न रेमिटान्स सेवा प्रदायकसंग संझौता गरी सेवा प्रवाह गर्दै आएकोमा हाल प्रवन्धपत्रमा सो सेवालाई स्पष्ट समावेश गर्नको लागि प्रक्रिया अगाडी वढाईको छ भने सदस्यको आधारभुत आवश्यकता परिपुर्ति गर्न लघुवित्त सेवा मात्र यथेष्ट नभएकाले संस्थापक शेयरधनी संस्था नेष्डो नेपाल लगायतका सामाजिक विकास संघ संस्थाहरुसंग समन्वय गरी समूहमा आवद्ध सदस्यलाई भौतिक पुर्वधार विकास सुविधाहरु प्रवाह गर्न पहल गरिदै आइएको छ ।

**३) आ.व. २०७७/०७८ मा लाभान्वित विवरणः**

आर्थिक वर्ष २०७७/०७८ को असार महिनाको अन्तसम्म संस्थाबाट लाभान्वित विवरण निम्न वमोजिम भएको व्यहोरा अनुरोध गर्दछौं ।

| क.सं. | विवरण | इकाई | कुल संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | जिल्ला | गोटा | १७ | |
| २. | स्थानीय तह (न.पा./गा.पा.) | गोटा | २४१ | |
| ३. | शाखा | गोटा | ५६ | |
| ४. | कुल कर्मचारी संख्या | जना | ३०६ | |
| | १. प्रवन्धक/अधिकृत/शाखा प्रमुख | जना | ५८ | |
| | २. केन्द्र प्रवन्धक | जना | १९५ | |
| | ३. सहयोगी कर्मचारी | जना | ५३ | |
| ५. | केन्द्र | गोटा | ५८८५ | |
| ६. | समूह | गोटा | १५६११ | |
| ७. | सदस्य | जना | ७८०५४ | |
| ८. | ऋणी | जना | ३९९१५ | |

**४) संस्थागत सुशासन तथा आन्तरिक नियन्त्रण प्रणालीः**

संस्थामा संस्थागत सुशासन (Corporate Governance) कायम राख्ने विषयमा सञ्चालक समिति तथा व्यवस्थापन सदै व प्रतिवद्ध रहेको छ । सञ्चालक समितिका सदस्यहरु तथा कर्मचारीहरुवाट नेपाल राष्ट्र बैंक लगायत सवै नियमनकारी निकायहरुबाट तोकिएका आचरण सम्बन्धी व्यवस्थाहरुको पूर्ण परिपालना भएका छन् । संस्थागत सुशासन संस्थाको काम कारवाहीको मार्ग दर्शनको रुपमा रहेको छ। सञ्चालक समितिका काम कारवाहीहरु तथा संस्थाका अन्य सबै क्रियाकलापहरु पारदर्शी रुपमा सञ्चालन गरी संस्थागत सुशासनको विकास गर्न एवम् सो को अनुभूति गराउन संस्था क्रियाशील रहेको छ । संस्थागत शुसासन तथा आन्तरिक नियन्त्रण प्रणाली सम्वन्धि मुख्य मुख्य केही पक्षहरु निम्नानुसार रहेका छन्:-

**क) सञ्चालक समितिको गठन, जिम्मेवारीमा फेरवदल एवम् कार्य सम्पादनः**

मिति २०७६ पुष २८ गते सम्पन प्रथम साधारण सभाले श्री विश्व प्रकाश प्रसाई ठकुरीज्यूको अध्यक्षतामा श्री रत्न प्रसाद अधिकारी, श्री सावित्री खत्री क्षेत्री, श्री रेशम वहादुर खत्री र श्री प्रेम शर्मा पौडेल रहनु भएको सदस्यीय सञ्चालक निर्विरोध चयन गरेकोमा अध्यक्ष विश्व प्रकाश प्रसाई ठकुरीले सञ्चालक मात्र रहने गरी अध्यक्ष पदवाट दिनु भएको राजीनामा स्वीकृत गरी सञ्चालक श्री सावित्री खत्री क्षेत्री लामिछाने अध्यक्ष चयन हुनु भयो भने सञ्चालक समितिका सदस्य प्रेम शर्मा पौडेलले दिनु भएको राजीनामा स्वीकृत गरी सो रिक्त स्थानमा स्वतन्त्र सञ्चालकका रुपमा उहाँलाई नै मनोनयन गरिएको थियो ।

आ.व. २०७७/०७८ मा सचांलक समितिको बैठक १४ पटक बसको छ । कुल १४ वटा वैठकमा ६९ सञ्चालकहरुको

उपस्थिती रही ९१ वटा प्रस्तावहरु माथि छलफ भई निर्णयमा पुगिएको छ । निर्णय कार्यान्वयन ९२ प्रतिशत भन्दा माथि रहेको छ । सञ्चालक सदस्यलाई बैठक भत्ता वापत प्रति बैठक रु ५०००/- र आवास, खाना, खाजाको प्रवन्ध संस्थाले व्यवस्था गरी वास्तविक यातयात खर्च भुक्तानी गरिदै आईएको छ । बैंक तथा वित्तीय सस्था सम्बन्धी ऐन, २०७३ को व्यवस्था र नेपाल राष्ट्र बैंक को निर्देशन अनुसार सञ्चालक समितिले आफ्नो जवाफदेहीमा लेखा परीक्षण समिति, जोखिम व्यवस्थापन समिति, कर्मचारी सेवा सुविधा समिति र सम्पत्ति शुद्धीकरण अनुगमन समिति लगायतका समितिहरु गठन गरी काम, कर्तव्य र अधिकार तोकि दिएको छ ।

यस साधारण सभाको मितिलाई हेर्दा संस्थाको सञ्चालक समितिमा स्वतन्त्र सञ्चालकको रुपमा रहनु भएका श्री प्रेम शर्मा पौडेलको राजनीनामा स्वीकृत भएको छ भने सो रिक्त सञ्चालक पदमा नेपाल राष्ट्र बैंकका पुर्व उपनिर्देशक श्री दुर्गा वहादुर शाहलाई नियुक्त गरीएको छ । कुल ७ सदस्यीय सञ्चालक समितिमा सर्वसाधारण शेयरधनीको प्रतिनिधित्व गर्ने २ जना सञ्चालकको निर्वाचन प्रक्रिया यसै साधारण सभामा सम्पन्न हुनेछ ।

आ.व. २०७८/०७८ मा सचांलक समितिको बैठक १३ वटा बसेको छ । कुल ६५ जनाको उपस्थिती रहेको छ भने ७९ वटा एजेण्डा माथि छलफल भई निर्णयमा पुगिएकोमा सम्पन्न निर्णयहरुको कार्यान्वयनको स्तिती ९५ प्रतिशत रहेको देखिन्छ ।

**ख) आन्तरिक नियन्त्रण प्रणाली:**

यस संस्थाले आन्तरिक नियन्त्रणको लागि प्रशासनिक नियन्त्रण, बजेटरी नियन्त्रण, कम्प्युटरकृत अभिलेख प्रणाली, नियमित अनगुमन, आन्तरिक लखोपरीक्षण जस्ता पय्रास गर्दै आएको छ । संस्था संचालन गर्न नभई नहुने प्रवन्ध-पत्र, नियमावली, आर्थिक प्रशासन विनियमावली २०७६, कर्मचारी सेवा विनियमावली २०७६, कर्जा अपलेखन विनियमावली २०७६,कार्य सञ्चालन सम्वन्धि निर्देशिका २०७६, लेखा अभिलेख नीति २०७६, शाखा स्थापना तथा सञ्चालन कार्यविधी २०७६, अनुगमन, निरिक्षण तथा आन्तरिक लेखा परिक्षण कार्यविधि २०७६, कर्जा निति २०७६, वचत नीति २०७६, ग्राहक पहिचान कार्यविधि २०७६,ग्राहक संरक्षण कोष, परिचालन कार्यविधि २०७६,भौतिक परिक्षण कार्यविधि २०७६,जोखिम व्यवस्थापन कार्यविधी २०७६, व्यवसायिक योजना २०७५, कर्मचारी कर्जा निति२०७६, सञ्चार निति २०७६, धितो मूल्याङ्कन कार्यविधि २०७६, सञ्चालक तथा कार्यकारी प्रमुखको खर्च सम्वन्धि कार्यविधि २०७६, सञ्चालक शिक्षा कार्यक्रम कार्यविधि २०७६, कर्मचारी क्षमता विकास कार्यविधि २०७६, संस्थागत सामाजिक उत्तरदायित्व कोष सञ्चालन निर्देशिका २०७६ लगायतका विनियमावली, कार्यविधि, नीति निर्देशिकाहरु तयार गरी सोही बमोजिम नियमित रुपमा कार्य भई रहेको छ । नेपाल राष्ट्र बैंकको निर्देशन र बैंक तथा वित्तीय सस्था सम्बन्धी ऐन, २०७३ को दफा २६ मा भएको व्यवस्था अनुसार सञ्चालक समितिले आफ्नो जवाफदेहीमा लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति, कर्मचारी सेवा सुविधा समिति, सम्पत्ति शुद्धीकरणअनुगमन समिति गठन गरी काम, कर्तव्य र अधिकार तोकिदिएको छ ।

**५) सर्वसाधारणको लागि शेयर आह्वान:**

**क) विक्री प्रवन्धक नियुक्ती:**

प्रचलित कानून एवम् संस्थाको प्रवन्धपत्र भएको व्यवस्था बमोजिम सर्वसाधारणमा वाँडफाँड गर्नुपर्ने शेयर वाँडफाँडको लागि विक्री प्रवन्धकको रुपमा ग्लोवल आई एम ई क्यापिटल लिमिटेडलाई नियुक्ती गरियो । संस्थाले तल “ख” बमोजिम क्रेडित रेटिङ्ग समेत सम्पन्न गरी आईपिओ निष्काशनको लागि नेपाली धितोपत्र वोर्डमा स्वीकृतीको लागि प्रक्रिया अगाडी वढाएकोमा वोर्डमा पदाधिकारी नियुक्तीमा भएको ढिलाई लगायतका प्राविधिक कारणले आर्थिक वर्ष २०७७/७८ मा आईपिओ जारी गर्न संस्था सफल भएन ।

**ख) क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था:**

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्युर रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लि., डिल्लीबजार,

काठमाण्डौंबाट इस्युर रेटिङ्ग गराई “[ICRANP-IR] BB+ (pronounced ICRA NP Issuer Rating Double B Plus)” प्रमाणपत्र प्राप्त गरेको छ । “**[ICRANP-IR] BB+**” ले कम्पनीको दायित्व वहन गर्ने क्षमतामा औसत जोखिम रहेको (Moderate risk of default regarding timely servicing of financial obligations) भन्ने बुझिन्छ । ईक्रा नेपाल लि.ले “ICRANP-IR AAA” देखि “ICRANP-IR D” सम्मको रेटिङ्ग प्रदान गर्दछ । जसमा रेटिङ्ग “**ICRANP- IR AAA**” ले Highest degree of Safety Regarding Timely Servicing of Financial Obligation जनाउँछ भन्ने “ICRANP-IRD” ले Default or are Expected to be in Default soon भन्ने जनाउँछ । ईक्रा नेपाल लि.ले यस वित्तीय संस्थालाई मिति २०७८/०२/१० (तदनुसार २४ मे, २०२१) गतेको पत्रबाट क्रेडिट रेटिङ्ग ग्रेड प्रदान गरेको हो र सो क्रेडिट रेटिङ्गको बहाल रहने अवधि २३ मे, २०२२ सम्म रहनेछ ।

**६) यस वित्तीय संस्थाको राजश्वमा योगदानः**

आ.व. २०७७/०७८ मा संस्थाले नेपाल सरकारलाई संस्थागत आयकर वापत रु. ११ करोड २० लाख ४० हजार १७९, निक्षेपकर्ताहरुको ब्याजकर वापत रु. २६ लाख ७ हजार ७३८, कर्मचारीहरुको पारिश्रमिक आयकर वापत रु. १६ लाख ५२ हजार ५२० र सञ्चालकहरुको भत्ताको आयकर वापत रु.५१ हजार ७५०, अन्य विभिन्न श्रोतमा करकट्टी वापत रु.७८ हजार ५९१ गरी कुल रु. ११ करोड ६४ लाख ३० हजार ७७८ राजश्वमा योगदान गरेको छ । सस्थाले भाडामा लिएका घरको बहालकर स्थानीय निकायले ताकेको दरमा रु. ९ लाख ३८ हजार ६१०/- सम्बन्धित स्थानीय निकायमा दाखिला गरेको छ ।

**७) सूचना प्रविधिको उच्चतम प्रयोग, उत्पादकत्व तथा कार्य कुशलता अभिवृद्धिको लागि साधनः**

संस्थाको सेवाको गुणस्तर बढाउन प्रमुख सहयोगीको रुपमा रहेको सूचना तथा प्रविधिलाई समयानुकुल सुधार गर्दै संस्थाले प्रविधिमूलक सेवाहरुको विकास र विस्तारमा जोड दिदैं आएको छ । संस्थाका सबै कार्यालयहरु Web Based Online Software को माध्यमबाट संचालनमा आएका छन् । संस्थाले युरानस टेक प्रा.लि.ले विकास (Develop) गरी सञ्चालनमा ल्याएको Uranas Web Based Online Software लाई समयानुकुल Upgrade गर्दै ग्रामीण दुरदराजका विपन्न समुदाय/व्यक्तिहरुलाई प्रविधिमा आधारित बैंकिङ्ग सेवाहरु प्रदान गर्ने लक्ष्यका साथ अगाढी वढी रहेको छ । आगामी दिनमा प्रविधिमा आधारित बैंकिङ्ग सेवा प्रवाह गरी दूरदराजका अधिकतम् ग्रामीण विपन्न वर्गलाई सेवा प्रवाह गर्ने तथा संस्थाको उत्पादकत्व वृद्धि गर्ने कार्यलाई जोड दिईनेछ ।

**८) आर्थिक वर्ष २०७७/७८ को कारोवारको सिंहावलोकनः**

आफ्नो स्थापनाकाल देखिनै यो संस्था गरीब तथा विपन्न परिवारको घरदैलोमा पुगेर लघुवित्त कार्यक्रम मार्फत् उहाँहरुको जीवनस्तर उकास्ने कार्यमा अनवरत रुपमा प्रयासरत छ । आर्थिक वर्ष २०७७/०७८ को अन्तसम्ममा यस संस्थाले देशको १७ जिल्लामा ५६ वटा शाखा कार्यालयहरु मार्फत ७८ हजार ५४ विपन्न परिवारलाई ५ हजार ८८५ केन्द्र मा आवद्ध गरी घरदैलोमा सरल किसिमले लघुवित्त सेवा प्रदान गर्दै आई रहेकोछ । आर्थिक वर्ष २०७७/०७८ मा संस्थाले हासिलक गरेका मुख्य मुख्य उपलब्धिहरु निम्न लिखित उप शीर्षकहरुमा पेश गर्दछौं ।

**क) कार्यक्रम तथा कारोवार विस्तारः**

संस्थाको शाखा संख्या ५६ रहेकोमा विगतमा नेपाल एग्रो लघुवित्त वित्तीय संस्था लि. संगको डिमर्जरको कारण कार्यक्षेत्र विस्तार गर्न सकेका छैनौ । संस्थाका यी शाखा कार्यालयहरुबाट आर्थिक वर्ष २०७७/०७८ मा सदस्य संख्या १५७ ले वृद्धि भई वर्षान्तमा कुल सदस्य संख्या ७८ हजार ५४ पुगेको छ । सदस्य संख्या वृद्धि सँगसँगै लगानीमा रहेको कर्जामा पनि वृद्धि भएको छ । अघिल्लो वर्ष लगानीमा रहेको कर्जा रु. ३ अरब ४७ करोड २० लाख ९९ हजार ७३८ रहेकोमा समीक्षा वर्षमा रु.२५ करोड ७४ लाख १९ हजार ७८५ ले वृद्धि भई रु. ३ अरब ७२ करोड ९५ लाख १९ हजार ५२७ पुगेकोछ । ग्राहकहरुको बचत तथा निक्षेप खातामा अघिल्लो आर्थिक वर्षसम्म रु. २ अरब ८ करोड ५९ लाख ३ हजार ८५२ रहेकोमा समीक्षा वर्षमा रु. १५ करोड ७१ लाख १३ हजार ६१ ले वृद्धि भई रु. २ अरब २४ करोड ३० लाख ५१ हजार ९२१ पुगेको छ ।

**ख) कर्मचारी तालिम तथा वृत्ति विकासः**

यस नेप्डो समृद्ध लघुवित्त वित्तीय संस्था लिमिटेडमा २०७७ आषाढ मसान्तमा केन्द प्रवन्धक सहित कुल ३०६ जना कर्मचारीहरु सेवारत रहनु भएको छ । कुनै पनि संस्थाको सफलता त्यस संस्थामा कार्यरत कर्मचारीहरुको सेवाको गणुस्तरमा निर्भर रहने हुँदा कर्मचारीहरुको छनौट, सरुवा, बढुवा, तथा वृत्ति विकासमा सस्थाले उपयुक्त नीति बनाई प्रभाकारी ढङ्गले कार्यान्वयन गर्दै आईरहेका छ । कर्मचारीहरु संस्थाका अमुल्य सम्पत्ति हुन् भन्ने मान्यतालाई आत्मसात गरी संस्थाले लघुवित्त कार्यक्रमलाई प्रभावकारी बनाउन, कर्मचारीको क्षमता एवम्म् कार्यकुशलतामा वृद्धि गर्न, उत्पादकत्व बढाउन, सुक्ष्म अनुगमन प्रणालीलाई प्रभावकारी भूमिका निर्वाह गर्न आफ्ना कर्मचारीहरुलाई स्वदेशमा तालिमको अवसर दिई क्षमता अभिवृद्धि गर्ने कार्यलाई निरन्तरता दिएको छ। आर्थिक वर्ष २०७७/०७८ मा ७१ जना कर्मचारीहरु लाई वार्षिक प्रगती तथा कोभिड व्यवस्थापन सम्बन्धि ३ दिने कार्यशाला गोष्ठी आयोजना गरेको छ। ५६ जना शाखा प्रबन्धकहरु लाई २ दिने एम आइ एस मा आधारित लेखा व्यवस्थापन तालिम र २ दिने शाखा व्यवस्थापन तथा कानूनी शाक्षरता तालिम आयोजना गरेको छ। विभिन्न समयमा कलष्टर स्तरिय प्रगति समिक्षा तथा क्षमता विकास कार्यशालामा सवै कर्मचारीलाई सहभागी गराउदै आईएको छ भने २ जना  कर्मचारीहरु वाह्य संस्थाले आयोजना गरेका विभिन्न तालिममा सहभागी हुनु भएको छ ।

**ग) आ.व. २०७७/०७८ को नाफा नोक्सान स्थितिः**

आर्थिक वर्ष २०७७/०७८ मा संस्थाको खर्चहरु मध्ये रु. ९ करोड १९ लाख ९१ हजार ६३१ कर्मचारी तलब भत्ता शीर्षकमा खर्च भएको छ । गत वर्ष यो खर्च रु. १० करोड ११ लाख २० हजार ८२३ रहेको थियो । कार्यालय सञ्चालन खर्च तर्फ आर्थिक वर्ष २०७७/७८ मा रु १९ करोड ४४ लाख ३१ हजार ४३२ रहेकोमा गत वर्ष कार्यालय सञ्चालन तर्फ रु २३ करोड ४० लाख ३४ हजार २५७ खर्च भएको थियो ।

सस्थाले विभिन्न बैंक तथा वित्तीय सस्थाहरुबाट लिएको कर्जा र ग्राहक सदस्यहरुको बचतमा दिएको व्याज खर्च  गत वर्ष रु. २२ करोड १५ लाख ५१ हजार ५८ खर्च भएकोमा यस वर्ष रु. १८ करोड ३५ लाख ४१ हजार १६९ रहेको छ। कारोवारमा वृद्धि भएकोले व्याज खर्च वृद्धि भएको हो ।

आम्दानी तर्फ आर्थिक वर्ष २०७६/७७ मा रु. ६२ करोड ७२ लाख ४९ हजार ५४९ व्याज प्राप्त भएकोमा आर्थिक वर्ष २०७७/७८ मा  रु. ५९ करोड ७२ लाख १५ हजार ८२१ थियो । अन्य आम्दानी तर्फ रु. ७ करोड ४० लाख २० हजार ५८१ प्राप्त भएको छ । गत वर्ष यो रकम रु. ८ करोड ८ लाख ९० हजार ८६४ थियो । विगतमा अपलेखन गरिएको कर्जाको असुली वापत यस वर्ष रु. १ लाख ८१ हजार ४७० आम्दानी भएको छ । गत वर्षमा यो रकम रु. ८ लाख ५९ हजार ५७० रहेको थियो । यसरी समीक्षा वर्षमा रु. २६ करोड ६३ लाख ६ हजार ११५ खुदमुनाफा भएको छ । गत वर्ष यस्तो मुनाफा रु. १५ करोड ३९ लाख ८१ हजार ८०६ भएको थियो ।

**घ) सम्पत्ति दायित्वको अवस्थाः**

आर्थिक वर्ष २०७७/०७८ को अन्त्यसम्म बचत तथा निक्षेप रु. २ अरब २४ करोड ३० लाख ५१ हजार ९२१ पुगेको छ । विपन्न परिवारले बचत गरेको रकमले मात्र कर्जा आवश्यकता पूर्ति हुन नसक्ने हुँदा २०७८ आषाढ मसान्तसम्ममा संस्थाले विभिन्न बैंक तथा वित्तीय सस्थाहरुबाट रु.३८ करोड  ९२ लाख ७२ हजार ६७५ ऋण सापटी लिएको छ। आर्थिक वर्ष २०७७/०७८ को आषाढ मसान्तमा संस्थामा रु. १ करोड १ लाख ५६ हजार १४४ बराबरको खुद स्थिर सम्पत्तिहरु (ह्रासकट्टी पछि) रहेको छ ।

यसरी प्रक्रियागत रुपमा लामो समय लागेता पनि कारोवारको शुरुवातसंगै गुणस्तरको दृष्टिले उत्कृष्ठ, कार्यक्षेत्र, सेवा र कारोवारको दृष्टिले अव्वल संस्थाको रुपमा स्थापित हुन हामी सफल भएका छौं । यो हामी सवैको लागि गौरवको पक्ष हो । संस्थाको आर्थिक वर्ष २०७७/७८ को अन्त्यसम्मको सम्पत्ति दायित्व विवरण निम्नानुसार रहेको छः-

| क्र.सं. | विवरण | सम्पत्ति | दायित्व |
|---|---|---|---|
| १. | पुँजी | | १७२,१२५,०००।०० |
| २. | वाह्य कर्जा | - | ३८९,२७२,६७५।०५ |
| ३. | सदस्यहरुको वचत | - | २,२४३,०५१,९२१।२१ |
| ४. | शाखाले तिर्नु पर्ने प्रधान कार्यालय हिसाव | - | १,४९७,८८६,६७७।८७ |
| ५. | ज्गडा कोष | - | ४०४,४५२,६७२।८० |
| ६. | अन्य कोषहरु | - | ६१९,५७४,९२७।६५ |
| ७. | भुक्तानी दिनु पर्ने हिसाव | - | ९४५,६८९।०० |
| ८. | भुक्तानी दिनु पर्ने कर हिसाव | - | ५७,२६६,४०८।५७ |
| ९. | नगद | ३,२६०,५२०।०० | - |
| १०. | बैंक मौज्दात | ४८२,७६९,२१३।५९ | - |
| ११. | स्थिर सम्पत्ति | १०,१५६,२७०।५६ | - |
| १२. | छपाई मसलन्द | ९४५,३३४।०० | - |
| १३. | लगानी | ३,३५८,८६५,३७२।३३ | - |
| १४. | पाउनु पर्ने हिसाव | ४८२,६०३।०० | - |
| १५. | कर्मचारी कर्जा तथा पेश्की हिसाव | १,९९८,३२५६।०० | - |
| १६. | शाखा कार्यालय हिसाव | १,४९७,८८६,६७७।८७ | - |
| १७. | अन्य सम्पत्ति | १०,२२६,७२४।८० | - |
| | **कुल जम्मा:** | **५,३८४,५७५,९७२।१५** | **५,३८४,५७५,९७२।१५** |

**ङ) संस्थाको मुख्य वित्तीय परिसुचकहरुः**

संस्थाले मुख्य वित्तीय परिसुचकहरुको विश्लेषणले संस्थाको वित्तीय स्वस्थताको मापन गर्दछ । हामीले कारोवार शुरुवात गरेको अवधीले तीन आर्थिक वर्ष पुरा गरी तीनै आर्थिक वर्षको लेखा परिक्षण सम्पन्न गरिसकेका छौं । हामी यस साधारण सभामा प्रतिवेदन प्रस्तुत गरी रहँदा चालु आर्थिक वर्षको ११ महिना समेत व्यतित भई सकेको छ । अतः यस प्रतिवेदनमा वित्तीय परिसुचकहरुलाई समावेश गर्दा आर्थिक वर्ष २०७७/७८ को अन्तिम अवस्था र चालु आर्थिक वर्ष २०७८/७९ को जेष्ठ मसान्तसम्मको अवस्थालाई प्रस्तुत गरिएको छ । यसले संस्थाको गतिलाई स्पष्ट पार्नेछ ।

| क्र. सं. | विवरण | २०७७ असार मसान्तको स्थिती | २०७८ असार मसान्तको स्थिती | वृद्धि प्रतिशत | २०७९ जेष्ठ मसान्तको स्थिती |
|---|---|---|---|---|---|
| १. | कुल सम्पत्ति | ३,८३६,३१६,७९८.८० | ३,८८६,६८९,२९४।२८ | १।२९ | ५,२१२,९८९,७६०।०० |
| २. | कुल वचत (निक्षेप) | २,०८५,९३८,८५२.०० | २,२४३,०५१,९२१।२१ | ७ | २,४७५,२४८,८७५।०० |
| ३. | लगानीमा रहेको कर्जा | ३,४७२,०९९,७३८.०० | ३,७२९,५१९,५२७।०० | ६।९० | ४,३७५,१३३,९४४।०० |
| ४. | कुल सञ्चालन मुनाफा | १५३,९८१,८०६.७८ | २६६,४८७,५८५।२२ | ४२।२१ | ३३४,५३४,४९३।०० |
| ५. | कुल खुद मुनाफा | ९७,८८७,८७४.०७ | १२९,७५३,४९१।९७ | २४।५५ | २,१०७,५६७,०३०।०० |
| ६. | कुल निश्क्रिय कर्जा | ५३,२३५,२०९.०० | २०३,१२८,१४८।०० | ७३।७९ | २०८,९३२,६७०।०० |
| ७. | अन्य दायित्व | ९४३,१३६,४७२.९३ | ५५७,६६७,६१९।०० | (६९।१२) | ४९५,३०९,४१०।०० |
| ८. | दायित्व कोषहरु | ४३,७२५,८३६.९९ | ६२,८६३,०४२।०० | ३०।४४ | ५२८,०७३,७४३।०० |
| ९. | कुल जगेडा कोष | २७७,८८१,५४६.६६ | ४०४,४५२,६७२।८० | ३१।२९ | ५४४,३२८,७८०।०० |

**च) भाका नाघेको कर्जा व्यवस्थापनः**

विगत १८ वर्ष देखि सञ्चालनमा आएको लघुवित्तीय कारोवार रुपान्तरण हुँदै यस संस्थाको नामवाट समेत हामीले ३ वर्ष कारोवार गरी सकेका छौं । विगत २२ वर्षको कारोवारको इतिहासमा कहिले हामीले सिक्ने क्रममा गुणस्तर व्यवस्थापन गर्न सकेनौ त कहिले महाभुकम्प, कोभिड, वर्षेनि आई लाग्ने बाढी पहिरो जस्ता प्राकृतिक विपत्तीले पनि हामीलाई लगानीमा रहेको कर्जाको गुणस्तरलाई अपेक्षित रुपमा कायम राख्न चुनौती दिई रहयो । विगतमा हामीले झण्डै दुई प्रतिशतमा सिमित राखेको भाका नाघ्ने दर कोभिड संक्रमणको कारण गरिएको लकडाउन पश्चात ह्वात्तै वृद्धि हुन गएको देखिन्छ । यसलाई क्रमशः असुल उपर गर्नको लागि संस्था व्यवस्थापन अनवरत प्रयासरत रँहदै आएको छ । संस्थाको भाका नाघेको कर्जाको तुलनात्मक अवस्था निम्नानुसार रहेको छः-

| क्र.सं. | आर्थिक वर्ष | भाका नघाउनेको संख्या | रकम (रु.) | प्रतिशत |
|---|---|---|---|---|
| १. | २०७६/७७ को अन्त्यसम्म | १७०५ | ७५,४४९,१११।०० | २।१७ |
| २. | २०७७/७८ को अन्त्यसम्म | ५७८५ | २५९,९१२,५७१।०० | ६।९७ |
| ३. | २०७८ को चैत्र मसान्तसम्म | ४९९५ | २६०,८९९,८५७।०० | ५।७३ |

**नोटः** यस आ.व. को अन्त्यसम्ममा ४.५ प्रतिशतमा झार्ने लक्ष्य रहेको छ ।

यसरी संस्थाको मुख्य समस्याको रुपमा रहेको भाका नाघ्ने समस्या समाधानको लागि संस्थाले निम्न लिखित उपायहरु अवलम्वन गरेको छः-

- कर्जा विश्लेषण र सदुपयोगितामा जोड,
- भाका नाघेको रकम भुक्तानी गर्ने सदस्यलाई प्रोत्साहन र सहयोग गर्ने अन्य सदस्यलाई सम्मान,
- भाका नाघेको कर्जा असुलीसंग कर्मचारीको कार्यसम्पादन सुविधामा वृद्धि,
- कोभिड लगायत प्राकृतिक विपत्तीको कारण व्यवसाय असफल भएका सदस्यलाई थप प्रोत्साहनमा जोड,

**९) कम्पनीको औद्योगिक तथा व्यवसायिक सम्बन्धः**

यस वित्तीय संस्थाको नियमनकारी निकायहरु नेपाल राष्ट्र बैंक तथा कम्पनी रजिष्ट्रारको कार्यालय लगायत अन्य निकायहरुसँग सुमधुर सम्बन्ध रही आएको छ ।

**१०) संस्थाका विभिन्न समिति र कार्यसम्पादनको स्थितीः**

**(क) लेखापरीक्षण समितिः**

सञ्चालक समितिले गैर कार्यकारी सञ्चालक श्री प्रेम शर्मा पौडेलको संयोजकत्वमा लेखापरीक्षण समिति गठन गरेको छ । सो समितिको सदस्य सचिवमा कर्जा तथा आन्तरिक लेखापरीक्षण विभागका प्रमुख रहनु भएको छ । सो समितिले संस्थाको आर्थिक अवस्थाको समीक्षा, आन्तरिक नियन्त्रण, लेखापरीक्षण सम्बन्धी कार्यक्रम र लेखापरीक्षणको परिणाम सम्बन्धमा विस्तृत छलफल गरी संस्थाको व्यवस्थापनलाई आवश्यक निर्देशन दिने गरेको छ । समीक्षा अवधिमा लेखापरीक्षण समितिको ३ वटा बैठक बसेको छ ।

**(ख) जोखिम व्यवस्थापन समितिः**

सञ्चालक समितिले गैर कार्यकारी सञ्चालक श्री रेशम बहादुर खत्रीको संयोजकत्वमा जोखिम व्यवस्थापन समिति गठन गरेको छ । सो समितिमा कर्जा तथा आन्तरिक लेखापरीक्षण विभागका प्रमुखलाई सदस्य सचिव तोकिएको छ । लेखापरीक्षण समितिका संयोजक जोखिम व्यवस्थापन समितिकोपदेन सदस्य रहने व्यवस्था छ । सो समितिले संस्थाको विद्यमान जोखिम पहिचान, व्यवस्थापन प्रणालीको पर्याप्तता र उपयुक्तता,व्यवसायिक गतिविधिमा निहित जोखिमको स्तर, जोखिम बहन क्षमता, जोखिम बहनको लागि विकास गरेको रणनीति, नीतिगत व्यवस्था आदि सम्बन्धमा विस्तृत छलफल गरी व्यवस्थापनलाई आवश्यक निर्देशन दिने कार्य गरेको छ । प्रतिवेदन अवधिमा जोखिम व्यवस्थापन समितिको २ वटा बैठक बसेको छ ।

**(ग) कर्मचारी सेवा सुविधा समितिः**

सञ्चालक समितिले गैर कार्यकारी सञ्चालक श्री सावित्री खत्री क्षेत्री लामिछानेको संयोजकत्वमा कर्मचारी सेवा सुविधा समिति गठन गरेको छ। उक्त समितिमा प्रमुख कार्यकारी प्रमुखद्धारा नियुक्त वित्त तथा सूचना व्यवस्थापन विभागका प्रमुख सदस्य, जनशक्ति व्यवस्थापन विभागका प्रमुख सदस्य सचिव रहनु भएको छ। सो समितिले संस्थाको पारिश्रमिक निर्धारण नीति तर्जुमा गर्न सञ्चालक समितिलाई आवश्यक सहयोग गर्ने, समय समयमा कर्मचारीहरुको पारिश्रमिक संरचनाको अध्ययन तथा विश्लेषण गर्ने, जनशक्ति व्यवस्थापन सम्बन्धी कार्यहरु, श्रम सम्बन्ध सम्बन्धी योजना, नीति मापदण्ड तयार गरी सञ्चालक समिति समक्ष पेश गर्ने गरेको छ। प्रतिवेदन अवधिमा कर्मचारी सेवा सुविधा समितिको २ वटा बैठक बसेको छ।

**(घ) सम्पत्ति शुद्धीकरण अनुगमन समितिः**

यस वित्तीय संस्थामा गैर कार्यकारी सञ्चालक श्री रत्न प्रसाद अधिकारीको संयोजकत्वमा सम्पत्ति शुद्धीकरण अनुगमन समिति गठन गरिएको छ। जसमा कर्जा तथा आन्तरिक लेखा परिक्षण विभाग प्रमुख श्री नारायण प्रसाद प्रसाई सदस्य र सदस्य सचिवमा वित्त तथा सुचना व्यवस्थापन विभाग प्रमुख श्री युधिष्ठिर भुषाल रहनु भएकोछ। सो समितिले शद्धीकरण निवारण सम्बन्धमा नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशन बमोजिम संस्थामा भए गरेका कामहरुको अनुगमन गर्ने प्रणालीको विकास गरिएको छ। समीक्षा अवधिमा सम्पत्ति शुद्धीकरण अनुगमन समितिको २ वटा बैठक बसेको छ

**११) कारोवारलाई असर पार्ने मुख्य कुराहरुः**

यस संस्थाको कारोवारलाई मुख्य गरी निम्न लिखित कुराहरुले विशेष असर पार्दछ। संस्थाले यस्तो असरलाई न्यूनीकरण गर्दै सस्थालाई प्रभावकारी ढगंले अगाडी बढाउन प्रयत्नरत रँहदै आएको छ। यस कार्यमा शेयरधनी महानुभावहरुबाट गहकिला सुझावहरु प्राप्त हुने अपेक्षा गरेका छौं।

(क) लघुवित्त वित्तीय संस्थाहरु स्थापना र विस्तार हुने क्रम जारी रहेकोले एउटै व्यक्तिले विभिन्न संस्थाहरुबाट कर्जा लिने प्रवृति बढेकोले बजारमा कर्जा सेवाको दोहोरोपन देखिएको छ।

(ख) विभिन्न बाह्य प्रभाव तथा बहकावका कारण सदस्यमा अनुशासनहीनता आई संस्थालाई प्रतिकुल असर पर्ने गरेको।

संस्थाको कारोवारमा पर्न सक्ने असरका लागि संस्थाको सञ्चालक समिति, विभिन्न उपसमिति तथा व्यवस्थापन पक्ष चनाखो रही सम्भावित जोखिम तथा हानि नोक्सानी कम गर्न प्रतिवद्ध रहेको छ। हाल आएर एउटै भौगोलिकतामा झण्डै एक दर्जन संस्थाको उपस्थिती, दोहोरो सदस्यता, दोहोरो कर्जाभार, नयाँ वित्तीय संस्थाहरुको अधिक कर्जाको आकार, अस्वस्थ प्रतिस्पर्धा लगायतका एक दर्जन समस्याहरु लघुवित्त क्षेत्रमा विद्यमान रहेका छन्। यि समस्याको कारण सदस्यहरुमा क्रमशः अनुशासनको कमी, सुसंस्कारमा ह्रास, कर्जा सदुपयोगितको अभावको प्रतिफल उपलब्धीको रुपमा समृद्धिको विकल्पमा भाका नाघ्ने अवस्था प्रवल हुँदै आएको छ। यि साझा सवालहरुलाई सामना गर्नका लागि संस्थाले नियमित समिक्षा गरी आफ्नो सेवा र प्रक्रियालाई समसामायिक संशोधन गर्दै आई रहेको छ।

**१२) लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भएको भए सो उपर सञ्चालक समितिको प्रतिक्रियाः**

संस्थाको दोश्रो वार्षिक साधारण सभाबाट नियुक्त हुनुभएका लेखापरीक्षक श्री एस. आचार्य एण्ड चार्टर्ड एकाउन्टेन्टस्ले लेखापरीक्षण गर्नु भएको छ। यस प्रतिवेदनका साथ संलग्न आर्थिक विवरण र लेखा विवरणहरुले संस्थाको यथार्थ स्थितिको चित्रण गरेको छ। लेखा परीक्षण प्रतिवेदनमा कुनै नकारात्मक कुरा उल्लेख भएको छैन। लेखापरीक्षकको प्रतिवेदन माथि सञ्चालक समितिको तर्फबाट कुनै टिप्पणी (Comment) छैन।

**१३) लाभांश बाँडफाँड गर्न सिफारिश गरिएको रकमः**

सस्थाको मलूभुत उद्देश्य गरिबी निवारण भएको तर बढ्दो काम कारावोर धान्नको लागि आवश्यक पर्ने पूँजीको सुनिश्चितता गर्न शेयरधनीहरुलाई उचित प्रतिफल दिनु पदर्छ भन्ने मान्यता बमोजिम संस्थाले आर्जन गरेको मुनाफावाट

सृजित कोषवाट आर्थिक वर्ष २०७७/७८ मा नै लाभाशं वितरण गर्ने संस्थाको लक्ष्य भएको र सर्वसाधारणलाई आईपीओ जारी गरे पश्चात मात्र लाभाशं घोषणा गर्नु पर्ने व्यवस्था अनुरुप संस्थाले आईपिओ वाँडफाँड पश्चात मात्र लेखा परिक्षण गरी नेपाल राष्ट्र बैंकमा पेश गरिएकोमा चालु आर्थिक वर्षमा मात्र संस्थाको आईपिओ वाँडफाँड भएकोले गत आर्थिक वर्षको लाभांश वितरण प्रस्ताव नगर्न नेपाल राष्ट्र बैंकले दिएको सझाव अनुरुप यस साधारण सभामा लाभांश वितरण सम्वन्धि प्रस्ताव अगाडी वढाउन सकिएन । चालु आर्थिक वर्षमा संस्थाको आईपीओ निष्काशनको प्रक्रिया पुरा भएको र विगत वर्षको तुलनामा यस वर्षको नाफामा झण्डै १५ प्रतिशतले कमी देखिए पनि संस्थामा विगत देखि रँहदै आएको जगेडा समेत रहेकोले आर्थिक वर्ष २०७८/७९ को लेखा परिक्षण आगामी आर्थिक वर्षको पहिलो त्रैमासिकमा सम्पन्न गरी यथोचित लाभांश वितरण गर्न सञ्चालक समिति प्रतिवद्ध रही आएको छ ।

**१४) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिबाट कम्पनीको कारोवारलाई परेको असरः**

आर्थिक वर्ष २०७७/०७८ मा अन्तर्राष्ट्रिय परिस्थितिले संस्थाको कारोवारलाई खासै असर नगरे तापनि विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ को महामारी र राष्ट्रिय परिस्थितिबाट संस्थाको काम कारोवार अछुतो रहन सकेन । बैंक तथा वित्तीय संस्थाहरुमा देखिएको लगानी योग्य रकमको संकुचन, लघुवित्त सस्थाहरुको संख्यात्मक वृद्धि लगायतको कारणले बैंक तथा वित्तीय संस्थाहरुसँग लिएको ऋण सापटीको ब्याजदरमा वृद्धि हुँदै आएको छ । यसवाट सेवा विस्तारमा संकुचन आउने र संस्थाको आम्दानीमा प्रतिकुल प्रभाव पर्न जाने भएकोले संस्थामा आवद्ध सदस्यमा नै कर्जाको आकार वृद्धिमा जोड, संभावित खर्चहरु कटौती लगायतका उपायहरु अवलम्वन गरिएको छ ।

लघुवित्तमा कर्जा तथा निक्षेपको अनुपात बढी हुँदा वित्तीय संस्था एवम् सदस्य दुवैको भविष्य सुनिश्चित हुने भएकोले यस वित्तीय संस्थाले विगत देखिनै आफ्नै श्रोत बचतमा आत्मनिर्भर हुन निक्षेप तथा बचत सकंलनमा विशेष जाडे दिदैं आएको छ । श्रोतमा आत्मनिभर्र हुन, ग्राहक सदस्यको उचित पहिचान, सरंक्षण तथा सामाजिक उत्तरदायित्व वहन गर्ने, संस्थाहरु बीच एक आपसमा सूचना आदान प्रदान गर्ने, कर्जाको गुणस्तर कायम गर्न प्रभावकारी अनुगमन गर्ने, स्वस्थ प्रतिस्पधार्लाई बढावा दिने, सस्थागत क्षमता अभिवृद्धि गर्ने, बढ्दो लागत नियन्त्रण गर्ने, समय सापेक्ष प्रविधिको उपयोग गर्ने जस्ता चुनौतीहरु हामी समक्ष रहेका छन् । यि चुनौतीलाई सामना गर्नको लागि संस्थाले पहल गरी रहेको छ ।

**१५) प्रतिवेदन तयार भएको मितिसम्म चालु वर्षको उपलब्धि र भविष्यमा अवलम्वन गरिने रणनीतिको सम्बन्धमा सञ्चालक समितिको धारणाः**

संस्थाले सर्वसाधारणलाई शेयर जारी तथा सो पश्चात शेयरधनीहरुको लामो अपेक्षालाई संवोधन गर्ने उद्देश्यले कात्तिक महिनामा नै प्रारम्भिक लेखा परिक्षण सम्पन्न भएकोमा सो लाई थाँती राखी प्रयास गऱ्यो । आर्थिक वर्ष २०७७/७८ मा संस्थाले आईपिओ जारी गरी नकसेको कारण सो वर्षको लाभांश वितरण गर्न नसकिने गरी नेपाल राष्ट्र बैंकले सुझाव दिए बमोजिम यस साधारण सभामा लाभांश वितरणको प्रस्ताव लैजान संभव भएन । जे होस चालु आर्थिक वर्षमा भए गरेका प्रमुख वित्तीय गतिविधी र लिईएका रणनीतिहरुलाई संक्षिप्त रुपमा प्रतिवेदनको वाँकी अंशमा समेटीएको छ ।

**क) सर्वसाधारणमा शेयर वाँडफाँडः**

संस्थाले सर्वसाधारणको लागि शेयर जारी गर्ने प्रक्रिया आर्थिक वर्ष २०७७/७८ मा नै शुरु गरेको भएता पनि विविध कारणले सो प्रक्रिया अपेक्षित मिति भित्र सम्पन्न हुन सकेन । संस्थाले नियमानुसार ५ प्रतिशत म्युचुअल फण्डलाई, ०.५ प्रतिशत कर्मचारीलाई वाँडफाँड गरी वाँकी ७,७४,५६३ कित्ता शेयर मिति २०७८/११/११ गते देखि २०७८ /११ /१५गते सम्म सर्वसाधारणवाट शेयर आह्वान गरेकोमा आवश्यक संख्या भन्दा ३७ गुणा शेयर आवेदन दर्ता भएको थियो । सो आवेदन माथि गोलप्रथाद्वारा मिति २०७८/११/२४ मा काठमाण्डौ जमल स्थित होटल एलो प्यागोडमा शेयर वाँडफाँड कार्य सम्पन्न गरिएको थियो ।

**ख) गत आर्थिक वर्ष र चालु आर्थिक वर्षको जेष्ठ मसान्तसम्को तुलनात्मक स्थिती:**

आर्थिक वर्ष २०७७/०७८ को असार मसान्त र चालु आर्थिक वर्षको जेष्ठ मसान्तसम्मको विभिन्न सुचकको तुलनात्मक अवस्था निम्नानुसार भएको व्यहोरा अनुरोध गर्दछौं ।

| विवरण | २०७८ असार मसान्त | २०७९ जेष्ठ मसान्त |
|---|---|---|
| सदस्य संख्या | ७८ हजार ५४ | ७८ हजार २ सय ९१ |
| ऋणी संख्या | ३९ हजार ९१५ | ४२ हजार ५ सय ४४ |
| निक्षेप | २ अरब २४ करोड ३० लाख ५१ हजार ९२१ | २ अरब ४७ करोड ५१ लाख ४८ हजार ८७५ |
| लगानीमा रहेको कजा | ३ अरब ७२ करोड ९५ लाख १९ हजार ५२७ | ४ अरब ३७ करोड ५१ लाख ३३ हजार ९४४ |
| व्याज आम्दानी | ५९ करोड ७२ लाख १५ हजार ८२१ | ५४ करोड ९८ लाख ६९ हजार १६४ |
| अन्य आम्दानी | ७ करोड ४० लाख २० हजार ५८१ | ८ करोड ४२ लाख ५१ हजार ८९४ |
| व्याज खर्च | १८ करोड ३५ लाख ४१ हजार १६९ | १८ करोड ७७ लाख १२ हजार ४९६ |
| संचालन खर्च | ११ करोड ९९ लाख ४४ हजार ६३२ | १० करोड ७० लाख ३६ हजार ७४९ |
| कर्जा जोखिम व्यहोर्ने खर्च | १६ करोड ६४ लाख ७८ हजार ४३१ | ४८ लाख ३७ हजार ३२० |
| संचालन मुनाफा | २० करोड १२ लाख ७२ हजार १६९ | ३३ करोड ४५ लाख ३४ हजार ४९३ |
| कुल निश्क्रिय कर्जा | २० करोड ३१ लाख २८ हजार १४८ | २० करोड ८९ लाख ३२ हजार ६७० |
| अन्य दायित्व | ५५ करोड ७६ लाख ६७ हजार ६१९ | ४९ करोड ५३ लाख ९ हजार ४१० |
| दायित्व कोषहरु | ६ करोड २८ लाख ६३ हजार ४२ | ५२ करोड ८० लाख ७३ हजार ७४३ |
| कुल जगेडा कोषहरु | ४० करोड ४४ लाख ५२ हजार ६७२ | ५४ करोड ४३ लाख २८ हजार ७८० |
| कर्मचारी बोनस खर्च | २ करोड ६६ लाख ४८ हजार ७५८ | ३ करोड ३४ लाख ५३ हजार ४४९ |
| आयकर | ११ करोड ८५ हजार ३३४ | ९ करोड ३ लाख २४ हजार ३१३ |
| खुद मुनाफा | १२ करोड ९७ लाख ५३ हजार ४९१ | २१ करोड ७ लाख ५६ हजार ७३० |

**ग) सरोकारवालाको अपेक्षा र संवोधन:**

संस्थाले देहायका मुख्य सरोकारवालाहरु (Stakeholders) को आवश्यकता, चाहना र अपेक्षालाई समेट्ने प्रयास गरेको छ:

(क) सदस्यहरुको चाहना र आवश्यकता अनुसार उचित मुल्यमा गुणस्तरिय सेवा प्रवाह गर्ने,

(ख) कर्मचारीहरुलाई समय सापेक्ष सुविधा र क्षमता अभिवृद्धिको कार्यक्रम ल्याउने,

(ग) शेयरधनीहरुलाई उचित प्रतिफल दिने,

(घ) संस्थागत सामाजिक दायित्व तर्फ सचेत रही सम्भव भएसम्म पुरा गर्न अग्रसर हुने ।

(ङ) नेपाल राष्ट्र बैंकले समय समयका तोक्ने चुक्ता पूँजी र पूँजी पर्याप्तता पुऱ्याउने गरी कारोवार बढाउने ।

चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्दा “कार्यक्रमको गुणस्तर सुधार गर्न सम्बन्धित निकायहरुको सुपरीवेक्षण, अनुगमन, निरीक्षण र आन्तरिक नियन्त्रण प्रणालीलाई थप प्रभावकारी बनाउने” संस्थाले लक्ष्य लिएको छ । उल्लेखित अभियानलाई आधार बनाई मुख्य रुपमा निम्नानुसारको कार्य गर्ने लक्ष्य लिएको कुरा शेयरधनी महानुभावहरुलाई जानकारी गराउँदछौं । सदस्य र ऋणीको अनुपात समिक्षा अवधिको ५१.१४ प्रतिशतलाई वृद्धि गरी कम्तिमा ७० प्रतिशत पुऱ्याउने तथा लगानीमा रहि रहेको कर्जा रु. ३ अरब ११ करोड ४१ लाख ४२ हजार २१० थप गरी ६ अरब १५ करोड ३७ लाख ६ हजार २१३ पुऱ्याईने छ । बचत तथा निक्षेप र कर्जाको अनुपात समीक्षा अवधिको ६०.१४ प्रतिशतलाई वृद्धि भई ८०.२५ प्रतिशत पुग्ने अनुमान गरिएको छ ।

**घ) संस्थाले हासिल गरेका अन्य उपलव्धीहरु र चालु आर्थिक वर्षमा अवलम्वन गरिएका रणनीतिहरुः**

संस्थाको मुख्य उपलव्धी र भावि कार्यक्रमहरुलाई प्रस्तुत गर्ने क्रममा सामान्यतः हालसम्मको गतिविधीलाई समेटेर प्रस्तुत गरिएको छ भने भावि कार्यक्रमहरुले यस आर्थिक वर्षभरमा सम्पन्न गरिने गतिविधीहरुलाई समेटनेछन् । संस्थाको आर्थिक वर्ष २०७७/७८ मा भएका मुख्य मुख्य उपलव्धीहरु र चालु आर्थिक वर्षमा अवलम्वन गरिएका रणनीतिहरु निम्न अनुसार रहेका छन्ः-

१) **कर्मचारी व्यवस्थापन र परिचालनः** पछिल्ला दिनमा लघुवित्तमा कार्यरत कर्मचारीको छाड्ने दरमा वृद्धि भएको देखिन्छ । जसको मार यस संस्थालाई पनि पर्न गएको छ । संस्थाले ट्यालेन्ट हण्ट प्रक्रियावाट कर्मचारी छनौट गर्ने, व्यवहारिक रुपमा अभ्यास गराई क्षमता विकास गरी कार्यक्रममा परिचालन गर्दै कर्मचारीको वढदो अभावलाई व्यवस्थापन गरी कार्यक्रमलाई सुचारु र व्यवस्थित रुपमा अगाडी वढाउन सफल भएको छ । खासगरी चालु आर्थिक वर्षको अन्त्यमा कर्मचारीको कार्यसम्पादन मूल्यांकनलाई प्रभावकारी वनाउने रणनीति अवलम्वन गरिएको छ ।

२) **सेवा विस्तारः** यस अवधीमा विगतमा भएको डिमर्जको कारण शाखा विस्तारमा नेपाल राष्ट्र बैंकवाट रोक लगाइएकोले सो को असर नयाँ सदस्य तथा ऋणी विस्तारमा परिरहेको छ । जे होस वित्तीय कारोवारको मुख्य सेवाको रुपमा वचत तथा कर्जा कारोवारालाई लिने गरिन्छ । आर्थिक वर्ष २०७७/७८ र चालु आर्थिक वर्षको गत ११ महिनामा वचत तथा लगानीमा रहेको कर्जाको अंकमा वृद्धि गर्न संस्था सफल भएको छ ।

४) **पुंजी अप्रयाप्तता र समाधानः** विगतमा पुंजी अप्रयाप्तताको कारण नेपाल राष्ट्र बैंकवाट सिघ्र सुधारत्मक कार्यवाहीमा समेत परेको हाम्रो संस्थाको हाल पुँजी प्रयाप्तता अपेक्षित रहेको छ । यसलाई कायम राख्नको लागि संस्था निरन्तर संवेदनशिल र सचेत रहँदै आएको छ ।

५) **लगानीको लागि ऋण पुंजी व्यवस्थापनः** नेपालको वित्तीय वजारमा देखा परेको समस्याको कारण कतिपय संस्थाहरुमा लगानीको लागि स्रोत अभावको स्थिती देखिएता पनि आर्थिक वर्ष २०७७/७८ मा तुलनात्मक रुपमा संस्थाले त्यति ठूलो संकटको सामना गर्नु परेन । संस्थालाई विगतमा कर्जा साझेदारी गरेका वैंक तथा वित्तीय संस्थासंगको थोक कर्जा कारोवार यथावत कायम रहयो । तर चालु आर्थिक वर्षमा संस्थाले केही कठिनाईहरुको सामाना गर्दै अगाडी वढनु परेको छ । संस्थाले लिएको कर्जामा अधिक व्याज वृद्धि देखि स्रोत अभावको समस्या रहेता पनि संस्थाले हालसम्म यसलाई व्यवस्थापन गर्न सफल भएको छ ।

६) **गाभ्ने र गाभिने सम्वन्धमा विगतको अवस्था र भावि रणनीतिः** यस वित्तीय संस्था र नेपाल एग्रो विचको गाभ्ने र गाभिने सहमती कार्यान्वयन हुन नसके पश्चात संस्थाको शाखा विस्तारमा अझै रोक लागेको अवस्था छ । विगतमा संस्था मर्जरको पक्षमा हुँदा हुँदै पनि अर्को संस्थाको असहमतीको कारण डिमर्जमा जानु परेको र सो को कारणले हालसम्म संस्थाको सेवा विस्तारमा अवरोध भई रहेको तथ्यवाट पाठ सिक्दै यथार्थ र व्यापक विश्लेषण गरी संभावित लघुवित्त संस्थासंग संस्थाले गाभ्ने र गाभिने प्रक्रियाका लागि ढोका खुल्ला राख्ने रणनीति अवलम्वन गरिरहेको छ ।

७) **हकप्रद शेयर जारी तथा पुंजी वृद्धिः** विगतमा वित्तीय संस्थाको पुंजी अप्रयाप्तताको समस्यालाई समाधान गर्न १ अनुपातमा १.५ हकप्रद शेयर जारी गरी पुंजी वृद्धि गरिएको छ । संस्थाको पुंजी वृद्धिका लागि हकप्रद शेयरलाई विकल्पको रुपमा राख्दै चालु आर्थिक वर्षको लेखा परिक्षणसंगै लाभांश वितरणलाई प्राथमिकता दिने रणनीति लिइएको छ ।

८) **नीति निर्माण तथा पुनरावलोकनः** वित्तीय संस्थाको लागि आवश्यक तर्जुमा गर्न वाँकी नीति, नियमहरु तर्जुमा गरिनेछ भने विगतमा तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको तर व्यवहारिक परिक्षणको क्रममा संशोधन गर्नु पर्ने देखिएको नीति, नियम, निर्देशिका, कार्यविधीहरुलाई पुनरावलोकन गरी कार्यान्वयनमा ल्याईनेछ ।

९) **जनशक्ति व्यवस्थापनः** नयाँ संभावनालाई विश्लेषण नयाँ शाखामा आवश्यक पर्ने जनशक्तिको विश्लेषण गरी सञ्चालक समितिले नयाँ पदपुर्तिको लागि आवश्यक कार्य गर्नेछ ।

१०) **शाखा विस्तारः** नयाँ संभावनालाई विश्लेषण गरी नयाँ शाखाहरु विस्तारको लागि नेपाल राष्ट्र बैंकलाई मार्ग खुल्ला गरिदिन अनुरोध गरिनेछ ।

११) **कर्मचारी क्षमता विकासः** यस वर्ष कर्मचारी क्षमता विकासको लागि छुट्टै कोष स्थापना गरिएको र सो वाट थप क्षमता विकासको तालिम, गोष्ठी तथा अवलोकन भ्रमणको लागि जनशक्ति व्यवस्थापन विभागले आवश्यक कार्यक्रम तय गरी सञ्चालक समितिवाट स्वीकृत गराई कार्यान्वयन गरिनेछ ।

१२) **सदस्यको व्यवसायिक सीप विकासः** संस्थामा आवद्ध सदस्यको व्यवसायिक सीप, दक्षता विकासको साथसाथै मानवीय क्षमता अभिवृद्धी गर्नको लागि ग्राहक संरक्षण कोष निर्देशिका वमोजिम तालिम, वित्तीय साक्षरता लगायतका कार्यक्रमहरु कार्यान्वयनमा ल्याईनेछ । चालु आर्थिक वर्षमा संस्थाले ५६ वटै शाखावाट महिला सदस्यको प्रतिनिधित्व गराई गत वैषाख १५ र १६ गतेका दिन दुई दिने वित्तीय साक्षरता सम्मेलन सम्पन्न गरेको छ ।

१३) **सामाजिक उत्तरदायित्व सहयोगः** संस्थाको सामाजिक उत्तरदायित्व सहयोग अर्न्तगत यस वर्ष विपन्न बालबलिकालाई छात्रवृत्ति, जेष्ठ नागरीक सम्मान, सञ्चार केन्द्र सहयोग लगायतका कार्यक्रमलाई विगतका वर्षमा कार्यान्वयन गरिएकोमा चालु आर्थिक वर्षमा पनि यहि क्षेत्रमा केन्द्रित गरिएको छ ।

१४) **नेपाल राष्ट्र बैंकको सुपरिवेक्षण र कैफियत सुधारः** नेपाल राष्ट्र वैंकको बैंकको वैंक तथा वित्तीय संस्था नियमन विभाग र लघुवित्त सुपरिवेक्षण विभागवाट नियमित रुपमा अपसाईट सुपरिवेक्षण भई रहको छ भने आवधिक रुपमा गरिने स्थलगत सुपरिवेक्षण समेत एक नियमित प्रक्रियाको रुपमा रहेको छ । चालु आर्थिक वर्षमा यहि २०७९ जेष्ठ ९ देखि १४ गतेसम्म संस्थाको अनसाईट सुपरिवेक्षण कार्य सम्पन्न भएको छ । नेपाल राष्ट्र बैंकका निर्देशक श्री केशव बहादुर के.सी. को सुपरिवेक्षणमा उपनिर्देशक राम काजी खाईजुको संयोजकत्वमा सहायक निर्देशक कल्पना देवी पौडेल भट्टराई र सहायक सरला पोखरेलको टिमवाट सम्पन्न सुपरिवेक्षणको क्रममा औंल्याईएका कमी कमजोरीलाई सच्चाउनको लागि नेपाल राष्ट्र बैंकवाट प्राप्त हुने कैफियत सुझावहरुलाई यथोचित सम्मान गर्दै तुरुन्त सुधारात्मक कार्यवाही अगाडी वढाइएको छ ।

१५) **अन्यः** यस वित्तीय संस्थालाई थप सुव्यवस्थित र प्रभावकारी वनाउनको लागि गर्नुपर्ने आवश्यक निर्णय, नीति, निर्माण तथा सो को कार्यान्वयनको लागि सञ्चालक समितिले आवश्यक कार्य गर्नेछ ।

**ङ) साधारण सभाको लागि निर्धारित प्रस्ताव पारित गरिदिनको लागि अनुरोधः**

प्रचलित ऐन, संस्थाको प्रवन्धपत्र, नियमावली एवम् वैंक तथा वित्तीय संस्थाको प्रचलित अभ्यास अनुरुप संस्थाको तेश्रो वार्षिक साधारण सभा वस्ने सम्वन्धि सुचना साधारण सभा वस्ने मिति भन्दा २१ दिन अगावै आर्थिक अभियान राष्ट्रिय दैनिकमा प्रकाशन भई सकेको छ र यथासंभव शेयरधनी महानुभावहरुलाई पठाउने प्रयास गरिएको छ । साधारण सभामा छलफल हुने साधारण प्रस्तावहरु र विशेष प्रस्तावहरु समेत साधारण सभा सम्वन्धि सुचनामा समावेश गरिएको व्यहोरा हामी सवैलाई विधितै छ । सो सुचना बमोजिम यस संस्थाको पुर्व निर्धारित प्रस्तावहरु माथि दफावार व्यापक छलफल गरी पारित गरिदिनु हुनको लागि सम्पूर्ण उपस्थित शेयरधनी महानुभावज्यूहरुलाई सञ्चालक समितिको तर्फवाट सविनय अनुरोध गर्दछु ।

**च) धन्यवाद तथा कृतज्ञता ज्ञापनः**

**अन्त्यमा,** संस्थाको आर्थिक वर्ष २०७७/७८ को लेखा परिक्षण एस.आचार्य एण्ड एशोसिएट्सवाट सम्पन्न भएको छ । संस्थाको मिति २०७९/१/११ गते सम्पन्न सञ्चालक समितिको ६६ औं वैठकवाट प्रारम्भिक लेखा परिक्षण प्रतिवेदन माथि छलफल भई सो उपर दिइएको व्यवस्थापनको प्रतिक्रियालाई संयोजन गरी प्राप्त अन्तिम लेखा परिक्षण प्रतिवेदनलाई मिति

२०७९/२/२४ गते सम्पन्न सञ्चालक समितिको ६८ औं वैठकवाट पारित गरी लेखा परिक्षण प्रतिवेदन एवम् संस्थाको वित्तीय विवरणहरु तेश्रो साधारण सभाको प्रयोजनार्थ प्रकाशन गर्न मिति २०७९/३/७ गतेका दिन नेपाल राष्ट्र बैंकवाट स्वीकृत प्राप्त भएको छ । नेपाल राष्ट्र बैंकवाट विभिन्न कैफियत उपर निर्देशन सहित प्राप्त आर्थिक विवरण प्रकाशन सम्वन्धि स्वीकृत पत्र यसै प्रतिवेदन पुस्तिकामा समावेश गरी प्रकाशन गरिएको छ । यस प्रतिवेदनमा उल्लेखित सम्पूर्ण संस्थागत तथा आर्थिक क्रियाकलापहरुको साथै लेखा परिक्षण प्रतिवेदनमा समावेश भएका वासलात, नाफा-नोक्सान हिसाव, नगद प्रवाह लगायतका सम्पूर्ण वित्तीय विवरणहरु स्वीकृतको लागि अनुरोध गर्दछु ।

अन्त्यमा हामी हाम्रो वित्तीय संस्थाको तेश्रो साधारण सभाको अवसरमा छौं । यस वित्तीय संस्थालाई शुरुवात देखि हालसम्म निरन्तर सहयोग र साथ दिनु भई हालको स्थिती सम्म ल्याई पुऱ्याउन योगदान गर्नु हुने नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय काठमाण्डौ नेपाल, लघुवित्त संघ, मिफान नेपाल, लघुवित्त वैंकर्स संघ (एनएमविए) नेपाल, माईक्रोफाईनान्स एशोसिएसन नेपाल, नेष्डो नेपाल, विभिन्न बैंक तथा वित्तीय संस्थाहरु र अन्य संघसंस्थाहरुप्रति हार्दिक आभार एवम् धन्यवाद व्यक्त गर्न चाहन्छु । खासगरी यस वर्ष आईपिओ जारी भएसंगै हाम्रो प्रमुख नियमनकारी निकायको रुपमा आएको नेपाल धितोपत्र वोर्ड, नेप्से लगायतका निकायप्रति पनि सञ्चालक समितिको तर्फवाट संस्थागत आभार एवम् धन्यवाद व्यक्त गर्दछु ।

संस्थाका संस्थापक शेयरधनीज्यूहरुको धैर्यता र साथको सम्मान र कदर गर्ने हामीसंग शव्द नै छैन । संस्था सञ्चालक समिति र व्यवस्थापन समूह उहाँहरुप्रति सदा कृतज्ञ रहने वाचा गर्दछु । संस्थाका कर्मचारीहरुको अनवरत योगदानको यस साधारण सभाले उच्च कदर गर्दछ ।

यस तेश्रो साधारण सभा विगतमा भन्दा थप गौरवशाली छ । हाम्रा सर्वसाधारण शेयरधनी महानुभावहरुको यस साधारण सभामा सहभागिता र प्रतिनिधित्व रहेको छ । हामी यस संस्थाको सर्वसाधारण शेयर धारण गर्नुहुने सम्पूर्ण महानुभावहरुप्रति आभार व्यक्त गर्दै स्वागत अभिवादन समेत टक्राउदछौं ।

यस अवसरमा संस्थाको प्रतिष्ठा उच्च राख्न सहयोग गर्नुहुने सञ्चारगृह र पत्रकार मित्रहरु, यस संस्थालाई कर्जा तथा बैंकिङ्ग सुविधा उपलब्ध गराउने विभिन्न बैंक तथा वित्तीय सस्थाहरु एवम् ंअन्य सम्पूर्ण शभेच्छुकहरु प्रति सञ्चालक समितिको तर्फबाट हादिर्क आभार व्यक्त गर्दछु । आउँदा दिनमा यहाँहरु सबैबाट अझ बढी सहयोगको साथ र सहयोग पाउने अपेक्षा गर्दछु ।

हामीलाई विगत २३ वर्ष देखि विश्वास गर्ने संस्थामा आवद्ध महिला दिदी वहिनीहरु, दाजुभाईहरु पनि हाम्रो धन्यवादको पात्र हुनुहुन्छ । उहाँको संस्था उच्च सम्मान गर्दछ । अन्त्यमा, विगतमाझैं संस्थाको उन्नति, प्रगति र सफलताको लागि सँधै सबैबाट सल्लाह, सुझाव, हौसला, साथ र सहयोग पाई रहने विश्वासको साथ सञ्चालक समितिको प्रतिवेदनवाट विदा चाहन्छु । धन्यवाद । जय नेष्डो समृद्ध परिवार ।

**मितिः २०७९/०३/३१/कुश्मा, पर्वत ।**

नेपाल सरकार
उद्योग मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालय**
**कम्पनी दर्ताको प्रमाण - पत्र**

दर्ता नं: १८७५३२/०७४/०७५

श्री नेष्डो समृद्ध लघुवित्त वित्तिय संस्था

नामको पब्लिक लिमिटेड कम्पनी संम्वत् २०७४ साल चैत्र महिना २८ गते रोज ४ मा दर्ता भएको हुनाले कम्पनी ऐन, २०६३ को दफा ५ को उपदफा (१) बमोजिम यो प्रमाण-पत्र दिइएको छ ।

मिति: २०७४-१२-२८

स. रजिष्ट्रार

Government of Nepal
Ministry of Industry
**Office of the Company Registrar**

**CERTIFICATE OF INCORPORATION OF COMPANY**

This Certificate of Incorporation has been issued to M/s Nesdo Sambridha Laghubitta Bittiye Sanstha Public Limited having incorporated it on the 11 day of April, 2018 pursuant to sub-section (1) of section 5 of the Companies Act, 2006.

Date: 2018-04-11

Asst. Registrar

शर्त कम्पनी संस्थापनलाई मात्र कम्पनीको उद्देश्य कार्यान्वयन गर्ने इजाजत प्रदान गरिएको नमानिने हुनाले कानून अनुसार लिनुपर्ने अनुमति सम्बन्धित निकायबाट लिएर मात्र कम्पनीको उद्देश्य अनुसार कारोबार गर्नु पर्नेछ ।

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

**स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाण पत्र**

स्थायी लेखा नम्बर : ६ ० ६ ७ ३ ४ ७ २ ५
आन्तरिक राजस्व कार्यालय : आन्तरिक राजस्व कार्यालय पोखरा

दर्ता मिति
आयकर: २१ (दिन) ०५ (महिना) २०७५ (साल)

कारोबारको नाम : नेष्डो समृद्ध लघुवित्त वित्तिय संस्था लि.

करदाताको प्रकार : पब्लिक लिमिटेड

ठेगाना : वार्ड नं. ६, न्युरोड
नगरपालिका: कुश्मा,
पर्वत

व्यवसायका कारोबारहरु : वित्तिय सेवाहरु,

करदाताको दस्तखत

कर अधिकृत
कर अधिकृतको दस्तखत

करदाताले पालना गर्नुपर्ने कर्तव्यहरु:
- कारोवार गर्दा अनिवार्य रुपमा विल विजक जारी गर्नुपर्छ ।
- मू.अ.करमा दर्ता हुनेले प्रत्येक कर अवधि (मासिक वा द्वैमासिक वा चौमासिक) समाप्त भएको २५ दिनभित्र मू.अ.कर विवरण तथा मू.अ.कर रेकम बुझाउनु पर्छ ।
- अन्त:शुल्क लाग्ने कारोवार गर्नेले अन्यथा व्यवस्था गरेकोमा वाहेक प्रत्येक महिना समाप्त भएको २५ दिनभित्र मास्केवारी र अन्त:शुल्क रकम बुझाउनु पर्छ ।
- प्रत्येक आर्थिक वर्षका आय विवरण असोज मसान्तभित्र बुझाउनु पर्छ ।
- समयमा विवरण र कर रकम नबुझाएमा व्याज, शुल्क र जरिवाना लाग्नेछ ।
- यो प्रमाणपत्र देखिने गरी कारोवार स्थल/मुख्य कार्यालयमा राख्नु पर्नेछ ।
- कुनै द्विविधा भएमा कार्यालयमा सम्पर्क राख्नुहोला ।

इजाजतपत्र नं. ने.रा.बैंक/इ.प्रा./"घ"/८७/०७५/०७६

**नेपाल राष्ट्र बैंक**
केन्द्रीय कार्यालय
**बैंक तथा वित्तीय संस्था नियमन विभाग**
बालुवाटार, काठमाण्डौं

**वित्तीय कारोवार गर्ने इजाजतपत्र**

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७४/१२/२८ मा पब्लिक लिमिटेड कम्पनीको रुपमा द.नं. १८७५३२/०७४/०७५ बाट दर्ता भएको "नेष्डो समृद्ध लघुवित्त वित्तीय संस्था लिमिटेड" कुश्मा नगरपालिका-६, कुश्माबजार पर्वतलाई राष्ट्रियस्तर कार्यक्षेत्र भएको 'घ' वर्गको वित्तीय संस्थाको रुपमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ४९ को उपदफा (४) तथा यस बैंकबाट जारी निर्देशन एवं शर्तहरुको अधीनमा रही वित्तीय कारोवार सञ्चालन गर्न सोही ऐनको दफा ३४ ले दिएको अधिकार प्रयोग गरी यो इजाजतपत्र प्रदान गरिएको छ ।

मिति: २०७५/१०/२९

............................
(नारायण प्रसाद पौडेल)
कार्यकारी निर्देशक

# कम्पनी ऐन, २०६३ को दफा १०९ अनुसारको थप विवरण

**(क) आर्थिक वर्षको २०७७/७८ कारोबारको सिंहावलोकन :**
अध्यक्षज्यूद्धारा प्रस्तुत गरिने संचालक समितिको प्रतिवेदनमा समेटिएको ।

**(ख) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिबाट कम्पनीको कारोबारलाई कुनै असर परेको भए सो असर :**
अध्यक्षज्यूद्धारा प्रस्तुत गरिने संचालक समितिको प्रतिवेदनमा समेटिएको ।

**(ग) प्रतिवेदन तयार भएको मितिसम्म चालू वर्षको उपलब्धि र भविष्यमा गर्नु पर्ने कुराको सम्बन्धमा सञ्चालक समितिको धारणा :**
अध्यक्षज्यूद्धारा प्रस्तुत गरिने संचालक समितिको प्रतिवेदनमा समेटिएको ।

**(घ) कम्पनीको औद्योगिक वा व्यावसायिक सम्बन्ध :**
वित्तीय संस्था आफ्ना सबै सरोकारवाला पक्षसँग सुमधुर सम्वन्ध कायम गर्दै आएको छ । कर्जा सापट प्राप्त गर्न विभिन्न बैंक तथा वित्तीय संस्थाहरु, नियामक निकायहरु लगायत सबै संस्था तथा निकायहरुसँग सौहार्द सम्वन्ध रहेको छ। वित्तीय संस्था भित्र सबै तहका कर्मचारीहरुमा पूर्ण सामान्जस्यता कायम रहेको र निरन्तर एकै परिवार सरह अनुभुती हुने कार्यगत संस्कार रहेको छ ।

**(ङ) सञ्चालक समितिमा भएको हेरफेर र सोको कारण :**
२०७६ पुष २८ गते सम्पन्न प्रथम साधारण सभावाट चयन भएको सञ्चालक समितिमा रहनु भएको कुनैपनि व्यक्तिमा परिवर्तन भएको छैन ।

**(च) कारोबारलाई असर पार्ने मुख्य कुराहरु :**
अध्यक्षज्यूद्धारा प्रस्तुत गरिने संचालक समितिको प्रतिवेदनमा समेटिएको ।

**(छ) लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भएको भए सो उपर सञ्चालक समितिको प्रतिकृया :**
लेखा परिक्षण प्रतिवेदनमा नियमित कारोवारका गभ्भीर प्रकृतिको कुनै त्रुटिहरु देखिएको छैन । लेखापरीक्षण प्रतिवेदनबाट प्राप्त सुझावहरुमा संचालक समितिको ध्यानाकर्षण भएको छ । प्रतिवेदनबाट प्राप्त सुझावहरुलाई अनुसरण गर्न व्यवस्थापनलाई निर्देशन दिइएको छ ।

**(ज) लाभांश बाँडफाँड गर्न सिफारिस गरिएको रकम :**
आ.व.२०७७/०७८ को खुद मुनफाबाट लाभांस बाँडफाँड गर्न कुनै पनि रकम सिफरिस गरिएको छैन ।

**(झ) शेयर जफत भएको भए जफत भएको शेयर सङ्ख्या, त्यस्तो शेयरको अङ्कित मूल्य, त्यस्तो शेयर जफत हुनुभन्दा अगावै सो बापत कम्पनीले प्राप्त गरेको जम्मा रकम र त्यस्तो शेयर जफत भएपछि सो शेयर बिक्री गरी कम्पनीले प्राप्त गरेको रकम तथा जफत भएको शेयर बापत रकम फिर्ता गरेको भए सोको विवरण :**
हाल सम्म शेयर जफत भएको छैन ।

**(ञ) विगत आर्थिक वर्षमा कम्पनी र यसको सहायक कम्पनीको कारोबारको प्रगति र सो आर्थिक वर्षको अन्तमा रहेको स्थितिको पुनरावलोकन :**
यस वित्तीय संस्थाको सहायक कम्पनी रहेको छैन ।

**(ट) कम्पनी तथा त्यसको सहायक कम्पनीले आर्थिक वर्षमा सम्पन्न गरेको प्रमुख कारोबारहरु र सो अवधिमा कम्पनीको कारोबारमा आएको कुनै महत्वपूर्ण परिवर्तनः**
यस वित्तीय संस्थाको सहायक कम्पनी रहेको छैन ।

**(ठ) विगत आर्थिक वर्षमा कम्पनीको आधारभूत शेयरधनीहरुले कम्पनीलाई उपलब्ध गराएको जानकारी :**

यस वित्तीय संस्थाका राष्ट्रिय शैक्षिक तथा समाजिक विकास संस्था ,नेप्डो नेपाल र प्रभु बैंक लिमिटेड आधारमुत शेयरधनी रहनु भएको छ ।

**(ड) विगत आर्थिक वर्षमा कम्पनीका सञ्चालक तथा पदाधिकारीहरुले लिएको शेयरको स्वामित्वको विवरण र कम्पनीको शेयर कारोबारमा निजहरु संलग्न रहेको भए सो सम्बन्धमा निजहरुबाट कम्पनीले प्राप्त गरेको जानकारीः**

| क्र.सं | पद | सञ्चालकको नाम थर | शेयर कित्ता |
|---|---|---|---|
| १. | कार्यकारी अध्यक्ष | श्री विश्व प्रकाश प्रसाई ठकुरी | ३७,५०० कित्ता |
| २. | सञ्चालक | श्री रत्न प्रसाद अधिकारी | ५,००० कित्ता |
| ३. | सञ्चालक | श्री सावित्री खत्री क्षेत्री | १५,००० कित्ता |
| ४. | सञ्चालक | श्री प्रेम शर्मा पौडेल | २५०० कित्ता |
| ५. | सञ्चालक | श्री रेशम वहादुर खत्री | २५०० कित्ता |

वित्तीय संस्थाको शेयर कारोवारमा संचालक तथा पदाधिकारीहरु संलग्न भएको जानाकारी प्राप्त भएको छैन ।

**(ढ) विगत आर्थिक वर्षमा कम्पनीसँग सम्बन्धित सम्झौताहरुमा कुनै सञ्चालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थको बारेमा उपलब्ध गराइएको जानकारीको व्यहोरा :**

वित्तीय संस्थासँग सम्वन्धित सम्झौताहरुमा कुनै सञ्चालक तथा निजको आफन्तको व्यक्तिगत स्वार्थ रहेको-छैन ।

**(ण) कम्पनीले आफ्नो शेयर आफैले खरिद गरेको भए त्यसरी आफ्नो शेयर खरिद गर्नुको कारण, त्यस्तो शेयरको सङ्ख्या र अङ्कित मूल्य तथा त्यसरी शेयर खरिद गरे बापत कम्पनीले भुक्तानी गरेको रकम :**

-आफ्नो कुनै शेयर आफैले खरिद गरेको छैन ।

**(त) आन्तरिक नियन्त्रण प्रणाली भए वा नभएको र भएको भए सोको विस्तृत विवरण :**

**१. निति तथा विनियमावलीः** यस वित्तीय संस्थाले व्यवसायमा निहित जोखिमलाई न्युन गर्ने तथा आन्तरिक नियन्त्रण प्रणालीलाई बलियो बनाउन नेपाल राष्ट्र बैंकले समय समयमा जारी गरेको निर्देशनहरुको अधिनमा रहेर नीति, नियम, विनियामवली बनाई लागू गर्दै आइरहेको छ ।

**२. लेखा परिक्षण समितिः** यस वित्तीय संस्थामा गैर कार्यकारी संचालकको संयोजकत्वमा लेखापरीक्षण समिति गठन गरिएको छ । उक्त समितिमा वित्तीय संस्थाको आर्थिक अवस्थाको समिक्षा, आन्तरिक नियन्त्रण, लेखापरीक्षण सम्वन्धी कार्यक्रम र लेखा परीक्षणको परिमाण सम्वन्धमा विस्तृत छलफल गरी वित्तीय संस्थाको व्यवस्थापनलाई आवश्यक निर्देशन दिने गर्दछ । नेपाल राष्ट्र बैंकले तोके बमोजिम यस समितिको प्रमुख उत्तरदायित्व हुने गरी समितिले कार्य संचालन गरिरहेको छ ।

**३. जोखिम व्यवस्थापन समितिः** यस वित्तीय संस्थामा गैर कार्यकारी संचालक श्री रेशम बहादु खत्रीको संयोजकत्वमा ३ सदस्यीय जोखिम व्यवस्थापन समिति गठन गरिएको छ । जसमा लेखा परिक्षण समितिका संयोजक श्री प्रेम शर्मा पौडेल पदेन सदस्य र सदस्य सचिवमा कर्जा तथा आन्तरिक लेखा परिक्षण विभाग प्रमुख श्री नारायण प्रसाद प्रसाई रहनु भएकोछ । यस समितिले नेपाल राष्ट्र बैंकले तोके बमोजिमको काम ,कर्तव्य र अधिकार हुने गरी कार्य संचालन गरिरहेको छ ।

**४. सम्पति शुद्धिकरण अनुगमन समिति :** यस वित्तीय संस्थामा गैर कार्यकारी संचालक श्री रत्न प्रसाद अधिकारीको संयोजकत्वमा ३ सदस्यीय सम्पति शुद्धिकरण अनुगमन समिति गठन गरिएको छ । जसमा कर्जा तथा आन्तरिक लेखा परिक्षण विभाग प्रमुख श्री नारायण प्रसाद प्रसाई सदस्य र सदस्य सचिवमा वित्त तथा सुचना व्यवस्थापन विभाग प्रमुख श्री युधिष्ठिर भुषाल रहनु भएको छ ।

**५. कर्मचारी सेवा सुविधा समितिः** यस वित्तीय संस्थामा गैर कार्यकारी संचालक श्री सावित्री खत्री क्षेत्री लामिछानेको संयोजकत्वमा ३ सदस्यीय कर्मचारी सेवा सुविधा समिति गठन गरिएको छ। जसमा वित्त तथा सुचना व्यवस्थापन विभाग प्रमुख श्री युधिष्ठिर भुषाल सदस्य तथा सदस्य सचिवमा जनशक्ति व्यवस्थापन विभाग प्रमुख श्री उत्तम प्रसाद अधिकारी सदस्यको रुपमा रहनु

भएको छ। यस समितिले नेपाल राष्ट्र बैंकले तोके बमोजिमको काम ,कर्तव्य र अधिकार हुने गरी कार्य संचालन गरिरहेको छ।

६. **सस्था व्यवस्थापन समूह (समिति)**: वित्तीय संस्थाका कार्यकारी अध्यक्ष श्री विश्व प्रकाश प्रसाई ठकुरीको संयो जकत्वमा ५ सदस्यीय संस्था व्यवस्थापन समिति गठन गरिएको छ । जसमा वित्त तथा सुचना व्यवस्थापन विभाग प्रमुख श्री युधिष्ठिर भुषाल, कर्जा तथा आन्तरिक लेखा परिक्षण विभाग प्रमुख श्री नारायण प्रसाद प्रसाई, सामान्य सेवा विभाग प्रमुख श्री कमल प्रसाद शर्मा र जनशक्ति व्यवस्थापन विभाग प्रमुख श्री उत्तम प्रसाद अधिकारी सदस्यको रुपमा रहनु भएको छ ।

७. **आर्थिक निर्देशन समितिः** वित्तीय संस्थाका कार्यकारी अध्यक्ष श्री विश्व प्रकाश प्रसाई ठकुरीको संयोजकत्वमा ४ सदस्यीय आर्थिक निर्देशन समिति गठन गरिएको छ। जसमा वित्त तथा सुचना व्यवस्थापन विभाग प्रमुख श्री युधिष्ठिर भुषाल, कर्जा तथा आन्तरिक लेखा परिक्षण विभाग प्रमुख श्री नारायण प्रसाद प्रसाई समितिको सदस्य पदमा र सदस्य सचिवमा सामान्य से वा विभाग प्रमुख श्री कमल प्रसाद शर्मा रहनु भएको छ।

८. **खरिद समितिः** वित्तीय संस्थाका कार्यकारी अध्यक्ष श्री विश्व प्रकाश प्रसाई ठकुरीको संयोजकत्वमा ३ सदस्यीय खरिद समिति गठन गरिएको छ। जसमा वित्त तथा सुचना व्यवस्थापन विभाग प्रमुख श्री युधिष्ठिर भुषाल सदस्य र सदस्य सचिवमा सामान्य सेवा विभाग प्रमुख श्री कमल प्रसाद शर्मा रहनु भएको छ।

९. **कर्मचारी पदपूर्ति समितिः** कर्मचारी पदपूर्ति समिति वित्त तथा सुचना व्यवस्थापन विभाग प्रमुख युधिष्ठिर भुषालको संयोजकत्वमा ३ सदस्यीय समिति गठन गरिएको छ। समितिको सदस्यमा पदमा तोकेको प्रतिनिधिको रुपमा श्री नारायण प्रसाद प्रसाई र सदस्य सचिवको रुपमा जनशक्ति व्यवस्थापन विभाग प्रमुख श्री उत्तम प्रसाद अधिकारी सदस्यको रुपमा रहनु भएको छ।

१० **कागज धुल्याउने समिति :** कागज धुल्याउने समिति सामान्य सेवा विभाग प्रमुख श्री कमल प्रसाद शर्माको संयोजकत्वमा ४ सदस्यीय समिति गठन गरिएको छ। जसमा वित्त तथा सुचना व्यवस्थापन विभाग प्रमुख श्री युधिष्ठिर भुषाल,कार्यालय सुरक्षा प्रमुख श्री छविलाल शर्मा सदस्य र सदस्य सचिवमा कनिष्ठ अधिकृत (लेखा) श्री अनिता सोती रहनु भएको छ

११. **लिलाम समितिः** वित्तीय संस्थाका कार्यकारी अध्यक्ष श्री विश्व प्रकाश प्रसाई ठकुरीको संयोजकत्वमा ४ सदस्यीय लिलाम समिति गठन गरिएको छ । जसमा वित्त तथा सुचना व्यवस्थापन विभाग प्रमुख श्री युधिष्ठिर भुषाल, वित्त तथा लेखा विभाग प्रतिनिधिको रुपमा कनिष्ठ अधिकृत श्री अनिता सोती र सदस्य सचिवमा सामान्य सेवा विभाग प्रमुख श्री कमल प्रसाद शर्मा रहनु भएको छ।

१२. **कर्मचारी कर्जा समितिः** कर्मचारी कर्जा सुविधाको लागि वित्तीय संस्थाका कार्यकारी अध्यक्ष श्री विश्व प्रकाश प्रसाई ठकुरीको संयोजकत्वमा ५ सदस्यीय कर्मचारी कर्जा समिति गठन गरिएको छ । जसमा वित्त तथा सुचना व्यवस्थापन विभाग प्रमुख श्री युधिष्ठिर भुषाल, कर्जा तथा आन्तरिक लेखा परिक्षण विभाग प्रमुख श्री नारायण प्रसाद प्रसाई ,सामान्य सेवा विभाग प्रमुख श्री कमल प्रसाद शर्मा सदस्य र सदस्य सचिवमा जनशक्ति व्यवस्थापन विभाग प्रमुख श्री उत्तम प्रसाद अधिकारी सदस्यको रुपमा रहनु भएको छ।

**(थ) विगत आर्थिक वर्षको कुल व्यवस्थापन खर्चको विवरण :**

आर्थिक वर्ष २०७७/०७८ को व्यवस्थापन खर्चमा कर्मचारी खर्च रु.९१,९९१,६३१।३४ र अन्य संचालन खर्च रु. २७९५३०००।९० गरी कुल व्यवस्थापन खर्च रु.११९,९४४,६३२।२४ रहेको छ।

**(द) लेखापरीक्षण समितिका सदस्यहरुको नामावली, निजहरुले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुविधा, सो समितिले गरेको काम कारबाहीको विवरण र सो समितिले कुनै सुझाव दिएको भए सोको विवरण :**

यस वित्तीय संस्थामा गैर कार्यकारी संचालक श्री प्रेम शर्मा पौडेलको संयोजकत्वमा ३ सदस्यीय लेखा परीक्षण समिति रहेको छ। सो समितिको सदस्य सचिवमा कर्जा तथा आन्तरीक लेखापरीक्षण विभागका प्रमुख श्री नारायण प्रसाद प्रसाई र सदस्यमा जनशक्ति व्यवस्थापन विभागका प्रमुख श्री उत्तम प्रसाद अधिकारी रहनु भएको छ। समितिका सदस्यहरुलाई यस अवधिमा कुनै भत्ता प्रदान गरिएको छैन। सो समितिले संस्थाको आर्थिक अवस्थाको समीक्षा, आन्तरिक नियन्त्रण, लेखापरीक्षण सम्वन्धि कार्यक्रमहरु र लेखा परीक्षणको परिमाण सम्वन्धमा विस्तृत छलफल गरी संस्थाको व्यवस्थापनलाई आवश्यक निर्देशन दिने गरे को छ। समितिको बैठकमा लेखापरिक्षण प्रतिवेदनबारे छलफल भएको र प्रतिवेदनमा उल्लेखित कैफियतहरु सुधार गर्न सुझाव प्राप्त भएका छन् ।समितिले बाह्य लेखापरीक्षक नियुक्तिका लागि संचालक समिति समक्ष आवश्यक सिफारिस गरेको छ।

**(ध) सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख, कम्पनीका आधारभूत शेयरधनी वा निजको नजिकका नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनी वा संगठित संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाँकी भए सो कुरा :**

-नभएको

**(न) सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरुलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकमः**

**१. संचालकको भत्ता तथा सुविधा :** आ.व.२०७७/०७८ मा संचालकहरुलाई बैठक भत्ता बापत जम्मा रु.३,४५,०००/- भुक्तानी गरिएको छ। तथा अन्य खर्च रु ८९,६७०/- गरिएको छ।

**२. लेखा परीक्षकको पारिश्रमिक :** आ.व.२०७७/०७८ मा लेखापरीक्षकले बाह्य लेखा परिक्षण बापत रु.१,५०,०००/- खर्च जनाइएको छ।

**३. कार्यकारी प्रमुखको पारीश्रमिक, भत्ता तथा सुविधा :** आ.व.२०७७/०७८ मा कार्यकारी प्रमुखको रुपमा कार्यरत कार्यकारी अध्यक्षलाई वित्तीय संस्थाको प्रवन्धपत्र नियमावलिमा उल्लेखित पारिश्रमिक तथा दशै भत्ता बापत रु.१९,५०,००० /- भुक्तानी गरिएको छ।

**४. प्रवन्धकको पारीश्रमिक, भत्ता तथा सुविधा :** आ.व.२०७७/०७८ मा वित्तीय संस्थामा कार्यरत प्रवन्धकहरुलाई पारिश्रमिक, दशै खर्च, सञ्चयकोषमा थप बापत रु. ३३,१८,६००/- भुक्तानी गरिएको छ।

**(प) शेयरधनीहरुले बुझिलिन बाँकी रहेको लाभांशको रकम :**

हाल सम्म वित्तीय संस्थाले कुनै लाभांस वितरण नगरेकोले शेयरधनीहरुले बुझिलिन बाँकी रहेको लाभांशको रकम नभएको।

**(फ) दफा १४१ बमोजिम सम्पत्ति खरिद वा बिक्री गरेको कुराको विवरण :**

सो नभएको।

**(ब) दफा १७५ बमोजिम सम्बद्ध कम्पनीबीच भएको कारोबारको विवरण :**

सो नभएको।

**(भ) कम्पनी ऐन तथा प्रचलित कानून बमोजिम सञ्चालक समितिको प्रतिवेदनमा खुलाउनु पर्ने अन्य कुनै कुरा :**

सबै कुरा प्रतिवेदनमा खुलाईएकोले खुलाउनु पर्ने अन्य कुरा नभएको।

**(म) अन्य आवश्यक कुराहरु :**

अन्य आवश्यक कुराहरु नभएको, भएमा पछि समावेश गरिनेछ।

**S. ACHARYA & ASSOCIATES**
**Chartered Accountants**
PAN No: 103766562

Putalisadak, Kathmandu
Tel: +977-9851198461, 9845549279
E-mail: sacharyaassociates@gmail.com

स्वतन्त्र लेखापरिक्षकको प्रतिवेदन

शेयरधनी महानूभावहरु,
नेष्डो समृद्ध लघुवित्त वित्तीय संस्था लिमिटेड
कूस्मा नगरपालिका- ६, पर्वत

**वित्तीय विवरण उपर लेखापरीक्षण प्रतिवेदन**

हामीले नेष्डो समृद्ध लघुवित्त वित्तीय संस्था लिमिटेडको यसै साथ संलग्न आषाढ ३१, २०७८ (जुलाई १५, २०२१) को वासलात, सोही मितिमा समाप्त आर्थिक वर्षको नाफा नोक्सान हिसाव, नाफा नोक्सान बांडफांड हिसाव, नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन सम्वन्धि विवरण एवम् वित्तीय संस्थाद्धारा अपनाइएको प्रमुख लेखा नीतिहरु तथा लेखा सम्वन्धि अन्य व्याख्यात्मक टिप्पणीहरुको लेखापरीक्षण गरी देहाय बमोजिम प्रतिवेदन पेश गरेका छौं ।

**प्रतिदावी राय:**

१) हाम्रो रायमा व्यवस्थापनद्धारा पहिलेको वित्तिय लेखामान (Previous GAAP) अनुसार तयार गरिएका वित्तीय विवरणहरुले वित्तीय संस्थाको आषाढ ३१, २०७८ को वित्तीय स्थीति, उक्त मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाबले वित्तीय नतिजा र नगद प्रवाह विवरणले नगद प्रवाहको यथार्थ चित्रण गर्दछ । तथापि नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्धारा लागू गरिएका नेपाल वित्तीय प्रतिवेदन मानहरु पहिलो पटक लागू गर्दा आवश्यक पर्ने वित्तीय सूचनाको पुनर्लेखन, प्रस्तुति र थप खुलासा यस वित्तीय संस्थाबाट नगरिएको कारण संलग्न वित्तीय विवरणहरु नेपाल वित्तीय प्रतिवेदन मान बमोजिम ठीक रहेको, नरहेको सम्वन्धि यकिन गर्न असमर्थ छौं र सो उपर कुनै राय व्यक्त गरिएको छैन ।

**रायको आधार:**

हामीले नेपाल लेखापरीक्षणमान बमोजिम लेखापरीक्षण सम्पन्न गरेका छौं । उक्त नेपाल लेखापरीक्षणमान बमोजिम हाम्रो दायित्वको बारेमा यस प्रतिवेदनको "वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको जिम्मेवारी" शिर्षक अन्तरगत थप उल्लेख गरिएको छ । वित्तीय संस्थाको लेखापरीक्षणको सिलसिलामा सान्दर्भिक नैतिक आवश्यकता र नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले लेखापरीक्षकको निम्ति जारी गरेको आचार संहिता "Handbook of the Code of Ethics for Professional Accountants" बमोजिम हामी यस वित्तीय संस्थाबाट स्वतन्त्र छौं तथा उक्त आचार संहिता बमोजिम हामीले हाम्रो आचारणगत जिम्मेवारी सम्पन्न गरेका छौं । हाम्रो लेखापरीक्षणबाट प्राप्त लेखापरीक्षण प्रमाणहरु हाम्रो रायलाई पर्याप्त तथा उपयूक्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

**खास लेखापरीक्षकीय विषयवस्तुहरु (Key Audit Matters)**

प्रतिदावी रायको आधारमा उल्लेखित विषयवस्तुहरु बाहेक , अन्य खास लेखापरीक्षकीय विषयवस्तुहरु नरहेको ।

S. ACHARYA & ASSOCIATES Kathmandu Nepal Chartered Accountants

**वित्तीय विवरणहरु प्रति व्यवस्थापन तथा शासकीय व्यवस्था बहन गर्ने अख्तियारीको जिम्मेवारी:**

नेपाल राष्ट्र बैंकको निर्देशन अनुरुप यथार्थ एवम् उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवम् प्रस्तुत गर्ने तथा उचित आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी जिम्मेवारी अन्तर्गत चाहे जालसाजी वा गल्तिबाट होस, सारभूत रुपले त्रुटि रहित वित्तीय विवरण तयार गर्ने, आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा, कार्यान्वयन र संचालन गर्ने, लेखा नीतिहरुको छनौट तथा लागू गर्ने एवम् परिस्थीति अनुसार लेखा सम्वन्धि महत्वपूर्ण अनुमान गर्ने कार्य पर्दछ ।

वित्तीय विवरण तयार गर्दा वित्तीय संस्थाको अविच्छिन्नता (Going Concern) सम्वन्धि संस्थागत निरन्तरता क्षमताको जांच गर्नु, लागु हुने भए अनुसार अविच्छिन्नता सम्वन्धि व्यहोरा उल्लेख गर्नु तथा व्यवस्थापनले संस्था खारेज वा संचालन बन्द वा उक्त कार्य गर्नु बाहेक अन्य उपयूक्त विकल्प नभएमा बाहेक अविच्छिन्नता सम्वन्धि लेखाको आधार प्रयोग गर्नु पदर्छ ।

वित्तीय संस्थाको वित्तीय प्रतिवेदन सम्वन्धि प्रक्रिया निरीक्षण गर्नु शासकीय व्यवस्था बहन गर्ने अख्तियारीमा रहेको हुन्छ ।

**वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको जिम्मेवारी:**

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु जालसाजी वा त्रुटीको कारण सारभूत गल्तिबाट मूक्त छन, छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चत भई मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो । मनासिव आश्वासन उच्च स्तरको आश्वासन हो । तर मनासिव आश्वासन प्राप्त भए पनि नेपाल लेखापरीक्षण मान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको सारभूत त्रुटि भएमा लेखापरीक्षण सिद्धान्तको अन्तरनिहित सीमितताको कारण सो सारभूत त्रुटि सधै पत्ता लाग्छ भन्ने छैन । त्रुटिहरु जालसाजी वा गल्तिबाट निम्तिन्छन र ती त्रुटिहरुले एक्लै वा सामूहिक रुपमा वित्तीय विवरणको प्रयोगकर्ताको वित्तीय निर्णयलाई असर गर्ने भएमा उक्त त्रुटिहरुलाई सारभूत ठानिन्छन ।

लेखापरीक्षकको जिम्मेवारी सम्वन्धि थप अन्य कुराहरु:

- नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षण आश्वस्तता प्रदान गर्दा हामीले व्यवसायिक क्षमता प्रयोग गरेका छौं । वित्तीय संस्थाको वित्तीय विवरणहरुमा जालसाजी वा भूलबाट हुन सक्ने सारभूत त्रुटिहरुको जोखिम पहिचान र तिनको मूल्यांकन गरेका छौं । हाम्रो रायको लागि आधार हुने लेखापरीक्षण प्रमाणहरु जांच गरी यी जोखिमको न्यूनीकरण गर्न आवश्यक लेखापरीक्षण प्रक्रियाहरु तर्जुमा तथा अवलम्वन गरेका छौं । भूलबाट हुने त्रुटि भन्दा जालसाजीबाट हुने त्रुटि पत्ता लगाउन नसक्ने जोखिम अधिक हुन्छ ।
- हामीले आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता माथि राय व्यक्त गर्ने उद्देश्यले नभई वित्तीय संस्था सुहाउंदो लेखापरीक्षण प्रक्रिया तयार गर्न आन्तरिक नियन्त्रण प्रणाली सम्वन्धि जानकारी लिएका छौं ।
- हामीले व्यवस्थापनले प्रयोग गरेका लेखा नीति, लेखा अनुमानको औचित्यता एवम् वित्तीय विवरणहरुसंग सम्वन्धित व्यवस्थापनबाट गरिएका प्रस्तुतिको मूल्यांकन गरेका छौं ।
- व्यवस्थापनले गरेको अविच्छिन्नताको निश्कर्षलाई हामीले प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरुको आधारमा मूल्यांकन गरेका छौं । मूल्यांकन गर्दा लिएका आधारहरुको जोखिम भविष्यमा हुन सक्ने सम्भावनालाई नकार्न सकिदैन ।
- स्वतन्त्र एवम् नैतिक आवश्यकताहरुको पूर्ण रुपले पालना गरिएको छ र हाम्रो स्वतन्त्रतालाई असर गर्ने सवै सम्वन्ध तथा निराकण गर्नु पने अन्य विवरण तथा सोको उपायहरु शासकीय व्यवस्था वहन गर्ने अख्तियारीलाई सूचित गराएका छौं ।

S. ACHARYA & ASSOCIATES
Kathmandu Nepal
Chartered Accountants

- वित्तीय विवरणहरुको समग्र ढांचा, लेखा नीति एवम् टिप्पणीहरुको उचित प्रस्तुति तथा सो वित्तीय विवरणले अन्तरनिहित कारोवारलाई उचित ढंगले प्रस्तुत गरेको अवस्था बारे यकिन गर्न आवश्यक मूल्यांकन गरेका छौं ।

**अन्य कानुनी तथा नियामक आवश्यकता प्रति प्रतिवेदन:**

माथि उल्लेखित व्योहोराको अतिरिक्त हामीले गरेका लेखापरीक्षण तथा हामीलाई प्राप्त सूचना एवम उपलब्ध स्पष्टिकरणको आधारमा देहायको प्रतिवेदन पेश गर्दछौं:

(क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टिकरण र जवाफ प्राप्त गरेका छौं ।

(ख) हाम्रो रायमा यो प्रतिवेदनसंग सम्वन्धित आषाढ ३१, २०७८ को वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा-नोक्सान हिसाब, नाफा-नोक्सान बांडफांड हिसाब, नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन सम्वन्धि विवरण, लेखा सम्वन्धि विवरण र संलग्न अनुसूचीहरु नेपाल राष्ट्र बैंकले तोकेको ढाँचा र तरिका अनुसार तयार भएका छन र उक्त विवरण वित्तीय संस्थाले राखेको हिसाब किताब, बहीखाता, श्रेस्ता र लेखासँग दुरुस्त रहेको छन ।

(ग) यस वित्तीय संस्थाको हिसाब किताब, खाता बही, श्रेस्ता र लेखाहरु प्रमुख लेखा नीतिको बुदा नं (१४) मा उल्लेख गरेको श्रम ऐन, २०७४ सम्वन्धि व्यवस्था बाहेक सारभूत रुपमा कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन, २०७३ लगायत अन्य प्रचलित कानून बमोजिम ठीकसँग राखिएका छन ।

(घ) हाम्रो लेखापरीक्षणको समयमा दिइएको विवरण तथा व्याख्याहरु एवम् वित्तीय संस्थाको खाताहरुको परीक्षण गर्दा यस वित्तीय संस्थाको संचालक समिति वा त्यसको सदस्यहरु वा कुनै प्रतिनिधि वा कुनै पदाधिकारी वा कर्मचारीले प्रचलित कानून विपरीत कुनै कामकाज वा अनियमित कार्य गरेको वा वित्तीय संस्थाको सम्पत्ति हिनामिना गरेको वा वित्तीय संस्थालाई हानी नोक्सानी गरे, गराएको हाम्रो जानकारीमा आएन ।

(ङ) बैंक वा वित्तीय संस्थाको कारोबार राष्ट्र बैंकले तोके बमोजिम सन्तोषप्रद रुपबाट सञ्चालन भएको पाइयो ।

(च) नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार यस वित्तीय संस्थाले व्याज आम्दानी नगद प्राप्तिको आधारमा लेखांकन गरेको छ ।

(छ) वित्तीय संस्थाले गरेको कार्य आफ्नो कार्यक्षेत्र भित्र नरहेको जानकारीमा आएन ।

(ज) वित्तीय संस्थाले लगानीकर्ताहरुको हित संरक्षण विरुद्ध कार्य गरेको जानकारीमा आएन ।

(झ) वित्तीय संस्थामा लेखासम्वन्धि कुनै जालसाजी भएको सम्वन्धि वित्तीय संस्थाको श्रेस्ता र सोको लेखापरीक्षणबाट हाम्रो जानकारीमा आएन ।

सि.ए.सागर आचार्य
एस.आचार्य एण्ड एसोसिएटस्
चार्टर्ड एकाउन्टेन्ट्स

S. ACHARYA & ASSOCIATES Kathmandu Nepal Chartered Accountants

स्थान: पर्वत
मिति: २०७९।०२।२४
UDIN Number: 220610CA00808bJuhe

निर्देशन फा.न.घ ४.१

# नेप्डो समृद्ध लघुवित्त वित्तीय संस्था लिमिटेड

## कुस्मा नगरपालिका-६, पर्वत

## २०७८ साल आषाढ मसान्त
## वासलात

| पूँजी तथा दायित्व | अनुसूची | यस बर्ष .रु. | गत.बर्ष .रु. |
|---|---|---|---|
| १. शेयर पूँजी | ४.१ | १७२,१२५,०००.०० | १७२,१२५,०००.०० |
| २. जगेडा तथा कोषहरु | ४.२ | ४०४,४५२,६७२.८० | २७७,८८१,५४६.६६ |
| ३. ऋणपत्र तथा बन्ड | ४.३ | - | - |
| ४. तिर्न बाँकी कर्जा सापट | ४.४ | ३८९,२७२,६७५.०५ | ३१२,४९९,९९४.४० |
| ५. निक्षेप दायित्व | ४.५ | २,२४३,०५१,९२१.२१ | २,०८५,९३८,८५२.२१ |
| ६. प्रस्तावित नगद लाभांश | | - | - |
| ७. आयकर दायित्व | | ५७,२६६,४०८.५७ | १,००९,०९५.६१ |
| ८. अन्य दायित्व | ४.६ | ६२०,५२०,६१६.६५ | ९८६,८६२,३०९.९२ |
| कुल पूँजी तथा दायित्व | | ३,८८६,६८९,२९४.२८ | ३,८३६,३१६,७९८.८० |

| सम्पति | अनुसूची | यस बर्ष .रु. | गत.बर्ष .रु. |
|---|---|---|---|
| १. नगद मौज्दात (सिक्का समेत) | | ३,२६०,५२०.०० | २,०२०,१३३.०० |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | | - | - |
| ३. बैंक/वित्तीय संस्थामा रहेको मौज्दात | ४.७ | ४८२,७६९,२१३.५९ | ५८७,४६४,७२२.४४ |
| ४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | | - | - |
| ५. लगानी | ४.८ | - | - |
| ६. कर्जा सापट | ४.९ | ३,३५८,८६५,३७२.३४ | ३,२०२,८९०,०६८.९३ |
| ७. स्थिर सम्पत्ति | ४.१० | १०,१५६,२७०.५६ | १२,६४८,१४४.१६ |
| ८. गैर बैकिङ्ग सम्पत्ति | ४.११ | - | - |
| ९. अन्य सम्पत्ति | ४.१२ | ३१,६३७,९१७.८० | ३१,२९३,७३०.२८ |
| कुल सम्पत्ति | | ३,८८६,६८९,२९४.२८ | ३,८३६,३१६,७९८.८० |

| | |
|---|---|
| सम्भावित दायित्व | अनूसुची ४.१३ |
| सञ्चालकहरुको घोषणा | अनूसुची ४.२३ |
| पूँजीकोष तालिका | अनूसुची ४.२४ |
| जोखिम भारित सम्पत्ति विवरण तालिका | अनूसुची४.२४(क) |
| प्रमूख सूचकाङ्कहरु | अनूसुची ४.२५ |
| प्रमूख लेखा नीतिहरु | अनूसुची ४.२६ |
| लेखा सम्वन्धी टिप्पणीहरु | अनूसुची ४.२७ |

४.१ देखि ४.१३ सम्मका अनूसुचीहरु वासलातका अभिन्न अंग हुन् ।

हाम्रो आजको मितिको
संलग्न प्रतिवेदनको आधारमा

(सावित्री खत्री क्षेत्री लामिछाने)
अध्यक्ष

(विश्व प्रकाश प्रसाई ठकुरी)
प्रवन्ध सञ्चालक

(सि.ए.सागर आचार्य)
एस. आचार्य एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

(रेशम बहादुर खत्री)
सञ्चालक

(रत्न प्रसाद अधिकारी)
सञ्चालक

मिति : २०७९ जेष्ठ २४ गते
स्थान :पर्वत

# नेष्डो समृद्ध लघुवित्त वित्तीय संस्था लिमिटेड

## कुस्मा नगरपालिका-६, पर्वत

## मिति २०७७/०४/०१ देखि २०७८/०३/३१ सम्म

## नाफा नोक्सान हिसाव

| विवरण | अनुसूची | यस बर्ष .रु. | गत.बर्ष .रु. |
|---|---|---|---|
| १.ब्याज आम्दानी | ४.१४ | ५९७,२१५,८२१.८३ | ६२७,२४९,५४९.२६ |
| २.ब्याज खर्च | ४.१५ | १८३,५४१,१६९.७९ | २२१,५५१,०५८.३९ |
| **खुद ब्याज आम्दानी** | | **४१३,६७४,६५२.०४** | **४०५,६९८,४९०.८७** |
| ३.कमिशन तथा अन्य सञ्चालन आम्दानी | ४.१६ | ७४,०२०,५८१.०० | ८०,८९०,८६४.६८ |
| ४.सटही घटवढ आम्दानी | | - | - |
| **कुल सञ्चालन आम्दानी** | | **४८७,६९५,२३३.०४** | **४८६,५८९,३५५.५५** |
| ५.कर्मचारी खर्च | ४.१७ | ९१,९९१,६३१.३४ | १०१,१२०,८२३.८४ |
| ६.अन्य सञ्चालन खर्च | ४.१८ | २७,९५३,०००.९० | ३२,२५७,००७.३६ |
| ७.सटही घटवढ नोक्सान | | - | |
| **सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा** | | **३६७,७५०,६००.८०** | **३५३,२११,५२४.३५** |
| ८.सम्भावित नोक्सानी व्यवस्थाहरु | ४.१९ | १६६,४७८,४३१.७६ | २०१,८३८,९९०.५२ |
| **सञ्चालन मुनाफा** | | **२०१,२७२,१६९.०५** | **१५१,३७२,५३३.८३** |
| ९.गैर संञ्चालन आम्दानी / खर्च | ४.२० | - | - |
| १०.सम्भावित नोक्सानी ब्यवस्था बाट फिर्ता | ४.२१ | ६५,०३३,९४६.१७ | १,७४९,७०२.९५ |
| **नियमित कारोवारबाट भएको मुनाफा** | | **२६६,३०६,११५.२२** | **१५३,१२२,२३६.७८** |
| ११.असामान्य कारोवारवाट भएको आम्दानी/खर्च | ४.२२ | १८१,४७०.०० | ८५९,५७०.०० |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद मुनाफा** | | **२६६,४८७,५८५.२२** | **१५३,९८१,८०६.७८** |
| १२.कर्मचारी बोनस ब्यवस्था | | २६,६४८,७५८.५२ | १३,९९८,३४६.०७ |
| १३.आयकर व्यवस्था | | ११०,०८५,३३४.७२ | ४२,०९५,५८६.६३ |
| यस वर्षको कर व्यवस्था | | ११२,२६६,४०८.५७ | ४६,००९,०९५.६१ |
| विगत वर्षसम्मको कर व्यवस्था | | - | - |
| यस वर्षको स्थगन कर आम्दानी | | (२,१८१,०७३.८५) | (३,९१३,५०८.९८) |
| **खुद नाफा/नोक्सान** | | **१२९,७५३,४९१.९७** | **९७,८८७,८७४.०७** |

४.१४ देखि ४.२२ सम्मका अनुसूचीहरु नाफा नोक्सान हिसावका अभिन्न अंग हुन् ।

हाम्रो आजको मितिको संलग्न प्रतिवेदनको आधारमा ।

(सावित्री खत्री क्षेत्री लामिछाने)
अध्यक्ष

(विश्व प्रकाश प्रसाई ठकुरी)
प्रवन्ध सञ्चालक

(सि.ए.सागर आचार्य)
एस. आचार्य एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

S. ACHARYA & ASSOCIATES
Kathmandu Nepal
Chartered Accountants

(रेशम बहादुर खत्री)
सञ्चालक

(रत्न प्रसाद अधिकारी)
सञ्चालक

मिति : २०७९ जेष्ठ २४ गते
स्थान :पर्वत

नेष्डो समृद्ध लघुवित्त वितिय संस्था लिमिटेड
केन्द्रीय कार्यालय, कुस्मा, पर्वत

# नेष्डो समृद्ध लघुवित्त वित्तीय संस्था लिमिटेड

## कुस्मा नगरपालिका-६, पर्वत

## नाफा नोक्सान बाँडफाँड हिसाब

### मिति २०७७/०४/०१ देखि २०७८/०३/३१ सम्म

| विवरण | अनुसुची | यस वर्ष रु | गत वर्ष रु |
|---|---|---|---|
| **आम्दानी** | | | |
| १. गत वर्षसम्मको संचित मुनाफा | | १२८,१९८,५१३.११ | ५८,३०८,११०.३० |
| २. यस वर्षको मुनाफा | | १२९,७५३,४९१.९७ | ९७,८८७,८७४.०७ |
| ३. सटही घटबढ कोष | | - | - |
| जम्मा | | २५७,९५२,००५.०८ | १५६,१९५,९८४.३७ |
| **खर्च** | | | |
| १. गत वर्षसम्मको सञ्चित नोक्सान | | - | - |
| २. यस वर्षको नोक्सान | | - | - |
| ३. साधारण जगेडाकोष | | २५,९५०,६९८.३९ | १९,५७७,५७४.८१ |
| ४. भैपरी आउने जगेडा | | - | - |
| ५. संस्था विकास कोष | | - | - |
| ६. लाभांश समीकरण कोष | | - | - |
| ७. कर्मचारी सम्वन्धी जगेडाहरु | | - | - |
| ८. प्रस्तावित लाभांश | | - | - |
| ९. प्रस्तावित बोनस शेयर | | - | - |
| १०. विशेष जगेडा कोष | | - | - |
| ११. सटही घटबढ कोष | | - | - |
| १२. पूँजी फिर्ता जगेडा कोष | | - | - |
| १३. पूँजी समायोजन कोष | | - | - |
| १४. ग्राहक संरक्षण कोष | | १,२९७,५३४.९२ | ९७८,८७८.७४ |
| १५. स्थगन कर जगेडा कोष | | २,१८१,०७३.८५ | ३,९१३,५०८.९८ |
| १६. संस्थागत सामाजिक उत्तरदायित्व कोष | | १,२९७,५३४.९२ | ९७८,८७८.७४ |
| १७. कर्मचारी दक्षता अभिवृद्धि कोष | | २,५४८,६२९.९९ | २,५४८,६२९.९९ |
| जम्मा | | ३३,२७५,४७२.०७ | २७,९९७,४७१.२६ |
| १८. सञ्चित मूनाफा/(नोक्सान) | | २२४,६७६,५३३.०१ | १२८,१९८,५१३.११ |

हाम्रो आजको मितिको
संलग्न प्रतिवेदनको आधारमा

(सावित्री खत्री क्षेत्री लामिछाने)
अध्यक्ष

(विश्व प्रकाश प्रसाई ठकुरी)
प्रवन्ध सञ्चालक

(सि.ए.सागर आचार्य)
एस. आचार्य एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

(रेशम बहादुर खत्री)
सञ्चालक

(रत्न प्रसाद अधिकारी)
सञ्चालक

मिति : २०७९ जेष्ठ २४ गते
स्थान :पर्वत

## नेष्डो समृद्ध लघुवित्त वित्तीय संस्था लिमिटेड
### कुस्मा नगरपालिका-६, पर्वत
### नगद प्रवाह विवरण
### मिति २०७७/०४/०१ देखि २०७८/०३/३१ सम्म

| क.सं. | विवरण | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|---|
| (क) | **कारोबार सञ्चालनबाट नगद प्रवाह** | (९९,७४२,७३६.०३) | २३२,४८१,३१६.४२ |
| १ | **नगद प्राप्ति** | ६७१,४१७,८७२.८३ | ७०८,९९९,९८३.९४ |
| १.१ | ब्याज आम्दानी | ५९७,२१५,८२१.८३ | ६२७,२४९,५४९.२६ |
| १.२ | अपलेखित कर्जाको असुली | १८१,४७०.०० | ८५९,५७०.०० |
| १.३ | कमिशन तथा अन्य आम्दानी | ७४,०२०,५८१.०० | ८०,८९०,८६४.६८ |
| २ | **नगद भुक्तानी** | ३६२,२६१,१७९.९३ | ३९६,९२२,६५६.१९ |
| २.१ | ब्याज खर्च | १८३,५४१,१६९.७९ | २२१,५५१,०५८.३९ |
| २.२ | कर्मचारी खर्च | ९८,८१६,३७६.५७ | ११५,११९,१६९.९१ |
| २.३ | कार्यालय सञ्चालन खर्च | २३,८९४,५३७.९६ | २८,०२५,७४३.१८ |
| २.४ | आयकर भुक्तानी | ५६,००९,०९५.६१ | ३२,२२६,६८४.७१ |
| २.५ | अन्य खर्च | | |
| | **कार्यगत पूँजी गतिविधि अघिको नगद प्रवाह** | ३०९,१५६,६९२.९० | ३१२,०७७,३२७.७५ |
| | **सञ्चालन सम्बन्धि चालु सम्पत्तिमा कमी/(बृद्धि)** | (२५६,६१९,४७२.०२) | (२८६,८१६,९०६.६९) |
| १. | माग तथा अल्प सूचनामा प्राप्त हुने रकममा कमी/(बृद्धि) | - | - |
| २. | अन्य अल्पकालीन लगानीमा कमी/(बृद्धि) | - | - |
| ३. | कर्जामा कमी/(बृद्धि) | (२५७,४१९,७८९.००) | (२९१,८५५,६०५.९९) |
| ४. | अन्य सम्पत्तिमा कमी/(बृद्धि) | ८००,३१६.९९ | ५,०३८,६९९.३१ |
| | **सञ्चालन सम्बन्धि चालू दायित्वमा (कमी)/बृद्धि** | (१५२,२७९,९५६.९१) | २०७,२२०,८९५.३५ |
| १. | निक्षेप दायित्वमा (कमी)/बृद्धि | १५७,११३,०६९.०० | ३०१,९२३,७२०.०० |
| २. | अल्पकालीन सापटीमा (कमी) / बृद्धि | ७६,७७२,६८०.६५ | १०१,४७३,३०७.०० |
| ३. | अन्य दायित्वमा (कमी)/ बृद्धि | (३८६,१६५,७०६.५६) | (१९६,१७६,१३१.६५) |
| (ख) | **लगानी कारोवारमा नगद प्रवाह** | (५३०,०२०.००) | (३,८३३,५७९.०१) |
| १ | दीर्घकालीन लगानीमा कमी/(बृद्धि) | - | - |
| २ | स्थिर सम्पतिमा कमी/(बृद्धि) | (५३०,०२०.००) | (३,८३३,५७९.०१) |
| ३ | दीर्घकालीन लगानीमा ब्याज आम्दानी | | |
| ४ | लाभांश आम्दानी | | |
| ५ | अन्य | | |
| (ग) | **वित्तीय श्रोत कारोवारबाट नगद प्रवाह** | (३,१८२,३६५.८३) | १४०,३४७,४८३.७४ |
| १. | दीर्घकालीन ऋण (वण्ड, डिवेन्चर आदि) मा बृद्धि/(कमी) | | |
| २ | शेयर पूँजीमा बृद्धि/(कमी) | - | १०२,१२५,०००.०० |
| ३. | अन्य दायित्वमा (कमी)/ बृद्धि | (३,१८२,३६५.८३) | ३८,२२२,४८३.७४ |
| ४. | नेपाल राष्ट्र बैंकवाट प्राप्त सहुलियत/पुनरकर्जामा बृद्धि/(कमी) | | |
क. स्थिर सम्पत्तिको ह्रासकट्टी घट्दो ह्रास प्रणाली (Diminishing Balance Method) मा निम्न दरमा कट्टी गरिएको छ ।

| **विवरण** | **ह्रासकट्टी दर** |
|---|---|
| फर्निचर | २५% |
| कार्यालय सञ्चालन उपकरण | २५% |
| कम्प्युटर | २५% |
| सवारी साधन | २०% |
| अन्य सम्पत्ति | १५% |

ख. कम्पनीले सफ्टवेयर तथा यस्तै प्रकारका अन्य अदृश्य सम्पत्ति (Intangible Assets) लाई लागत मूल्यमा लेखाङ्कन गरी ५ वर्षमा ह्रासकट्टी गर्ने नीति लिएको छ ।

ग. चालु आर्थिक वर्षमा खरिद एवं लेखाङ्कन गरी प्रयोगमा ल्याइएका स्थिर सम्पत्तिको ह्रासकट्टी आयकर ऐनको व्यवस्था बमोजिम पौषसम्मको खरिदमा उल्लेखित दरको सत् प्रतिशत, माघ-चैत्रको खरिदमा ६६.६६ प्रतिशत र बैशाख-आषाढको खरिदमा ३३.३३ प्रतिशत खर्च लेख्ने व्यवस्था गरिएको छ । बिक्री तथा अपलेखन गरिएको स्थिर सम्पत्तिको हकमा बिक्री तथा अपलेखन हुनुभन्दा अगाडिको खाताबन्दीसम्म ह्रासकट्टी गरिएको छ ।

**६. आयकर व्यवस्था नीतिः**

आयकरले चालु कर (Current Year Tax) तथा स्थगन कर (Deferred Tax) दुवैलाई जनाउँछ ।

क. आयकर व्यवस्थाः

आयकर ऐन, २०५८ तथा नियमावलीका व्यवस्थाहरु अनुसार प्रचलित करको दरले गणना गरी आयकरको व्यवस्था गरिएको छ ।

ख. स्थगन कर सम्पत्ति (Deferred Tax):

स्थगन कर सम्पत्ति तथा दायित्वको आधारमा स्थगन गरिएको कर हो । वित्तीय विवरण अनुसारको सम्पत्ति तथा दायित्वको रकम तथा कर आधार विच फरक भई सृजना हुने अस्थायी अन्तर (Temporary Difference) को कारणले भविष्यमा सृजना हुने कर दायित्व तथा सम्पत्तिको लगत राख्ने उद्देश्यले स्थगन करको लेखाङ्कन गरिएको छ । स्थगन कर सम्पत्ति तथा दायित्व मापन गर्नका लागि जुन वर्षमा अस्थायी अन्तर समायोजन हुन सक्ने सोही वर्षका लागि ऐन द्वारा लागु भई सकेको करको दर वा हालको करको दर लागु हुने अनुमान गरिएको छ ।

**७. लगानी सम्बन्धी नीतिः**

संस्थाको नेपाल राष्ट्र बैंकको लगानी सम्बन्धी निर्देशन बमोजिम लगानी मुल्याङ्कन गर्ने नीति रहेको छ ।

**८. गैर बैंकिङ्ग सम्पत्तिको लेखाङ्कन नीतिः**

गैर बैंकिङ्ग सम्पत्तिको नोक्सानी व्यवस्था नेपाल राष्ट्र बैंकबाट जारी भएको निर्देशन बमोजिम गर्ने नीति लिइएको छ ।

नेष्डो समृद्ध लघुवित्त वित्तिय संस्था लिमिटेड केन्द्रीय कार्यालय, कुश्मा, पर्वत

S. ACHARYA & ASSOCIATES Kathmandu Nepal Chartered Accountants

९. **आम्दानी/खर्च लेखाङ्कन नीतिः**

(क) निक्षेपमा दिईने र कर्जामा लिईने ब्याज ३६५ दिनलाई एक वर्षको आधार मानी गणना गरिएको छ । कर्जा सापटमा पाकेको ब्याज नेपाल राष्ट्र बैंकले तोके बमोजिम नगद प्राप्तिको आधारमा मा लेखा राख्ने नीति अपनाईएको छ । यस बमोजिमको नगद प्राप्तिका आधारमा ब्याज आम्दानी जनाउने यो नीति नेपाल लेखामान NAS 07 on Revenue सँग समान्जस्य छैन ।

(ख) लाभांश, कमिशन तथा सेवा शुल्क नगद प्राप्तिको आधार (**Cash Basis**) मा लेखाङ्कन गरिएको छ ।

(ग) वर्षान्तमा असुल हुन बांकी कर्जाको व्याज नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार असुल भएको व्याजलाई मात्र आम्दानीमा लेखाङ्कन गरि बाकीं व्याज रकमलाई मात्र व्याज मुल्तविमा राख्ने गरिएको छ ।

(घ) ब्याज तिर्नूपर्ने निक्षेप दायित्व तथा कर्जा सापटमा तिर्नू पर्ने ब्याज रकम तथा अन्य संचालन खर्चहरु प्रोदभावी आधार (Accrual Basis) मा लेखांकन गर्ने नीति रहेको छ ।

१०. **कर्जाको साँवा तथा ब्याज असूल गर्ने व्यवस्थाः**

कर्जाको साँवा तथा ब्याज असूल गर्दा सर्वप्रथम हर्जाना रकम, ब्याज रकम र त्यस पश्चात साँवा असूल गर्ने व्यवस्था गरिएको छ ।

११. **सम्भावित कर्जा नोक्सानी व्यवस्था तथा असुली हुन नसक्ने कर्जाहरुको अपलेखन नीतिः**

क. कर्जा तथा सापटलाई नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन बमोजिम सक्रिय र निष्क्रिय कर्जाको रुपमा वर्गिकरण गरिएको छ । जस अनुसार सक्रिय कर्जा सापट तथा बिल खरीद अन्तर्गत भाखा ननाघेको तथा सुक्ष्म निगरानी र निष्क्रिय कर्जा, सापट तथा विल खरीद अन्तर्गत कमसल, शंकास्पद तथा खराब कर्जालाई नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन बमोजिम वर्गिकरण गरी वासलातमा सम्भावित नोक्सानी व्यवस्था पछिको खूद मूल्यमा देखाइएको छ ।

ख. कर्जा सापटीको अपलेखन नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन एवं वित्तीय संस्थाको कर्जा अपलेखन नीतिमा भए बमोजिम गर्ने नीति रहेको छ ।

१२. **मसलन्द तथा छपाई खर्चः**

वित्तीय संस्थाले खरीद गर्ने मसलन्द तथा छपाई सामानहरुलाई उपयोगको आधारमा FIFO Method बाट खर्च जनाउने नीति लिएको छ ।

१३. **संचित विदा खर्चः**

यस वित्तीय संस्थाको कर्मचारी सेवा विनियमावली, २०७६ बमोजिम संचित विदाको व्यवस्था गर्ने निति रहेको छ ।

१४. **उपदान व्यवस्थाः**

यस वित्तीय संस्थाको कर्मचारी सेवा विनियमावली २०७६ बमोजिम उपदान दिने व्यवस्था गरिएको छ । उपदान अर्न्तगतका केही व्यवस्था श्रम ऐन २०७४ बमोजिम छैन ।

१५. **कर्मचारी बोनसः**

कर्मचारी बोनसको व्यवस्था बोनस ऐन, २०३० अनुसार हुने नीति लिएको छ ।

१६. **कर्मचारी संचय कोषः**

स्थायी कर्मचारीहरुको दश प्रतिशत योगदानमा यस वित्तीय संस्थाले दश प्रतिशत थप गरी कर्मचारी संचय कोषको कार्यालयमा कर्मचारीहरुको नाममा उक्त रकम जम्मा गर्ने व्यवस्था गरेको छ । वित्तीय संस्थाबाट

S. Acharya & Associates Kathmandu Nepal Chartered Accountants

कर्मचारी संचयकोषमा योगदान गरिएको समयमा नै खर्च जनाइएको छ। उक्त कोष वित्तीय संस्थाभन्दा भिन्न संस्था हो।

**१७. कर्मचारी कर्जा:**

वित्तीय संस्थाले कर्मचारी कर्जा सुबिधा निर्देशिका, २०७६ अनूरुप कर्मचारीहरुलाई कर्जा प्रदान गरेको छ। कर्जा ब्याजदर ० प्रतिशत देखि १२ प्रतिशत रहेको छ।

**१८. संभावित भैपरी आउने दायित्व:**

संभावित भैपरी आउने बाध्यता वा सम्भवत वित्तीय संस्थाको स्रोतको प्रवाह नहुने वर्तमान दायित्वका लागि वित्तीय संस्थाले संभावित दायित्वको प्रकट गर्दछ ।

**१९. स्थगन कर (Deferred Tax):**

स्थगन कर सम्पत्ति तथा दायित्वलाई वित्तिय बिबरणमा लेखांकित रकम बीचको अस्थायी फरकमा लागु आयकर दरबाट हिसाव गरी खुद स्थगन कर गणना गर्ने गरिएको छ।

अस्थायी फरक उपभोग गर्न सकिने गरी भविष्यमा उपलब्ध हुन सक्ने संभावनाको आधारमा स्थगन करलाई सम्पत्तिमा लेखा राख्ने गरिएको छ।

स्थगन कर सम्पत्ति हिसावमा रहेको रकम बरावर स्थगन कर जगेडा कोष खडा गरिएको छ।

**२०. शेयर निष्काशन खर्च:**

यस वर्ष शेयर निष्काशन खर्च रु २८७,१०० रहेको छ।

**२१. पूर्व संचालन खर्च:**

पूजीगत खर्च रु ३,१०९,७०८ लाई तीन वर्षको अवधिमा अपलेखन गर्ने नीति लिईएको छ। यस वर्ष जम्मा रु १,०३६,५६९ अपलेखन गरिएको छ।

Khatri

नेष्डो समृद्ध लघुवित्त वित्तिय संस्था लिमिटेड
केन्द्रीय कार्यालय, कुश्मा, पर्वत

S. ACHARYA & ASSOCIATES
Kathmandu Nepal
Chartered Accountants

**नेष्डो समृद्ध लघुवित्त वित्तीय संस्था लिमिटेड**
कुस्मा नगरपालिका - ६, पर्वत

**अनुसूची घ ४.२७**

**लेखा सम्बन्धी टिप्पणीहरु**

**१. साधारण जगेडा कोषः**

बैंक तथा वित्तीय संस्था सम्बधी ऐन २०७३ दफा ४४(१) अनुसार आयकर पछाडिको खुद मुनाफाको २० प्रतिशतले हुने रकम साधारण जगेडामा सारिएको छ ।

**२. कर्जा तथा सापटको विवरणः**

| विवरण | रकम रु. |
|---|---|
| गत वर्षको बांकी कर्जा | ३,४७२,०९९,७३८ |
| कर्जा प्रवाह | ४,८६७,२१३,२०० |
| कर्जा असुली | ४,६०९,७९३,४११ |
| जम्मा कर्जा बांकी | ३,७२९,५१९,५२७ |

**३. निक्षेप दायित्वको विवरणः**

| विवरण | रकम रु. |
|---|---|
| गत वर्षको बांकी वचत | २,०८५,९३८,८५२ |
| वचत संकलन | ७३०,३४५,२७८ |
| वचत फिर्ता | ५७३,२३२,२०९ |
| जम्मा वचत बांकी | २,२४३,०५१,९२१ |

४. निक्षेप, वचत तथा सापटी र कर्जा भारित औषत खुद ब्याजदर (Weighted Average Interest Rate Spread) ७.२७ प्रतिशत रहेको छ ।

| विवरण | दर |
|---|---|
| क) ब्याज आर्जन गर्ने सम्पत्ती (कर्जा तथा सापटी, शेयर लगानीमा औसत प्रतिफल) | १४.९१ |
| ख) औसत लागत कोष ( निक्षेप ,कर्जा सापट तथा नेपाल राष्ट्र बैंकको पुनरकर्जा औसत लागत) | ७.६४ |
| खुद औसत (क-ख) | ७.२७ |

**५. अपलेखन गरिएको खर्चको विवरणः**

पूजीगत खर्च रु ३,१०९,७०८ लाई तीन वर्षको अवधिमा अपलेखन गर्ने नीति लिईएको छ । यस वर्ष जम्मा रु १,०३६,५६९ अपलेखन गरिएको छ ।

**६. एकाग्रताको विवरणः**

वित्तिय संस्थाको सम्पत्ति तथा दायित्व सँग सम्बन्धित तथा वासलात बाहिरको कारोबार कुनै एक व्यक्ति, फर्म, संघ संस्था तथा कुनै एक क्षेत्रमा अधिकेन्द्रित भई नेपाल राष्ट्र बैंकको निर्देशनको सिमा भन्दा बढी भएको छैन ।

नेष्डो समृद्ध लघुवित्त वित्तिय संस्था लिमिटेड, केन्द्रिय कार्यालय, कुस्मा, पर्वत

S. ACHARYA & ASSOCIATES, Kathmandu Nepal, Chartered Accountants

**७. सम्पत्ति तथा दायित्वको अन्तराल सम्बन्धी विवरण:**

तरलता सम्बन्धी जोखिम न्युनीकरण गर्न वित्तिय संस्थाले आफ्नो दायित्व तथा सम्पत्तिलाई भुक्तानी अवधि (Maturity Period) को आधारमा विभिन्न समय अन्तरालमा वर्गीकरण गर्नु पर्ने सम्बन्धमा नेपाल राष्ट्र बैंकबाट दिएको निर्देशन तथा सो द्धारा विभिन्न समयमा जारी गरिएको परिपत्र अनुरुप सम्पत्ति तथा दायित्वको वर्गीकरण गरिएको छ ।

**८. आफ्नै धितो सुरक्षणमा लिएको कर्जा तथा सापटीको रकम:**

वित्तीय संस्थाले आफ्नो सम्पत्ति धितो सुरक्षण राखी कुनै कर्जा लिएको छैन ।

**९. गैर बैकिंङ्ग सम्पत्ति सम्बन्धी विवरण:**

२०७८ आषाढ मसान्तसम्म वित्तिय संस्थाले कर्जा असूलीको सिलसिलामा धितो लिलाम बिक्री सकार गर्नु पर्ने अवस्था नआएकोले वित्तिय संस्थाको नाममा गैर बैकिङ्ग सम्पत्ति रहेको छैन ।

**१०. पूँजीको विस्तृत विवरण:**

आ.ब. २०७७/७८ को वित्तीय विवरणमा रहेको पुँजीको विवरण निम्न बमोजिम रहेको छ ।

| पूँजी | रकम रु |
|---|---|
| अधिकृत पूँजी | ५००,०००,००० |
| जारी पूँजी | २५५,०००,००० |
| चूक्ता पूँजी | १७२,१२५,००० |

संस्थामा गत वर्ष जम्मा भएको अग्रिम रुपमा शेयर लगानी रकम (Call In Advance) रु १०२,१२५,००० यस वर्ष चूक्ता पूँजीमा परिणत भएको छ ।

मिति २०७८ चैत्र १३ मा नेपाल स्टक एक्सचेन्ज लि. मा शेयर सुचीकृत पश्चात संस्थापक र सर्वसाधारणको शेयर संरचना ६७.५:३२.५ अनुपातमा रहेको छ । यस वित्तीय संस्थाले २०७८ साल आषाढ मसान्त सम्म सर्वसाधारणको लागि शेयर निष्काशन नगरेकोमा यस वर्ष मिति २०७८ फाल्गुण ११ मा सर्वसाधारणको लागि शेयर निष्काशन गरिएको छ ।

**११. लिजहोल्ड सम्पत्तिको विवरण:**

यस आ.व. मा वित्तीय संस्थाबाट लिजहोल्ड सम्पत्ति लगानी भएको छैन ।

**१२. २०७८ आषाढ मसान्त सम्मको संभावित कर्जा नोक्सानी व्यवस्था विवरण:**

संस्थाले प्रवाह गरेको कर्जा/सापटको साँवा वा ब्याज भुक्तानी हुनु पर्ने भाखा नाघेको अवधिका आधारमा सम्पूर्ण कर्जा सापटलाई देहाय बमोजिम वर्गीकरण गरिएको छ ।

| | |
|---|---|
| (क) असल (Pass) | भाखा ननाघेका र १ महिनासम्म भाखा नाघेका कर्जा/सापट । |
| (ख) सूक्ष्म निगरानी (Watch List): | १ महिनादेखि बढीमा ३ महिनासम्म भाखा नाघेका कर्जा/सापट । |
| (ग) कमसल (Sub-standard) | ३ महिनादेखि बढीमा ६ महिनासम्म भाखा नाघेका कर्जा/सापट । |
| (घ) शंकास्पद (Doubtful) | ६ महिनादेखि बढीमा १ वर्षसम्म भाखा नाघेका कर्जा/सापट । |
| (ङ) खराब (Loss) | १ वर्षभन्दा बढी अवधिले भाखा नाघेका कर्जा/सापट । |

यसरी वर्गीकरण गरिएका कर्जा सापटीको लागि बक्यौता साँवा रकमको आधारमा देहाय बमोजिम कर्जा नोक्सानी व्यवस्था कायम गरिएको छ ।

नेप्डो समृद्ध लघुवित्त वित्तिय संस्था लिमिटेड केन्द्रीय कार्यालय, कुर्मा, पाँचथर

S. Acharya & Associates Chartered Accountants Kathmandu Nepal

| क्र.सं. | कर्जा वर्गीकरण | न्यूनतम कर्जा नोक्सानी व्यवस्था |
|---|---|---|
| (क) | असल | १.३ प्रतिशत |
| (ख) | सूक्ष्म निगरानी | ५ प्रतिशत |
| (ग) | कमसल | २५ प्रतिशत |
| (घ) | शंकास्पद | ५० प्रतिशत |
| (ङ) | खराब | १०० प्रतिशत |

नेपाल राष्ट्र बैंकबाट "घ" बर्गका लघुवित्त बित्तिय संस्थाहरुलाई मिति २०७८/४/११ मा जारी गरिएको निर्देशन, २०७७ मा संसोधन र परिमार्जन अनुरुप संस्थाले असल वर्गमा वर्गिकरण भएका कर्जाको हकमा आ.व. २०७७/७८ को वार्षिक वित्तिय विवरण तयार गर्दादेखि साधारण कर्जा नोक्सानी व्यवस्था १ प्रतिशतको अतिरिक्त ०.३ प्रतिशत थप गरी कुल १.३ प्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गरेको छ ।

संस्थाको २०७८ आषाढ मसान्तको कर्जा वर्गीकरण एवम संभाावित कर्जा नोक्सानी व्यवस्था यस प्रकार रहेको छ ।

| विवरण | कर्जा रकम रु | कर्जा नोक्सानी व्यवस्था (%) | कर्जा नोक्सानी व्यवस्था रकम रु |
|---|---|---|---|
| असल | ३,४५३,५६६,२५७ | १.३% | ४४,८९६,३६१ |
| सुक्ष्म निगरानी | १६,०४०,६९९ | ५% | ८०२,०३५ |
| कमसल | १२,१८५,९८४ | २५% | ३,०४६,४९६ |
| शंकास्पद | ४४,५९८,४३९ | ५०% | २२,२९९,२२० |
| खराब | २०३,१२८,१४८ | १००% | २०३,१२८,१४८ |
| अतिरिक्त कर्जा नोक्सानी व्यवस्था (कर्जा सूचना केन्द्रमा अध्यावधिक नभएको कर्जाको रकममा थप २ प्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गरिएको) | | | २,९२३,८७४ |
| थप अतिरिक्त कर्जा नोक्सानी व्यवस्था | | | ९३,५५८,०२० |
| **जम्मा** | ३,७२९,५१९,५२७ | | **३७०,६५४,१५५** |

संस्थाको आषाढ ३१, २०७८ को कुल कर्जा रकम र कर्जा सूचना केन्द्रमा आषाढ ३१, २०७८ सम्म अध्यावधिक भएको कर्जाको फरक रकममा थप २ प्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गरिएको छ ।

| विवरण | रकम रु |
|---|---|
| संस्थाको आषाढ ३१, २०७८ को कुल कर्जा रकम | ३,७२९,५१९,५२७ |
| कर्जा सूचना केन्द्रमा आषाढ ३१, २०७८ सम्म अध्यावधिक भएको कर्जा | ३,५८३,३२५,८०३ |
| फरक रकम | १४६,१९३,७२४ |
| २% प्रतिशत अतिरिक्त कर्जा नोक्सानी व्यवस्था | २,९२३,८७४ |

यस आ.व. मा संभाावित कर्जा नोक्सानी व्यवस्थाबाट फिर्ता र कर्जामा गरिएको नोक्सानी व्यवस्था निम्नानुसार रहेको छ ।

| विवरण | रकम रु. |
|---|---|
| शूरु मौज्दात रकम | २६९,२०९,६६९ |
| यस बर्षको थप व्यवस्था | १६६,४७८,४३२ |

नेष्डो समृद्ध लघुवित्त वित्तीय संस्था लिमिटेड केन्द्रीय कार्यालय, कुश्मा, पर्वत

S. Acharya & Associates Kathmandu Nepal Chartered Accountants

| | |
|---|---|
| यस वर्षको नोक्सानी व्यवस्था फिर्ता | ६५,०३३,९४६ |
| २०७७ आषाढ मसान्तको जम्मा रकम | ३७०,६५४,१५५ |

**१३. ब्याज आम्दानी तथा ब्याज मुल्तबी**

नेपाल राष्ट्र बैंकको निर्देशिका अनुसार कर्जा तथा सापटबाट आर्जित ब्याज आम्दानीलाई नगद प्राप्तिको आधारमा मात्र आम्दानी देखाउने प्रावधान अनुरुप ब्याज आम्दानीको लेखांकन गरिएको छ । यस आ. ब मा प्राप्त हुन बांकि रकम रु. ८९,०१७,५०४ लाई ब्याज मुल्तवी खातामा लेखांकन गरिएको छ ।

**१४. स्थगन कर सम्पत्ति र दायित्वः**

२०७७ आषाढ मसान्तको स्थगन कर सम्पत्ति र दायित्व हिसाब निम्न बमोजिम रहेको छ ।

| आ.व. | विवरण | किताबि आधार | कर आधार | अस्थायी फरक | करको दर | स्थगन कर दायित्व/सम्पत्ति |
|---|---|---|---|---|---|---|
| ७७।७८ | विदा वापतको व्यवस्था | ८,७६६,४४४ | - | ८,७६६,४४४ | ३०% | २,६२९,९३३ |
| ७७।७८ | उपदान वापतको व्यवस्था | २४,७२३,००० | - | २४,७२३,००० | ३०% | ७,४१६,९०० |
| जम्मा | | | | | | १०,०४६,८३३ |
| जम्मा स्थगन कर सम्पत्ति यस वर्षसम्म | | | | | | १०,०४६,८३३ |
| जम्मा स्थगन कर सम्पत्ति गत वर्षसम्म | | | | | | ७,८६५,७५९ |
| स्थगन कर आम्दानी | | | | | | २,१८१,०७४ |

**१५. ग्राहक संरक्षण कोषः**

नेपाल राष्ट्र बैंकको निर्देशन नं ४.१(ज) अनुसार यस आ.व.मा कर व्यवस्था पश्चात खुद मुनाफाको १ प्रतिशतले हुने रकम रु १,२९७,५३५ ग्राहक संरक्षण कोषमा व्यवस्था गरिएको छ । यस रकमलाई जगेडा तथा कोष अर्न्तगत प्रस्तूत गरिएको छ । कोषको यस वर्षको आम्दानी खर्च विवरण यस प्रकार रहेको छ ।

| क्र.स | विवरण | रकम |
|---|---|---|
| १. | अल्या | १०३,०८१,१३२ |
| २. | अन्य दायित्वमा रहेको रकम यस वर्ष कोषमा थप | २,८१६,९८० |
| ३. | यस आ.व.मा प्राप्त ब्याज थप रकम | - |
| ४. | यस आ.व. नाफाको १ प्रतिशत थप | १,२९७,५३५ |
| ५. | यस आ.व. ग्राहकहरुलाई कोष बाट खर्च | ३,४४९,८६५ |
| ६. | यस आ.व.को अन्त सम्ममा कोषमा | १०३,७४५,७८२ |

आ.व.२०७७/७८ मा ग्राहकहरुको लागी निम्न बमोजिमका सुविधा यस कोष बाट उपलब्ध गरिएको छ :

| क्र.स. | विवरण | रकम |
|---|---|---|
| १ | सदस्य सुत्केरी सुविधा | १८०,००० |

नेष्डो समृद्ध लघुवित्त वित्तिय संस्था लिमिटेड केन्द्रीय कार्यालय, कटुञ्जे, पर्वत

Khatri

S. Acharya & Associates Kathmandu Nepal Chartered Accountants

| | | |
|---|---|---|
| २ | सदस्य दैवी प्रकोप राहत | २३,००० |
| ३ | सदस्य औषधी उपचार सुविधा | ४८,५०० |
| ४ | सदस्य कर्जा मिनाहा सुविधा | २,५३७,९२५ |
| ५ | सदस्य मृत्यु राहत | ६२४,०५० |
| ६ | शैक्षिक सुविधा | १,४४० |
| ७ | सदस्य क्षमता अभिवृद्धि तालिम | ३४,९५० |
| | **जम्मा** | **३,४४९,८६५** |

**१६. संस्थागत सामाजिक उत्तरदायित्व कोष**

नेपाल राष्ट्र बैंकको निर्देशन नं ६.१४ अनुसार यस आ.व.मा कर व्यवस्था पश्चात खुद मुनाफाको १ प्रतिशतले हुने रकम रु १,२९७,५३५ संस्थागत सामाजिक उत्तरदायित्व कोषमा व्यवस्था गरिएको छ । कोषको यस वर्षको आम्दानी खर्च विवरण यस प्रकार रहेको छ ।

| क्र.स | विवरण | रकम |
|---|---|---|
| १ | अल्या | ९७८,८७९ |
| २ | यस आ.व. नाफाको १ प्रतिशत थप | १,२९७,५३५ |
| ३ | यस आ.व.मा कोष बाट खर्च | ९७३,८७९ |
| ४ | यस आ.व.को अन्त सम्ममा कोषमा | १,३०२,५३५ |

**१७. कर्मचारी दक्षता अभिवृद्धि कोष**

नेपाल राष्ट्र बैंकको निर्देशन नं ६.५ अनुसार कर्मचारीको गत वर्षको कुल तलब भत्ताको ३ प्रतिशत (रु ८४,९५४,३३२.८४ को ३%) ले हुन आउने रकम रु २,५४८,६२९.९९ कर्मचारी दक्षता अभिवृद्धि कोषमा व्यवस्था गरिएको छ । कोषको यस वर्षको आम्दानी खर्च विवरण यस प्रकार रहेको छ ।

| क्र.स | विवरण | रकम |
|---|---|---|
| १ | अल्या | २,५४८,६३० |
| २ | यस आ.व.मा थप | २,५४८,६३० |
| ३ | यस आ.व.मा कोष बाट खर्च | १,५७५,६०२ |
| ४ | यस आ.व.को अन्त सम्ममा कोषमा | ३,५२१,६५८ |

**१८. वित्तीय संस्थाले विदेशी मुद्रा कारोबार नगरेको हुदा सटही घटबढ समायोजन व्यवस्था छैन ।**

**१९. कर्मचारी विदा तथा उपदान वापतको व्यवस्था**

यस वर्षको कर्मचारी विदा तथा उपदान वापतको रकम निम्न बमोजिम हिसाब गरी अनुसूची ४.६ मा समेत देखाईएको छ ।

| क्र.सं. | विवरण | कर्मचारी विदा | उपदान |
|---|---|---|---|
| १ | शुरुको व्यवस्था | ५,३१४,२६७ | २१,९४१,५०० |
| २ | यस वर्षको थप व्यवस्था | ३,५१४,९१७ | ३,०९१,७०० |
| ३ | यस वर्षको भुक्तानी रकम | ६२,७४० | ३१०,२०० |
| ४ | यस वर्षको अन्तिम व्यवस्था | ८,७६६,४४४ | २४,७२३,००० |

**२०. प्रस्तावित बोनस शेयर र लाभांश:**

यस आ.व.मा कुनै पनि बोनस शेयर र लाभांश प्रस्ताव गरिएको छैन ।

**२१. संचालक तथा प्रमुख कार्यकारी अधिकृत लाई भुक्तानी**

तलब, भत्ता तथा अन्य सुविधा वापत कार्यकारी अध्यक्ष लाई देहाय बमोजिम पारिश्रमिक तथा अन्य सुविधाहरु उपलब्ध गराईएको छ ।

| विवरण | रकम रु |
|---|---|
| तलब तथा भत्ता | १,९५०,००० |
| कर्मचारी नियमावली बमोजिम बिदा व्यवस्थाको खर्च | १५७,८२४ |
| **जम्मा** | २,१०७,८२४ |

नोट: संस्थाको नियमावली दफा ३२ बमोजिम कार्यकारी प्रमुखको रुपमा कार्यरत कार्यकारी अध्यक्षलाई आ.व २०७७/७८ को पारिश्रमिक भुक्तानी भएको ।

**संचालकलाई भुक्तानी विवरण:**

| विवरण | जम्मा (रु) |
|---|---|
| संचालक बैठक भत्ता | ३४५,००० |
| संचालक अन्य खर्च | ८९,६७० |
| **जम्मा** | ४३४,६७० |
| मर्जर कमिटि बैठक भत्ता खर्च | ८७,६०० |
| **जम्मा** | ५२२,२७० |

**२२. सम्बन्धित पक्षवीचको कारोवार:**

यस वित्तीय संस्थाको सम्बन्धित पक्षवीचको कारोवार निम्न बमोजिम रहेको छ ।

| क्र.सं. | विवरण | रकम रु. |
|---|---|---|
| १. | नेप्डो नेपाललाई भुक्तानी भएको रकम | ४९२,१७४,२२५.३६ |
| २. | प्रभु बैक लि.लाई व्याज तथा सेवा शूल्क भुक्तानी | २,५३५,७२६ |
| ३. | प्रभु बैक लि.बाट लिइएको कर्जा सापटी | १५०,०००,००० |

**२३. अन्तरशाखा मौज्दात:**

यस आ.व.मा अन्तरशाखा मौज्दात शुन्य रहेको छ ।

**२४. न्यूनतम पुजीकोष:**

लघुवित्त वित्तीय संस्थाले आफ्नो कुल जोखिम भारित सम्पत्तिको आधारमा प्राथमिक पुँजी ४.०० प्रतिशत र कुल पुँजीकोष ८.०० प्रतिशत कायम गर्नु पर्नेछ । यस आ.व.मा संस्थाको प्राथमिक पुँजीकोष ११.३३ प्रतिशत र कुल पुँजीकोष १२.५८ प्रतिशत रहेको छ । पूरक पुँजी अर्न्तगत सक्रिय कर्जाको लागि गरिएको कर्जा नोक्सानी व्यवस्था रकम रु ४५,६९८,३९६ रहेको र अतिरिक्त कर्जा नोक्सानी व्यवस्था वापतको रकम रु ९६,४८१,८९५ रहेको तथा जोखिम भारित सम्पत्तिको १.२५ प्रतिशतले हुन आउने रकम रु ४९,४१२,६८० आउने हुदा जोखिम भारित सम्पत्तिको १.२५ प्रतिशतले हुन आउने रकम नै पुरक पुंजी मा समावेस गरिएको छ ।

नेप्डो समृद्ध लघुवित्त वित्तिय संस्था लिमिटेड केन्द्रीय कार्यालय, कुश्मा, पर्वत

SAcharya & Associates Kathmandu Nepal Chartered Accountants

२५. साबिकको नेप्डो नेपालमा अपलेखन गरिएको कर्जा मध्ये यस वर्ष रु १८१,४७० असुली भएको छ । यस आ.व मा असुल उपर हुन बांकी अपलेखन गरिएको कर्जा रकम रु १६,७४०,२४५ रहेको छ ।

२६. नेपाल राष्ट्र बैंकको निर्देशन अनुरुप संस्थाले पेन्सन वचतका नयां कार्यक्रम संचालन गरेको छैन । तर साविकको पेन्सन वचत अर्न्तगत रहेको दायित्वका लागि संस्थाले १३.३ % का दरले ब्याज खर्च लेखी पेन्सन वचत कोषमा जम्मा गर्ने गरेको छ ।

२७. यस वर्ष कमिशन तथा अन्य सञ्चालन आम्दानी अर्न्तगत अन्य शीर्षकमा रु ५००,०२६ आम्दानी रहेको छ । यस अर्न्तगत कर्मचारी बाट फिर्ता रकम, पास बुक तथा पेन्सन कार्ड शूल्क, खाताबन्दी शूल्क, अधिक खर्च लेखिएको आम्दानी बाधिएको रकम रहेको छ ।

२८. संस्थाले सर्म्पक विहिन तथा KYC अद्यावधिक हुन नसकेका सदस्यको वचत रकम रु ९९६,६१९ लाई अन्य दायित्व शीर्षक अर्न्तगत सदस्य हिसाबमा देखाएको छ ।

**२९. कोभिड १९ को असर न्यूनिकरण गर्न नेपाल राष्ट्र बैंकबाट जारी गरेको निर्देशनहरु पालना गरेको । सो सम्वन्धि विवरण निम्नानुसार रहेको छः**

**टेबल १**

| Particulars | As of Asadh end 2078 | |
|---|---|---|
| | No. of Customers. | Amount (NRs. |
| Accrued Interest Received after Asadh end 2078 till 15 Bhadra 2078 | - | - |
| Additional 0.3% Loan Loss Provision created on Pass Loan Portfolio | NA | 10,360,699 |
| Extension of moratorium period of loan provided to Industry or Project under construction | - | - |
| Restructured/Rescheduled Loan with 5% Loan Loss Provision | - | - |
| Enhancement of Working Capital Loan by 20% to COVID affected borrowers | - | - |
| Enhancement of Term Loan by 10% to COVID affected borrowers | - | - |
| Expiry Date of Additional 20% Working Capital Loan (COVID Loan) extended for upto 1 year with 5% provisioning | - | - |
| Expiry Date of Additional 10% Term Loan (COVID Loan) extended for upto 1 year with 5% provisioning | - | - |
| Time Extension provided for repayment of Principal and Interest for upto two years as per clause 41 of NRB Directives 2 | - | - |

**टेबल २**

| Particulars | As of Asadh end 2078 | |
|---|---|---|
| | No. of Customers. | Amount (NRs. |
| Refinance Loan | NA | - |
| Business Continuity Loan | - | - |

**टेबल ३**

| Particulars | As of Asadh end 2078 | |
|---|---|---|
| | No. of Customers. | Amount (NRs. |
| Subsidized Loan | - | - |

*************************

नेप्डो समृद्ध लघुवित्त वित्तिय संस्था लिमिटेड केन्द्रीय कार्यालय, कटुवा, पर्सा

Acharya & Associates Chartered Accountants Kathmandu Nepal

कम्पनी रजिष्ट्रार कार्यालय, दर्ता नं.: १८७५३२/०७४/७५ वित्तीय इजाजत नं.: ने.रा. बैंक/ई.प्रा./"घ"/०८७/०७५/७६

# नेष्डो समृद्ध लघुवित्त वित्तीय संस्था लि.

# NESDO Sambridha Laghubitta Bittiya Sanstha Ltd.

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रियस्तरको वित्तीय संस्था)

केन्द्रिय कार्यालय: कुश्मा नगरपालिका, वडा नं.–६, न्यूरोड, पर्वत, फोन नं.: ०६७–४२०४०६, फ्याक्स नं.: ०६७–४२०९१५

## Unaudited Financial Result (Quarterly)

### As at the end of Third Quarter (2078/12/30) of the Fiscal Year 2078/2079

Rs in '000'

| S.N | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| **1** | **Total Capital & Liabilities (1.1 to 1.7)** | **4,974,350.42** | **4,563,690.01** | **4,672,300.81** |
| 1.1 | Paid Up-Capital | 255,000.00 | 172,125.00 | 172,125.00 |
| 1.2 | Reserve & Surplus | 584,662.02 | 540,381.55 | 460,660.62 |
| 1.3 | Debenture & Bounds | | | |
| 1.4 | Borrowings | 453,439.34 | 333,439.35 | 408,439.34 |
| **1.5** | **Deposits (a+b)** | **2,460,926.58** | **2,371,218.86** | **2,196,914.87** |
| | a.Domestic Currency | 2,460,926.58 | 2,371,218.86 | 2,196,914.87 |
| | b.Foreign Currency | | | |
| **1.6** | **Income Tax Liabilities** | | | |
| 1.7 | **Other Liabilities** | 1,220,322.48 | 1,146,525.25 | 1,434,160.98 |
| **2** | **Total Assets (2.1 to 2.7)** | **4,974,350.42** | **4,563,690.01** | **4,672,300.81** |
| 2.1 | Cash & Bank Balance | 282,830.51 | 251,349.64 | 658,281.41 |
| 2.2 | Money at Call & Short Notice | | | |
| 2.3 | Investment | | | |
| 2.4 | Loan & Advances | 4,554,780.62 | 4,217,316.00 | 3,895,125.42 |
| 2.5 | Fixed Assets | 8,984.74 | 8,984.74 | 11,280.94 |
| 2.6 | Non-Banking Assets | | | |
| 2.7 | Other Assets | 127,754.55 | 86,039.63 | 107.613.04 |
| **3** | **Profit & Loss Account** | | | |
| 3.1 | Interest Income | 441,982.65 | 290,553.00 | 463,713.85 |
| 3.2 | Interest Expenses | 158,429.72 | 102,975.00 | 138,091.19 |
| | **A. Net Interest Income (3.1-3.2)** | **283,552.93** | **187,578.00** | **325,622.66** |
| 3.3 | Fees Commission & Discount | | | |
| 3.4 | Other Operating Income | 72,224.96 | 44,423.00 | 66,768.51 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | | | |
| | **B.Total Operating Income (A+3.3+3.4+3.5)** | **355,777.89** | **232001.00** | **392,391.17** |
| 3.6 | **Staff Expenses** | 65,611.06 | 45,781.82 | 64,840.69 |
| 3.7 | **Other Operating Expenses** | 28,645.12 | 15,466.00 | 17,878.30 |
| | **C. Operating Profit Before Provision (B-3.6-3.7)** | **261,521.71** | **170,753.18** | **309,672.18** |
| 3.8 | Provision for Possible Lossess | | 300.00 | |
| | **D. Operating Profit(C-3.8)** | **261,521.71** | **170,453.18** | **309,672.18** |
| 3.9 | Non-Operating Income/Expenses (Net) | | | |
| 3.10 | Write Back Of Provision for Possible Losses | | | |
| | **E. Profit From Regular Activities (D+3.9+3.10)** | **261,521.71** | **170,453.18** | **309,672.18** |
| 3.11 | Extraordinary Income/Expenses (Net) | | | |
| | **F. Profit Before Bonus & Tax** | **261,521.71** | **170,453.18** | **309,672.18** |
| 3.12 | Provision For Staff Bonus | 26,152.17 | 17,045.00 | 30,967.22 |
| 3.13 | Provision For Tax | 70,610.86 | 46,022.00 | 83,611.49 |
| | **G. Net Profit/Loss** | **164,758.68** | **107,386.18** | **195,093.47** |
| **4** | **Ratios** | | | |
| **4.1** | **Capital Fund to RWA** | 18.98% | 17.43% | 13.81% |
| **4.2** | **Non-Performing Loan (NPL) to Total Loan** | 5.72% | 6.08% | 2.10% |
| **4.3** | **Total Loan Loss Provision to Total NPL** | 167.74% | 145.05% | 285.89% |
| **4.4** | **Cost of Fund** | 10.22% | 9.87% | 9.25% |
| **4.5** | **CD Ratio (Calculated as Per NRB Directives)** | 185.08% | 177.85% | 177.29% |
| | **Interest Rate on Deposit & Loan and Advance** | | | |
| | **Deposit & Saving 4% - 13.3%** | **Loan & Advance - 15%** | | |

Note:
1. The Uaudited Financial Figures may change if directed by the Satutory Audit/Supervisory Authorities .
2. The Previous Period Figures are regrouped and rearranged whenever necessary.
3. Loans & Advances are Presented on Gross Basis and Loan Loss Reserve is Included in other liabilites.

# समृद्धिको कथा

## नेष्डो समृद्धले पम्फा दरैलाई झुपडीवाट पक्की घर वनाउन सक्ने वनायो



म पम्फा दरै तनहुँ जिल्लाको व्यास नगरपालिका वडा नं ७ सिमलटार भन्ने ठाउँमा हाम्रो चार जनाको सानो परीवारसँगै वस्छु। जसमा म, मेरो श्रीमान र दुई छोराहरु छन्। हाम्रो परीवार अत्यन्तै गरीव थियो। हाम्रो घर सानो झुपडी जसमा बाँसको चिम र टिनको छानोको थियो। घर साँघुरो र सानो भएकोले बस्नको लागी अत्यन्तै गाह्रो हन्थ्यो ,श्रीमानको जागीर पेसा केही नभएकोले हाम्रो परीवारमा दुई छाक खान र २ छोराहरु पाल्नको लागी पनि मुस्किल परेको थियो। हामी दुवै जना ज्याला मजदुरी गरेर दैनिक गुजारा चलाउने गर्दथ्यौं। कहिलेकाही विरामी पर्दा र काम नपाउँदा त त्यही दुई छाक खान पनि धौ धौ हुने गर्दथ्यो। गाँउमा दुई चार पैसा कसैले पत्याउदैनथे किनकी कसैको ऋण सापट लिए पछि तिर्ने फिर्ता गर्ने आधार नै थिएन। छोराहरु स्कुल पढ्ने भएका थिए, । उनीरुलाई पढाउने कापी कलम किन्न खर्च समेत गाह्रो भएको थियो। साहुको ऋण बढ्दै गएको , घरको गरीव अबस्था र छोराहरुको भविश्यलाइ हेरेर मेरो श्रीमान् साहुको चर्को ऋण काडेर विदेश जानुभयो। विदेश गएपछि मेरो मनमा आशाहरु पलाए खुसी र हर्ष बढ्दै गएका थिए तर ति खुसीहरु मनको लड्डु जस्तै कल्पना मै सिमित भएर गए किनकी कम्पनी राम्रो नपरेको कारणले मेरो श्रीमान विदेशबाट फर्केर घरमा नै आउनु भयो कमाएर पैसा ल्याउनु त परै जाओस उल्टै ऋण थपियो। यसरी नै तिन पटक सम्म विदेश जाने आउने गर्नु'भयो तर तिन पटक नै कमाई राम्रो भएन ,घरमा नै फर्केर आउनु भयो। झन् हाम्रा दःखका दिनहरु बड्दै गए। झन झन ऋणको भार वढ्दै गयो। परिवार चलाउन झन् झन् गाह्रो हुँदै गयो। मिति २०६४ सालमा राष्ट्रिय शैक्षिक तथा सामाजिक विकास संस्था नेष्डो नेपाल नामक संस्था हाम्रो गाउँमा आएको रहेछ म पनी भेलामा सामेल भएँ र त्यस भेलामा संस्थाको वारेमा बुझदा अत्यन्तै राम्रो र खुसी लाग्यो तर गाँउका छिमेकीले समुहमा नराख्ने पो हुनकी भन्ने डर समेत मनमा लागेको थियो मेरो छिमेकी बैनी अर्थात केन्द्र प्रमख पदमा दरै र कार्यक्रम नै गरीबलाई भएको भएर अन्य छिमेकी साथीहरुले पनि तालिममा सहभागी गराउनु भयो र उक्त तालिममा सामेल हुँदा धेरै कुराहरु सिक्ने र वुझ्ने मौका पाएँ। संस्थाको नीतिनियम, कर्जा र बचतको महत्व आत्मनिर्भर वन्नका संस्थाले दिने सेवा सुविधा लगाएतका कुराहरुले सुन्दा झन खुसी लाग्यो र त्यस पछि सिमलटार महिला स्वाबलम्बन केन्द्र के. नं. ४७ मा आबद्ध भएँ। आवद्ध भएपछि श्रीमान र मेरो सल्लाह बमोजिम कुखुरा पाल्ने निर्णय गरौ। प्रथम कर्जा रु २०००० कर्जा झिकेर सानो कुखुराको खोर बनाएर १०० वटा वोइलर कुखुरा ल्यायौ र कुखुरा पालन गर्न शुरु गर्यौं। हाम्रो मेहनतसँगै कुखुरापालन व्यवसाय राम्रो हुँदै गयो आम्दानी भयो। व्यवसाय राम्रो हुँदै गएकोले हामी दुवै जनाको हौसला बढ्दै गयो र घरमा नै कखरा काट्ने पसल (फ्रेस हाउस) राख्यौ कुखुरा व्यवसाय सफल हुँदै गएपछि श्रीमानको सल्लाह बमोजिम कुखुरामा मात्र होईन वंगुर पनि पाल्ने निर्णय गयौ र २ वटा बंगुरबाट वंगुर व्यबसाय सुरु गर्यौ र वंगुरबाट पनि राम्रो आम्दानी हुँदै गयो र त्यति नै वेला नेष्डोले आबास कर्जा सविधा आएको कुरा जानकारी पायौं हाम्रो घर सानो झुपडी र साँगुरो र कहिलेकाँही परपाहुना (आफन्त ईष्टमित्र) भएकोले आँफूसँग भएको वचत र नेष्डोबाट आवस कर्जा झिकेर घर बनाउने निर्णय गयौं र सोही अनुसार नेष्डोबाट आवास कर्जा रु. १,००,००० रकम झिकेर तीन कोठाको घर बनायौ सुरक्षित पारिवारिक वसाईसँगै अलि महिनाको झण्डै पचास हजार सम्म कमाउन सक्ने भएका छौं अब त छर छिमेकीबाट पनि सरसहयोग आउन थाल्यो हामी अहिले सानो झुपडीवाट सरेर ढलान घरमा बस्न सक्ने भएका छौ, अहिले हामीसँग फ्रेसहाउससँगै, कुखुरा वंगुरपालन गरेका छौ, २ वटा वटा पोखरीमा माछा पनि पालेका छौ, छोराहरुको पढाई पनि राम्रो चलिरहेको छ। पहीला दुई चार पैसा नपत्याउने अवस्थाबाट अहिले अरुलाई पनि आपतविपतमा सहयोग गर्ने अवस्थामा पुगेका छौं। कमजोर आर्थिक अवस्थाको कारण अन्याय पनि सहेर वस्ने अवस्था थियो। गाउँमा ठाडो शिर गरेर हिड्न पनि मुस्किल थियो, विगतमा केही नपाईने मेरो समाज अहिले मसँग गर्ने व्यवहार फेरिएको छ। टोलछिमेकमा केही काम गर्न पर्‍यो भने पनि सरसल्लाह माग्ने गर्नुहुन्छ।

आफनो कमाई वढ्दै जाँदा आजकल सानो आकारको कर्जा मात्र लिने गरेको छु र हाल कुखुरा बंगुर व्यवसायका लागी संस्थावाट २०,००० मात्र कर्जा लिएकी छु भने मेरो संस्थामा ३४०७० वचत जम्मा भएको छ। १५ वर्ष अघि मेरो कठिन अवस्थालाई ऋण दिई केही गर्ने साहस जुटाई दिएकोले नेष्डो समृद्ध संस्था मेरो अभिभावक जस्तै लाग्छ।ज्याला मजदुरीमा नै सिमित भएको मेरो गरीव परिवारलाई सफल व्यवसायी र एउटा झुपडीबाट ढलान घरमा बस्न सक्ने हैसियत बनाउन सहयोग, प्रेरणा दिएकोमा नेष्डो समृद्ध लघुवित्त वित्तिय संस्थालाई धेरै धेरै धन्यवाद दिदै म त भन्छु गरीव विपन्नको लागि नेष्डो सहारा हो भरोसा र अभिभावक हो। सवैलाई म आफ्नो उदाहरण दिदै सवैलाई स्वाबलम्वी बन्नको लागी आग्रह गर्छु।

# समृद्धिको कथा

## नेप्डो समृद्धको विना धितो कर्जा मेहनती पनिसरा नेपालीको लागि एक सहारा वन्यो ।



पाल्पा जिल्लाको अर्चले गाविसमा वि.स २०३७ वैशाख २६मा जन्म भई हाल पाल्पा जिल्ला रामपुर नगरपालिका ४ दर्छा लाकुरीभञ्याङ्गस्थीत एक विपन्न परियारकी वुहारी हुनुहुन्छ। पनिसरा नेपालीको सामान्य खेती किसानी र श्रीमानको इन्डीयामा होटलको जागिरले ८ जना परिवारको खर्च चलिरहेको थियो। श्रीमान् कमाईले चलेका परिवारमा श्रीमान्को क्यान्सर रोगको कारण व्रजपात हुन पुग्यो । श्रीमान क्यान्सरको राम्रो उपचार गराउन नसक्दा २०६४ कार्तिकमा क्यान्सरवाट मृत्यु भयो। श्रीमानको मृत्यु पछि खुसि सकिएको उनको परिवारमा वृद्ध ससुरा, सासु ,३ छोरा १ काखकी छोरीको पालनपोषण, शिक्षा स्वास्था मेरो जिम्मेवारीमा थपियो । एकल महिलाको जिम्मेवारी पारिवारीक खर्च वढदै गयो तर आम्दानी वढ्न नसकेकोले घर चलाउन निकै गाह्रो भयो। परिवारको निर्वाहमुखी कृषि पशुपालन गरेर मेरो परिवारको समस्या दिनदिनै वढ्दै गयो। परिवारमा दैनिक जीविका चलाउन गाह्रो हुँदै गयो।

यस्तै जीवन संर्षषमा गुजरा गरि चल्दै आएको उनको जीवनमा २०६७ जेष्ठ ३ गते एक महत्वपूर्ण दिनको रुपमा रह्यो। सो दिन उ वेलाको नेष्डो नेपाल हालको नेष्डो समृद्ध संस्था रामपुर शाखावाट समाजमा रहेका अतिविपन्न ,वित्तिय सेवावाट वन्चितिमा रहेका महिलाहरुलाई लघुवित्त सेवा दिने उदेश्यले एक भेला मेरो घर नजिकै लाकुरी भञ्याङ्गको भेलामा उनी पनि उपस्थीत उपस्थित भईन। भेलामा कर्मचारीहरुवाट घरदैलेमा नै लघुवित्त सेवा दिन्छ वचत र कर्जा कारोवार यहि केन्द्रमा नै हुने भएपछि उनको र उनको परिवारको लागि धेरै राम्रो लाग्यो। त्यसपछि पनिसरा नेपाली लगायत भेलामा उपस्थित ३५ जना सदस्य संस्थाको लघुवित्त सेवामा आवद्ध हुन इच्छा गरेपछि रामपुर शाखावाट ७ दिनको सेवा प्रवेश पुर्व वित्तिय साक्षरता तालिममा सहभागि भए । तालिममा संस्थाको नितिनियम ,वचत जम्मा गर्ने,वचतमा व्याज ,विनाधितो कर्जा कर्जाको किस्ता मासिक रुपमा किस्ता किस्तामा तिर्न मिल्ने साथै अन्य सुत्केरी सुविधा, छोराछोरीलाई छात्रवृत्ति, भविव्य (श्रीमान् वा आफ्नो मृत्यु हुँदा) मा परिवारलाई क्रिया खर्च जस्ता कल्याणकारी सुविधाहरुका धेरै राम्रो लाग्यो। त्यसपछि २०६७ जेष्ठ १२ गते लाकुरी भञ्याङ्ग महिला व्यावसायिक स्वावलम्वन केन्द्रको नामाकरण गरि केन्द्र नं. २ मा ३५ जनादिदीवहिनीहरु आवद्ध हुनुभयो । नेष्डो समृद्धले तालिमवाट फजुल खर्च कम गर्ने ,कर्जा लिएर व्यावसाय गर्ने, आम्दानीको स्रोत वढाउने जस्ता उत्पेरणाले गर्दा मलाई थप हौसला वढायो। समुहमा आवद्ध सदस्यहरुसंग सल्लाह गरि मरु १००००/– कर्जा लिई वाख्रापालन शुरु गरिन्। पहिलो कर्जाले लगानी गरेको वाख्रापालनले मलाई धेरै राम्रो भयो त्यसपछि फेरी पटक पटक कर्जा लिई व्यवसाय वढाउदै लैजान सफल भईन। रु. १०,००० बाट शुरु गरेको व्यवसाय हाल संस्थावाट रु ५०००००/–कर्जा लिई वाख्रा,भैंसी, एक हलगोरु, कुखुरापालन र ६ रोपनी खेत वन्धकी लिई कृषि व्यावसाय गर्दै आएकीछिन्। अहिले मलाई मेरो परिवारको खर्च, छोराछोरीको पढाई खर्च र वृद्ध सासु ससुराको स्वास्थउपचार सँगै भविष्यको लागि वचत गर्न पनि सफल भएकीछिन्। आफ्नो आम्दानीवाट संस्थाको मासिक किस्ता तिर्दै आएकीछिन्। उनका हाल दुई छोरा जागिर, छोरी ९ कक्षामा अध्ययन गरिरहेका छन। एक छोरा वुहारी र उनी कृषि पशुपालन व्यवसायलाई गर्दै आएका छन्। पनिसरा नेपाली भन्छिन्- कर्जा कारोवार र कर्जा सदुपयोगिताको मेरो ईमान्दारिताले केन्द्रमा दिदीवहिनीहरु र संस्थामा पनि विश्वास वढ्दै गएको छ। मेरो संस्थामा भविष्यको लागि रु ७९११४/– वचत जम्मा गरिकी छु। नेष्डो समृद्धले शाखाको उत्कृष्ठ सदस्यहरुलाई ३९ जनाको अवलोकन भ्रमणको आयोजनामा म पनि असल सदस्यको रुपमा पर्न सफल भएँ। पोखराको अवलोकन भ्रमणवाट पनि धेरै कुराहरु सिक्ने, वुझ्ने मौका मिल्यो। कुनै वेला अरुसंग पैंचो/ सरसापटीवाट चलेको मेरो परिवार आज मेरो मेहनत र संस्थाले गर्दा आएको सकारात्मक परिवर्तन उदाहरण दिने गर्दछु। नेष्डो समृद्धले दिएको सेवासँगै विपन्न महिलाहरुलाई दिने हौसला प्रति म धेरै खुसी छु ।

# ; d[4sf emnsx?


नेपाल राष्ट्र बैंक पोखरा कार्यालयमा अध्यक्ष ज्यूको सपथ ग्रहण


नेपाल राष्ट्र बैंकको संस्थागत निरीक्षण पश्चात संयुक्त बैठक


ग्लोबल आई एम ई सँग आर टि एस सम्झौता


केन्द्र बैठक झलक


सदस्यको समृद्धिको तस्विर


पेन्सन बितरण पश्चातको खुशी


सदस्य प्रतिज्ञा


सदस्यको समृद्धिको तस्विर

# ; d[4sf emnsx?



लघुवित्त सम्मेलनमा प्रबन्ध सञ्चालक ज्यूबाट सम्बोधन गर्दै



दोस्रो वार्षिक साधारण सभाको झलक



शाखा प्रबन्धक स्तरीय समीक्षा गोष्ठी



प्रबन्ध सञ्चालक ज्यूबाट बिरामीलाई फलफुल बितरण गर्दै



कर्मचारीलाई राहत बितरण



कोभिड रोकथाम सामाग्री बितरण



वित्तिय साक्षरता सम्मेलनमा सहभागीहरु

केन्द्रीय कार्यालय
वालुवाटार, काठमाडौं
फोन नं.: ०१ ४४१२८२३
फ्याक्स नं. ०१ ४४१२२२४
E-mail : nrbmfpsd@nrb.org.np
Web site : www.nrb.org.np
पोष्ट बक्स नं.: ७३

# नेपाल राष्ट्र बैंक
## लघुवित्त संस्था सुपरिवेक्षण विभाग

पत्र संख्याः ल.वि./गैरस्थलगत/नेष्डो ०५/२०७८/७९/८०८ मितिः २०७९/०३/०६

**श्री नेष्डो समृद्ध लघुवित्त वित्तीय संस्था लिमिटेड,**
**कुश्मा न.पा. ६, कुश्मा, पर्वत ।**

**विषयः वार्षिक वित्तीय विवरणहरू प्रकाशन गर्न सहमति प्रदान गरिएको सम्बन्धमा ।**

महाशय,

त्यस संस्थाको आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाब, सोसँग सम्बन्धित अनुसूचीहरू, बाह्य लेखापरीक्षकको प्रतिवेदन, लङ्ग फर्म अडिट रिपोर्ट समेतका आधारमा गैरस्थलगत सुपरिवेक्षण गर्दा देखिएका कैफियतहरूका सम्बन्धमा दिइएका देहायका निर्देशनहरू शेयरधनीहरूको जानकारीको लागि संस्थाको वार्षिक प्रतिवेदनको छुट्टै पानामा प्रकाशित तथा कार्यान्वयन गर्ने गरी त्यस संस्थाको वार्षिक साधारण सभा प्रयोजनको लागि आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरणहरू प्रकाशन गर्न सहमति प्रदान गरिएको व्यहोरा निर्णयानुसार अनुरोध गर्दछु ।

(क) संस्था छोडिसकेका कर्मचारीबाट असुल उपर गर्न बाँकी कर्मचारी सापटी यथाशीघ्र असुल गरी जानकारी दिनुहुन ।

(ख) संस्थाको कर्जा व्यवस्थापनमा देखिएका विभिन्न कमीकमजोरी समयमै सुधार गरी संस्थाको कर्जा व्यवस्थापनलाई चुस्त दुरुस्त बनाउनु हुन ।

(ग) यस बैंकबाट लघुवित्त वित्तीय संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशन, २०७८ को निर्देशन नं. ४/०७८ को बुँदा नं. १ को उपबुँदा (ज) (आ) मा भएको व्यवस्था बमोजिम संस्थाको ग्राहक संरक्षण कोषमा खर्च नभई बाँकी रहेको सबै रकम Earmark गरी लगानी गर्ने व्यवस्था मिलाउनु हुन ।

(घ) यस बैंकबाट लघुवित्त वित्तीय संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशन, २०७८ को निर्देशन नं. १८/०७८ को बुँदा नं. ७ को उपबुँदा ४ र ५ मा भएको व्यवस्था बमोजिम संस्थाले जोखिम मूल्याङ्कन प्रतिवेदन तयार गरी तोकिएको समयमा यस बैंकमा पेश गर्ने व्यवस्था मिलाउनु हुन ।

(ङ) यस बैंकबाट लघुवित्त वित्तीय संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशन, २०७८ को निर्देशन नं. ११/०७८ को बुँदा नं. २.२ बमोजिम संस्थाले प्रवाह गरी बाँकी रहेका कर्जाका ऋणी (ग्राहक) सम्बन्धी विवरण कर्जा सूचना केन्द्रमा पूर्ण रूपमा अद्यावधिक गर्ने गर्नुहुन ।

(च) यस बैंकको स्थलगत निरीक्षण एवं गैरस्थलगत सुपरिवेक्षणको क्रममा देखिएका कैफियतहरू सुधारका सम्बन्धमा संस्थालाई दिइएका परिपालना गर्न बाँकी रहेका निर्देशनहरूको समयमा नै परिपालना गरी आन्तरिक लेखापरीक्षण तथा बाह्य लेखापरीक्षणबाट औंल्याइएका थप अन्य कैफियतहरू पुनः नदोहोरिने गरी सुधार गर्नुहुन ।

भवदीय,

२०७९/०३/०६

(रामकाजी खाइजू)
उप-निर्देशक

**बोधार्थः**

१. नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
२. लघुवित्त संस्था सुपरिवेक्षण विभाग, कार्यान्वयन इकाई ।

कम्पनी रजिष्ट्रार कार्यालय, दर्ता नं.:१८७५३२/०७४/७५
इजाजत नं.: ने.रा.वैंक/ई.प्रा./"घ"/०८७/०७५/७६

नेष्डो समृद्ध लघुवित्त वित्तीय संस्था लि.
NESDO Sambridha Laghubitta Bittiya Sanstha Ltd.

केन्द्रिय कार्यालयः
कुश्मा नगरपालिका-६,
न्यूरोड पर्वत,
फोनः६७-४२०४०६
फ्याक्सः ४६०६१५

## नेपाल राष्ट्र बैंकवाट वित्तीय विवरणहरु प्रकाशन गर्न सहमती प्रदान गर्ने सन्दर्भमा दिइएका निर्देशनको सम्वन्धमा संस्था व्यवस्थापनको प्रतिक्रिया

यस संस्थाको आर्थिक वर्ष २०७७/७८ को लेखा परीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव, सोसंग सम्वन्धित अनसुचीहरु, वाह्य लेखा परिक्षकको प्रतिवेदन, लङ्गफर्म अडिट रिपोट समेतका आधारमा गैर स्थलगत सुपरिवेक्षण गर्दा देखिएका कैफियतहरुका सम्वन्धमा दिइएका देहाएका निर्देशनहरु शेयरधनीहरुको जानकारीको लागि संस्थाको वार्षिक प्रतिवेदनको छुट्टै पानामा प्रकाशित तथा कार्यान्वन गर्ने गरी त्यस संस्थाको वार्षिक साधारण सभा प्रयोजनको लागि आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरणहरु प्रकाशन गर्न सहमति प्रदान गरिएको सम्वन्धमा संस्था व्यवस्थापनको प्रतिक्रिया/प्रतिवद्धता निम्नानुसार रहेको व्यहोरा जानकारीको लागि अनुरोध छ:-

(क) **"संस्था छोडी सकेका कर्मचारीवाट असुल उपर गर्न बाँकी कर्मचारी सापटी यथाशीघ्र असुल गरी जानकारी दिनु हुन" भन्ने** निर्देशनको सम्वन्धमा संस्था छोडी सकेका कर्मचारीवाट असुल उपर गर्नुपर्ने सम्पूर्ण कर्मचारी कर्जा सापटी असुल उपर भई सकेको व्यहोरा नेपाल राष्ट्र बैंकलाई जानकारी गराउने ।

(ख) **"संस्थाको कर्जा व्यवस्थापनमा देखिएका विभिन्न कमीकमजोरी समयमै सुधार गरी संस्थाको कर्जा व्यवस्थापनलाई चुस्त दुरुस्त वनाउनु हुन"** भन्ने निर्देशनको सम्वन्धमा विगतमा कोभिड लगायतका विभिन्न प्रकोपको कारणले भाका नाघेको कर्जालाई क्रमशः असुलउपर गर्ने पहल भई रहेको, कर्जाको गुणस्तर कायम गर्न कर्जा विश्लेषण, कर्जा सदुपयोगिता जाँच लगायतका कुराहरुलाई विशेष जोड दिइएको जानकारी गराउँदै नेपाल राष्ट्र बैंकको निर्देशनलाई संवेदनशिल रुपमा लिई अगाडी वढने ।

ग) **"नेपाल राष्ट्र बैंकवाट लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७८ को निर्देशन नं. ४/०७८ को वुँदा नं. १ को उपवुँदा (ज) (आ) मा भएको व्यवस्था बमोजिम संस्थाको ग्राहक संरक्षण कोषमा खर्च नभई बाँकी रहेको सवै रकम Earmark गरी लगानी गर्ने व्यवस्था मिलाउनु हुन"** भन्ने निर्देशनका सम्वन्धमा के भएको हो? अध्ययन, विश्लेषण गरी निर्देशनको कार्यन्वयन गरी नेपाल राष्ट्र बैंकलाई जानकारी गराउने ।

घ) **"नेपाल राष्ट्र बैंकवाट लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७८ को निर्देशन नं. १८/०७८ को वुँदा नं. ७ को उपवुँदा ४ र ५ मा भएको व्यवस्था बमोजिम संस्थाले जोखिम मुल्याङ्कन प्रतिवेदन तयार गरी तोकिएको समयमा यस बैंकमा पेश गर्ने व्यवस्था मिलाउनु हुन"** भन्ने निर्देशनलाई तुरुन्त पालना गरी सो को प्रतिवेदन तयार गरी नेपाल राष्ट्र बैंकमा पठाउने ।

ङ) **"नेपाल राष्ट्र बैंकवाट लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७८ को निर्देशन नं. ११/०७८ को वुँदा नं. २.२ बमोजिम संस्थाले प्रवाह गरी बाँकी रहेका कर्जाका ऋणी (ग्राहक) सम्वन्धि विवरण कर्जा सुचना केन्द्रमा पुर्ण रुपमा अद्यावधिक गर्नुहुन"** भन्ने निर्देशनको सम्वन्धमा निर्देशनको तुरुन्त पालना गर्न/गराउन सवै शाखालाई समेत पत्रचार गर्ने तथा निर्देशन बमोजिम नियमित अद्यावधिक गर्ने/गराउने ।

च) **"यस बैंकको स्थलगत निरीक्षण एवम् गैर स्थलगत सुपरिवेक्षणको क्रममा देखिएका कैफियतहरु सुधारका सम्वन्धमा संस्थालाई दिइएका परिपालना गर्न बाँकी रहेका निर्देशनको समयमा नै परिपालना गरी आन्तरिक लेखापरीक्षण तथा वाह्य लेखापरीक्षणबाट औल्याइएका थप अन्य कैफियतहरु पुनः नदोहोरिने गरी सुधार गर्नु हुन"** भन्ने निर्देशनको सम्वन्धमा संस्था संवेदनशिल रही कैफियत सुधारको लागि पहल गर्ने तथा निर्देशनको पालना तथा कैफियत सुधारको लागि निकट भविस्यमा अपसाईट सुपरभिजन तथा कार्यान्वयन विभाग गठनको लागि पहल गर्ने व्यहोरा नेपाल राष्ट्र बैंकलाई जानकारी गराउने ।

(विश्व प्रकाश प्रसाई)
प्रवन्ध सञ्चालक

# शाखा कार्यालय

| शाखा | ठेगाना | फोन |
|---|---|---|
| कुश्मा शाखा | कु.न.पा.-६, पर्वत | ☎: ०६७-४२००६० |
| पोखरा शाखा | पो.म.न.पा.-९, कास्की | ☎: ०६१-५७४९०८ |
| लेखनाथ शाखा | पो.म.न.पा.-२७, कास्की | ☎: ०६१-५६४७१६ |
| दमौली शाखा | ब्यास न.पा.-८, तनहूँ | ☎: ०६५-५६४७७१ |
| डुम्रे शाखा | बन्दिपुर गा.पा.-४, तनहूँ | ☎: ०६५-५८०१८६ |
| बेनी शाखा | बेनी न.पा.-८, म्याग्दी | ☎: ०६९-५२१०२३ |
| नौडाँडा शाखा | अ.गा.पा.-१, कास्की | ☎: ०६१-४१४०२३ |
| बेसीसहर शाखा | बे.न.पा.-७, लमजुङ्ग | ☎: ०६६-५२०८०८ |
| पातीचौर शाखा | मोदी गा.पा.-२, पर्वत | ☎: ०६७-४१००४९ |
| रामपुर शाखा | रामपुर न.पा.-५, पाल्पा | ☎: ०७५-४०००२९ |
| कावासोती शाखा | का.न.पा.-३, नवलपुर | ☎: ०७८-५४१०८६ |
| सुनवल शाखा | सु.न.पा.-४, नवलपरासी | ☎: ०७८-५७०५०९ |
| भोटेओढार शाखा | सुन्दर ब.न.पा.-९, लमजुङ्ग | ☎: ०६६-४००१२३ |
| वालिङ्ग शाखा | वालिङ्ग न.पा.-८, स्याङ्जा | ☎: ०६३-४४०५९३ |
| पाल्पा शाखा | तानसेन न.पा.-४, पाल्पा | ☎: ०७५-५२०३४२ |
| दुईपिप्ले शाखा | म.ने.न.पा.-४, लमजुङ्ग | ✆: ९८४६०६३४३३ |
| गोरखा शाखा | गोरखा न.पा.-८, गोरखा | ☎: ०६४-४२१४७५ |
| खैरेनीटार शाखा | शु.ग.न.पा.-६, तनहूँ | ☎: ०६५-५७०७७६ |
| चनौली शाखा | भ.म.न.पा.-१८, चितवन | ☎: ०५६-५९२१४७ |
| भरतपुर शाखा | भ.म.न.पा.-९, चितवन | ☎: ०५६-५९६८९३ |
| टाँडी शाखा | र.न.न.पा.-१, चितवन | ☎: ०५६-५६३४३९ |
| हुवास शाखा | पैंयू.गा.पा.-४, पर्वत | ☎: ०६७-४११०७६ |
| गलकोट शाखा | ग.न.पा.-३, बाग्लङ्ग | ☎: ०६८-४१२०३१ |
| खर्बाङ शाखा | ब.गा.गा.पा.-२, बाग्लुङ्ग | ☎: ०७९-४१२१२६ |
| बिरौटा शाखा | पो.म.न.पा.-१७, कास्की | ☎: ०६१-४१००९३ |
| भण्डारा शाखा | राप्ती न.पा.-५, चितवन | ☎: ०५६-५५०५९५ |
| बेलाटारी शाखा | प्र.पु.न.पा.-९, नवलपरासी | ☎: ०७८-४१९०८९ |
| मुग्लिङ्ग शाखा | ई.का.गा.पा.-५, चितवन | ☎: ०५६-५४०११५ |
| फलेवास शाखा | फलेवास न.पा.-६, पर्वत | ☎: ०६७-४३००४३ |
| दरवाङ शाखा | मालिका गा.पा.-६, म्याग्दी | ☎: ०६९-४२०००३ |
| गल्याङ शाखा | गल्याङ न.पा.-३, स्याङ्जा | ☎: ०६३-४६१३७३ |
| चापाकोट शाखा | चा.न.पा.-९, स्याङ्जा | ☎: ०६३-४१११२५ |
| डेढगाउँ शाखा | बु.का.गा.पा.-२, नवलपुर | ✆: ९८४७३०८७८० |
| भिमाद शाखा | भिमाद न.पा.-६, तनहूँ | ☎: ०६५-५७२३५२ |
| करापुटार शाखा | म.ने.न.पा.-७, लमजुङ्ग | ☎: ०६६-४१०१५८ |
| ध्यालचोक शाखा | गण्डकी गा.पा.-८, गोरखा | ☎: ०१०-४१६०८० |
| थापाठाना शाखा | फलेवास न.पा.-२, पर्वत | ✆: ९८४७६४७२३८ |
| माडी शाखा | माडी न.पा.-३, चितवन | ☎: ०५६-५०१०४२ |
| अरूणखोला शाखा | म.बि.न.पा.-१०, नवलपुर | ☎: ०७८-५५५११० |
| परासी शाखा | रामग्राम न.पा.-४, नवलपरासी | ☎: ०७८-५२०६११ |
| अमरापुरी शाखा | गैंडाकोटन.पा.-१६, नवलपुर | ✆: ९८६७२२३३८५ |
| पार्वतीपुर शाखा | भ.म.न.पा.-२१, चितवन | ✆: ९८४५५१९१५६ |
| सेतीबेनी शाखा | बिहादी गा.पा.-६, पर्वत | ✆: ९८५७०६८५७४ |
| अर्गली शाखा | तानसेन न.पा.-१४, पाल्पा | ✆: ९८४७६५१५५७ |
| छहरा शाखा | रैनादेवी छ.गा.पा.-४, पाल्पा | ✆: ९८६७६७०९४३ |
| हेमजा शाखा | पो.म.न.पा.-२५, कास्की | ☎: ०६१-४००५७१ |
| लामाचौर शाखा | पो.म.न.पा.-१६, कास्की | ☎: ०६१-४४२५२४ |
| कालिका शाखा | कालिका न.पा.-७, चितवन | ☎: ०५६-५९४००४ |
| स्याङ्जा शाखा | पु.न.पा.-१, स्याङ्जा | ☎: ०६३-४२४८३६ |
| बर्दघाट शाखा | ब.न.पा.-४, नवलपरासी | ☎: ०७८-५८०७६२ |
| बाग्लुङ्ग शाखा | बा.न.पा.-३, बाग्लुङ्ग | ☎: ०६८-५२२७३६ |
| बुर्तिवाङ शाखा | ढो.पा.न.पा.-१, बाग्लुङ्ग | ☎: ०६८-४१००९३ |
| लुङ्खु शाखा | महाशिला गा.पा.-५, पर्वत | ✆: ९८६९७१९६८८ |
| आरूघाट शाखा | आरुघाट न.पा.-४, गोरखा | ☎: ०६४-४१०१७५ |
| ठाँटीपोखरी शाखा | पा.न.पा.-५, गोरखा | ☎: ०६४-४०००८५ |
| पर्सा शाखा | खैरहनी न.पा.-८, चितवन | ☎: ०५६-५८२४६४ |

# टिपोट

# नेष्डो समृद्ध लघुवित्त वित्तीय संस्था लि.

केन्द्रीय कार्यालय, कुश्मा पर्वत

## व्यवस्थापन समुह



विश्व प्रकाश प्रसाई ठकुरी
प्रबन्ध सञ्चालक



युधिष्ठिर भुषाल
वरिष्ठ प्रबन्धक



नारायण प्रसाद प्रसाई
प्रबन्धक



कमल प्रसाद शर्मा
सहायक प्रबन्धक



उत्तम प्रसाद अधिकारी
सहायक प्रबन्धक

## व्यवस्थापन सहायक समुह



शान्ति शर्मा
अधिकृत



रामचन्द्र गौतम
सहायक अधिकृत



ईश्वरी प्रसाद शर्मा
सहायक अधिकृत



अनिता सोती
कनिष्ठ अधिकृत



खिममाया पाईजा गिरी
कनिष्ठ अधिकृत



सन्ध्या हमाल
कनिष्ठ अधिकृत



"OUR FIGHT AGAINST POVERTY"
WILL CONTINUE TILL POVERTY
EXITS IN NEPAL.

*- Bishwa Prakash Prasai*
*Charter President*

नेष्डो समृद्ध लघुवित्त वित्तीय संस्था लि.

NESDO SAMBRIDHA LAGHUBITTA BITTIYA SANSTHA LTD.

Born To Serve


**CENTRAL OFFICE:**

Kushma Municipality-06, Newroad, Kushma, Parbat
Gandaki Province
Ph. No.: 067-420406, 420915, Fax: 067-420803
E-mail: nesdosmfi@gmail.com
Website: www.slbs.nesdonepal.org